
# बेथलेहेम मण्डली स्मारिका
# BETHLEHEM CHURCH SOUVENIR

रजत महोत्सव

2053 25 YEARS 2078

SILVER JUBILEE



२०७८

We would like to extend
our joyous congratulations to Bethlehem Church Nepal
for faithfully serving the Lord in the past 25 years.
Your commitment to the expansion of God's Kingdom in Nepal and
your love for people is exemplary. As we celebrate this milestone with you,
we pray that the Lord would continue to bless you as
we continue to transform lives for the glory of God.

*Happy 25th Anniversary!*

- Center for Holistic Development Nepal

## Center for Holistic Development Nepal

Training Leaders and Reaching the Unreached




### *Programs and Services*

**Leadership Development**
- *Discipleship/Mentoring*
- *Community Development*
- *Servant-Steward*

**Community Outreach**
- *Disaster Relief*
- *Medical Clinic*
- *Counseling*
- *Evangelism*
- *Vocational Training etc.*

For more details:

- Dr. **Kumar** Aryal

*holisticdevnepal@gmail.com*

# बधाई तथा शुभकामना !

नेपाली क्रिस्चियन जगतमा बेथलेहेम मन्डली नेपालले परमेश्वरबाट पाएको बोलावटलाई आत्मसाथ गर्दै नेपालका विभिन्न क्षेत्रहरूमा मन्डली स्थापना, चेलापन र अगुवाहरूको निर्माण गरी सेवकाइको दायरा अगाडि बढाइरहेको देख्दा हृदय चौडा भएर आउँछ । यस मन्डलीले सेवकाइको कामलाई शीर्ष स्थानमा राखी निरन्तर सेवा गरिरहेको प्रष्ट छ, जसको प्रतिफल स्वरूप आज यस मन्डली २५औं वर्षको इतिहास बनाउन सफल भएको छ । आराधना मन्डली परिवारले बेथलेहेम मन्डली नेपालको लागि निरन्तर प्रगति, सेवकाइमा वृद्धि-विकास र अरू मन्डलीको लागि सधैं प्रेरणाको स्रोत बनिरहोस् भनी प्रार्थना गरिरहने छ । परमेश्वरले यस मन्डलीलाई आशिषको मूल बनाउनुभएको होस् भन्दै २५औं वर्षगाँठको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछ ।



# United Nepali Revival Church London UK

**Charity Reg No.1196468**

Address: Sudbury Methodist Church 809 Harrow Road postcode HA0 2LP

website: unrcw.webs.com / Email: unrchurch@gmail.com




# हार्दिक शुभकामना !

सर्वशक्तिमान् परमेश्वरको नाउँमा अभिवादन एवम जयमसिह ! यस बेथलेहेम मन्डलीका संस्थापक पास्टर दिनेश सुनुवारलगायत सम्पूर्ण पवित्र जनहरूमा आफ्नो स्थापना एवम सेवकाइको दौरानमा २५ औं वर्षको उपलक्षमा मनाउन लागेको रजत महोत्सवको अवसरमा परमेश्वरको विश्वसनीयता एवम उहाँको प्रयोजनको स्मरण गर्न लागेको खबरले एकीकृत नेपाली जागृति मन्डली लन्डन बेलायत अत्यन्तै हर्षित भएका छौं र हार्दिक बधाई व्यक्त गर्दछौं । यस काठमाडौं बेथलेहेम मन्डली परिवारमा ऐतिहसिक उपलब्धीको निम्ति पनि हार्दिक बधाई एवम शुभकामना दिन चाहन्छौं । यस बेथलहेम मन्डलीले गरेका आत्मिक प्रगति झुण्डहरू जस्तै रामेछाप, ओखलढुङ्गा, दोलखा, सिन्धुली, धनकुटा, उदयपुर र काठमाडौं क्षेत्रमा सेवा सञ्चालन गर्दै आएको हुनाले हामी गर्व र खुसी व्यक्त गर्दै यहाँहरूको सेवकाइ अगाडि बढोस् परमेश्वरको साथ रहोस् र खुसी व्यक्त गर्दछौं । अन्त्यमा, यस बेथलेहेम मन्डली स्थापना काल देखिका सम्पूर्ण पूर्व पदाधिकारी एवम कार्य समितिका अगुवाहरू हालका कार्य समितिका अगुवाज्यूहरू एवम सम्पूर्ण बेथलेहेम मन्डली परिवारमा यस रजत महोत्सवको उपलक्ष्यमा हार्दिक बधाई एवम आगामी दिनको निम्ति पनि सफलता र आशिष मिलोस् साथै हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**पास्टर साइमन सुनुवार**

एकीकृत नेपाली जागृति मन्डली लन्डन बेलायत

# बधाई तथा शुभकामना !

बेथलेहम मन्डली नेपाल  स्थापना भएको २५औं वर्ष पूरा भएको कुरा आदरणीय पास्टर दिनेश सुनुवारज्यू बाट जानकारी पाउँदा अत्यन्त खुसी लाग्यो र हाम्रो जीवित परमेश्वरलाई धन्यवाद नदी बस्न सकेनौं । मन्डली स्थापना दिवसको सुखद अवसरमा सम्पूर्ण मन्डली परिवारलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छौं । साथै, नेपालको मन्डलीको इतिहासमा बेथलेहम चर्च नेपालले महत्वपूर्ण योगदान पुर्‍याउँदै २५औं वर्ष पूरा गर्नुभएको छ । हार्दिक शुभकामनासहित उत्तरोत्तर प्रगति र सफलताको लागि हामी टोकियो नेपाली चर्च जापान परिवार निरन्तर प्रार्थना गरिरहने छौं !




**Tokyo Nepali Church Japan**
Address: Sinagawa Ku -Osaki, Tokyo -Japan
Email: tokyonepalichurch@gmail.com

# बधाई तथा शुभकामना !

यस बेथलेहेम मन्डली नेपालले नयाँ युगको घडी लिएर, यो नयाँ वार्षिकोत्सव नयाँ सिजनको आशीर्वादको साथ मन्डली परिवारमा आओस्, मन्डलीको सक्रिय अगुवाहरूको शक्ति नवीकरण होस्, र तिनीहरूको जीवनमा परमेश्वरको अनुग्रह धेरै बढोस् ।

१ कोरिन्थी ३:९ पद अनुसार, तपाई मन्डलीको सम्पूर्ण अगुवाहरू परमेश्वरको सहकर्मी वा साझेदार हुनुहुन्छ। त्यसैले "यदि परमेश्वर तपाईंको साझेदार वा सहकर्मी हुनुहुन्छ भने, तपाईंको योजनाहरू लाई ठूलो बनाउनुहोस्"! ("If God is your partner, make your plans BIG!" - D.L. Moody). जसरी तपाईंहरूले किसान अथवा कारिगरको जिम्मेवारी प्राप्त गर्नुभएको छ, त्यसलाई विश्वासयोग्य तवरले निरन्तर रूपमा निभाउनुहोस् ।

साथै, मन्डलीको विश्वासी (सदस्य) हरूचाहिँ खेत (जमिन, भूमि) अथवा भवन हुनुभएकोले तपाईंहरूको जीवनबाट निरन्तर फल फलाउने र उचाइमा पुग्ने जीवन भएको होस् । किनकि "केही अईसाईहरूले सधैं पढ्ने बाइबल तपाईंनै हुनुहुन्छ" ।("You are the only Bible some unbelievers will ever read."- John MacArthur).

तपाईंको चर्चले अर्को माइलस्टोनमा पुग्दा यस दिनमा परमेश्वर मुस्कुराउँदै हुनुहुन्छ भनेर जान्नुहोस् । उहाँ को नामको सम्मानमा गरेको कुनै पनि काम कहिल्यै व्यर्थ हुने छैन । मन्डली वार्षिकोत्सव (रजत–महोत्सव) को शुभकामना !



**एल्डर कुमार आले मगर "बोअज"**
नेपाली चर्च रोमानिया परिवार, बुकरेस्ट, रोमानिया

# बेथलेहेम मन्डली स्मारिका


**बेथलेहेम मन्डली नेपाल**
**रजत महोत्सव तथा स्मारिका**
**प्रकाशन समिती**

**संरक्षक/सल्लाहकार**
वरिष्ठ पास्टर दिनेश सुनुवार

**संयोजक/सम्पादक**
पास्टर नहकुल पेमा तामाङ

**सह-सम्पादक**
पास्टर पूर्ण बहादुर बिसुन्खे

**भाषा सम्पादन**
राम प्रसाद अधिकारी

**कोषाध्यक्ष**
श्रीमती सिर्जन राई

**विषेश सहयोगीहरु**
पास्टर कमल बहादुर बिसुन्खे
पास्टर नारायण श्रेष्ठ
श्री राजु राई

**प्रकाशक**
बेथलेहेम मन्डली नेपाल
केन्द्रीय समिति

**डिजाइन तथा लेआउट**
उज्ज्वल महर्जन

**मुद्रण**
डिजाईन फोलियो प्रा. लि.
अनामनगर-२९, काठमाडौं


**क्र.सं.** **विषय**


१. बेथलेहेम मन्डलीको पृष्ठभूमि - **पा. नहकुल तामाङ**
२. बेथलेहेम मन्डली केद्रीय समिति तथा सल्लाहकार
३. शुभकामना- नेपाल राष्ट्रिय मन्डली संगति
४. आराधना मन्डलीको नजरमा पास्टर दिनेश- **रेभ. पा. हनोक तामाङ**
५. अतीतका ती दिनहरु - **रेभ. पा. निकानोर तामाङ परिवार**
६. शुभकामना- **मुख्य मन्त्री राजेन्द्र पाण्डे**
७. जीवन यात्रा - **पास्टर दिनेश सुनुवार**
८. शुभकामना - **नेपाल खीष्ट्रियन समाज**
९. बेथलेहेम मन्डलीहरुको इतिहासः **भाग १**
१०. पास्टरीय सेवामा खेपेका चुनौतीहरु- **पा. दिनेश सुनुवार**
११. बेथलेहेम मन्डली बृद्धिमा पहिलो पुस्ताको योगदान- **पा. कृष्ण सुनुवार**
१२. शुभकामना- राष्ट्रिय खीष्ट्रियन माहासंघ, नेपाल
१३. बेथलेहेम मन्डलीहरुको इतिहासः **भाग २**
१४. पास्टर दिनेश..असल सुसमाचार पनि हुनुभयो- **ए. मिलन अधिकारी**
१५. मैले चिनेको पास्टर दिनेश- **रेभ. पास्टर ज्ञान बहादुर सुनुवार**
१६. बेथलेहेम मन्डलीहरुको इतिहासः **भाग ३**
१७. शुभकामना- बाइबल सोसाइटी र आशिष प्रेस्बिटेरियन मण्डली
१८. पास्टर दिनेश, मेरो हितैषी मित्र- **पा. अशोक अधिकारी**
१९. बेथलेहेम मन्डली र पास्टर दिनेशको सेवाकाइ- **रेभ. पा. मित्र सुनुवार**
२०. बेथलेहेम मन्डली बृद्धिमा तालिमको भुमिका- **पा. आङ छिरिङ तामाङ**
२१. बेथलेहेम संयुक्त जवान संगति- **लोकेन्द्र र शमुएल**
२२. यात्रा स्पर्श- **खुपेन सुनुवार**
२३. 'फलानोको कारणले म चर्च जान्नँ' नभन्नुहोस्- **पा. गणेश तामाङ**
२४. मन्डली वृद्धिको रणनीति- **पा. डा. आनन्द तामाङ**
२५. नेपालमा धर्म निरपेक्षता र धार्मिक अधिकार- **अधिवक्ता महादेव बानिया**
२६. शुभकामना- **साहित्यकार लोकनाथ मनेन**
२७. बेथलेहेम मन्डलीमा सङ्गतिको अनुभव- **श्री दानिएल गिरी**
२८. सहकार्यको एक उत्कृष्ट नमुणा- **पा. प्रेम श्रेष्ठ**
२९. बेथलेहेम मन्डली नेपालको भविष्य- **पा. नहकुल तामाङ**
३०. येशु जिवन दाता कविता- **राजकुमार विसुन्खे**
३१. कविता- **संगिता सुनुवार**
३२. समर्पणको गीत- **पा. नोएल राई**

# बेथलेहेम मन्डली नेपालको पृष्ठभूमि

बेथलेहेम मन्डली एक सुसमाचारीय मन्डली हो । यो रामेछाप जिल्लाको भुजी गा. वि. स. ३, हाल उमाकुण्ड गाउँपालिका-७, ठिन्केपुमा वि.स. २०५३ सालमा सुरु भएर हाल काठमाडौंलगायत विभिन्न जिल्लाहरूमा अवस्थित छन् । यस मन्डलीको संस्थापक पास्टर धन बहादुर (दिनेश) सुनुवार हुनुहुन्छ । काठमाडौंको मन्डली पछि सुरुवात भए तापनि संस्थापक पास्टर दिनेश सुनुवारकै नेतृत्वमा सुरुवात भएकोले गर्दा बेथलेहेम काठमाडौं मन्डलीलाई केन्द्रीय तथा मुख्य मन्डलीको रूपमा मानिन्छ । मन्डलीहरू स्थापना गर्ने क्रममा हालसम्म पैंतिसवटा मन्डली तथा सङ्गतिहरू स्थापना भइसकेका छन् । मन्डलीहरू तीव्र गतिमा वृद्धि भएकोले यसलाई बाइबलीय शिक्षाअनुरूप नेतृत्व गर्नको निम्ति पास्टरहरूका एक केन्द्रीय स्तरको १५ जनाको सञ्चालक समिति गठन गरिएको छ जसमा ४ जना सल्लाहकारहरु पनि रहेको छ । यसै केन्द्रीय समितिले सम्पूर्ण बेथलेहेम मन्डलीहरूलाई नेतृत्व गर्ने भएकोले यसको आधिकारिक नाम र छाप बेथलेहेम मन्डली नेपाल राखिएको हो । त्यसै गरी प्रत्येक स्थानीय मन्डलीमा स्थानीय स्तरको पास्टर तथा अगुवाहरूका स्थानीय मन्डली समिति पनि छ । स्थानीय मन्डलीको सञ्चालन गर्ने काम यी स्थानीय मन्डलीले नै गर्दछन् भने सम्पूर्ण मन्डलीहरूलाई एकीकृत रूपमा अगाडि बढाउने र मुख्य सवालहरू केन्द्रीय समितिले गर्दछ । केन्द्रीय समितिको सदस्यहरू केन्द्रीय मन्डलीको पास्टरको अध्यक्षतामा रहन्छ ।

## मन्डलीको रणनीति

### मन्डलीको नाम र छाप

यस मन्डलीको पहिलो नाम 'बेथलेहेम ठिन्केपु मन्डली' थियो । त्यसैले अरू मन्डलीहरूका नाम बेथलेहेम नामपछि ठाउँ वा टोलको नाम राख्ने निर्णय गरियो । कतिपटक जिल्लामा पहिलो स्थापना भएको मन्डलीलाई जिल्लाको नाम पनि दिइने छन् । 'बेथलेहेम' नाम बाइबलबाट ल्याइएको हो, जसको अर्थ 'रोटीको घर' भन्ने हुन्छ । यो इस्राएल देशको एक सहरको नाम पनि हो, जहाँ ख्रिस्ट येसुको जन्म भएको थियो । सबै मन्डलीको नाम एउटै भएको कारण मन्डलीको छाप पनि एउटै रहने छ ।

**मन्डलीको दर्शन**: *परमेश्वरको वचनअनुसार जिउने स्वस्थ मन्डली स्थापना अभियान चलिरहेको देख्नु हो (प्रकाश ३:८) ।*

**मन्डलीको मिसन:** *नेपालको विभिन्न ठाउँमा चेला निर्माण प्रक्रियाद्वारा, जीवन रूपान्तरण गर्नु र स्वस्थ मन्डली स्थापना गर्नु हो (मत्ती २८:१९–२०) ।*

### मन्डलीका मूल्यमान्यताहरू

१. मन्डलीको आधारभूत कार्य सुसमाचार प्रचार र चेला निर्माण हो ।

२. सेवामा पवित्र आत्माको अगुवाइ चाहिन्छ ।

३. सामूहिक कार्य र निर्णयलाई महत्त्व दिंदछ ।

४. स्थानीय तहका अगुवापन र निर्माणलाई महत्त्व दिंदछ ।
५. मन्डली स्वचालित, स्वपालित र स्वशासित हुनुपर्दछ ।
६. मन्डली वृद्धिको लागि साझेदारी आवश्यक छ ।
७. सेवाको श्रेय परमेश्वरलाई दिंदछ ।

## मन्डलीको सेवकाइहरू

**१. बेथलेहेम चेलापन तालिम**: चेलापन कार्यक्रम नभएर यो एक प्रक्रिया हो । तर यो तालिमबाट सुरुवात हुन्छ । येसु प्रभुले आफ्नो चेलापन प्रक्रियामा चेलहरू छान्नुभयो, शिक्षा दिनुभयो, कसरी गर्ने भनेर गरेर देखाउनुभयो र गर्नको लागि जिम्मा दिनुभयो । हामीले पनि यो चेलापन तालिममा येसु ख्रिस्टको तरिकालाई अनुकरण गर्दै आएका छौं र गरिरहने छौं ।

**२. साना व्यवसाय तालिम**: चेलापन तालिम सम्पन्न गरी मन्डली स्थापना र मन्डलीलाई सहयता गर्न चाहने व्यक्तिहरूलाई सेवकाइसँगै व्यवसाय पनि कसरी गर्न सकिन्छ भनेर सिकाइन्छ ।

**२. अगुवापन तालिम**: अगुवापन तालिमको रूपमा हाम्रो आफ्नै निश्चित तालिम केन्द्र त छैन । तर भविष्यमा यसबारे योजनमा छ । हामीले अगुवा निर्माणको निम्ति विभिन्न तालिम केन्द्रहरूसँग साझेदारी गरी तालिममा पठाउने र समय मिलाए हाम्रै मन्डलीमा तालिम सञ्चालन गर्ने गरेका छौं । अगुवाहरू निर्माणको क्रममा विभिन्न व्यक्तिहरूलाई बाइबल कलेजमा पठाई दक्ष अगुवाहरू पनि निर्माण गर्दै छौं । सेवा गर्दै गरेका अगुवाहरूका जागृतिको निम्ति कम्तिमा वर्षमा एकचोटि अगुवापन सम्मेलन गर्ने गर्छौं ।

**३. जवान सम्मेलन:** अहिले वर्षको एकचोटि जवानहरूका आत्मिक र बौद्धिक विकासको निम्ति संयुक्त जवान सम्मेलन गर्ने गर्छौं । जवानहरूलाई विभिन्न सिपमूलक तालिमहरू र शिक्षाको निम्ति उत्साह र साहयता गर्छौं ।

**४. दिदीबहिनी सम्मेलन**: दिदीबहिनीहरूका आत्मिक र बौद्धिक विकासको निम्ति विभिन्न समय मिलाएर विभिन्न तालिम र सम्मेलनहरू गर्छौं ।

**५. सुसमाचार कार्य**: सुसमाचार मन्डलीको आधारभूत कार्य भएकोले प्रत्येक विश्वासीलाई प्रचार कार्यमा उत्साह दिंदै विभिन्न समयमा विभिन्न सुसमाचार कार्यक्रमहरू पनि गर्छौं ।

**६. मन्डली स्थापना**: मन्डली स्थापनाको लागि जब प्रचारकहरूले नयाँ ठाउँमा विश्वासी बनाउँछन्, तब त्यस ठाउँमा सङ्गति सुरु गर्न र स्थानीय अगुवा निर्माण गर्न उत्साह दिन्छौं । प्रत्येक मन्डलीले मन्डलीहरू स्थापना गर्ने अभियानमा जोड दिन्छौं ।

**७. समाज सेवा**: व्यक्ति र समाज रूपान्तरणको निम्ति समाज र व्यक्तिको अवाश्यक्तलाई अनुसन्धन गरी सक्दो सहयता गर्दछौं । प्राकृतिक प्रकोपमा परेका परिवारहरूलाई सहयता गर्नुको साथै विधवा तथा अनाथ बालबालिकाहरूलाई सहयता गर्ने गर्छौं । समाजमा शिक्षा र स्वास्थ्य क्षेत्रको विकासमा पनि सक्दो सहयता गर्ने गर्छौं ।

# बेथलेहेम केन्द्रीय समिति



**अध्यक्ष**
वरिष्ठ पा. दिनेश सुनुवार



**सह–अध्यक्ष**
पा. नहकुल पेमा तामाङ



**उप–अध्यक्ष**
पा. कृष्ण बहादुर सुनुवार



**उप–अध्यक्ष**
पा. योग बहादुर बिसुन्खे



**सचिव**
पा. पूर्ण बहादुर बिसुन्खे



**सह–सचिव**
पा. नारायण श्रेष्ठ



**कोषाध्यक्ष**
पा. लाछिरी शेर्पा



**सदस्य**
पा. डम्बर बहादुर सुनुवार



**सदस्य**
पा. कमल बहादुर बिसुन्खे



**सदस्य**
पा. पिटर सुनुवार



**सदस्य**
पा. भिम बहादुर श्रेष्ठ



**सदस्य**
पा. गुन्दास अच्छामे



**सदस्य**
डि. पदम कुमारी सुनुवार



**सदस्य**
डि. शर्मिला सुनुवार



**सदस्य**
श्रीमती सिर्जना राई

# सल्लाहकार समिति



**अधिवक्ता**
महादेव बानिया



**पास्टर**
भोजराज सुनुवार



**पास्टर**
डिल्लीराम सुनुवार



**एल्डर**
निर कुमार बसेल

## बेथलेहेम मन्डलीहरू

| स. नं | मन्डलीको नाम | ठेगना | पास्टरको नाम |
|---|---|---|---|
| १. | बेथलेहेम काठमाडौं मन्डली | कागेश्वरी-६, काठमाडौं | पा. दिनेश सुनुवार |
| २. | बेथलेहेम जोरपाटी मन्डली | जोरपाटी, काठमाडौं | पा. पिटर सुनुवार |
| ३. | बेथलेहेम डिलखर्क मन्डली | उमाकुण्ड-७, रामेछाप | पा. लाछिरी शेर्पा |
| ४. | बेथलेहेम माजगाउँ मन्डली | उमाकुण्ड-७, रामेछाप | पा. जीवन बसेल |
| ५. | बेथलेहेम पोल्दिम मन्डली | उमाकुण्ड-७, रामेछाप | पा. खीप बहादुर सुनुवार |
| ६. | बेथलेहेम खसगाउँ मन्डली | उमाकुण्ड-७, रामेछाप | पा. कृष्ण बहादुर सुनुवार |
| ७. | बेथलेहेम कोकर्सी मन्डली | उमाकुण्ड-७, रामेछाप | पा. योग बहादुर विसुन्खे |
| ८. | बेथलेहेम ठिन्केपु मन्डली | उमाकुण्ड-७, रामेछाप | पा. भिम बहादुर श्रेष्ठ |
| ९. | बेथलेहेम चिलाउने मन्डली | उमाकुण्ड-७, रामेछाप | पा. बम बहादुर सुनुवार |
| १०. | बेथलेहेम डाँडागाउँ मन्डली | उमाकुण्ड-६, रामेछाप | पा. डम्बर सुनुवार |
| ११. | बेथलेहेम दुदीले मन्डली | उमाकुण्ड-६, रामेछाप | ए. ओम नेपाली |
| १२. | बेथलेहेम सत्तर मन्डली | उमाकुण्ड-६, रामेछाप | अ. निमाफुर्वा शेर्पा |
| १३. | बेथलेहेम प्रीति मन्डली | उमाकुण्ड-४, रामेछाप | पा. गुन्दास अच्छामे |
| १४. | बेथलेहेम थाँस्रा मन्डली | उमाकुण्ड –७, रामेछाप | अ. राजु सुनुवार |
| १५. | बेथलेहेम कट्टी मन्डली | लिखु तामाकोसी-१, रामेछाप | पा. किशोर विसुन्खे |
| १६. | बेथलेहेम सैपु मन्डली | लिखु तामाकोसी-२, रामेछाप | पा. चन्द्र बहादुर मगराती |
| १७. | बेथलेहेम दिलौरी मन्डली | लिखु तामाकोसी-२, रामेछाप | अ. शर्मीला सुनुवार |
| १८. | बेथलेहेम कोटगाउँ मन्डली | लिखु तामाकोसी-४, रामेछाप | पा. सिङ बहादुर वि.क. |
| १९. | बेथलेहेम च्यास्कु मन्डली | रामेछाप नपा-२, रामेछाप | पा. नारायन श्रेष्ठ |
| २०. | बेथलेहेम ओख्रेनी मन्डली | रामेछाप नपा-६, रामेछाप | अ. मिलन श्रेष्ठ |
| २१. | बेथलेहेम सालु मन्डली | मन्थली नपा-४, रामेछाप | ए. निरकुमार बसेल |
| २२. | बेथलेहेम खिजिकाती मन्डली | खिजिदेम्बा-४, ओखलढुङ्गा | पा. लोक बहादुर अच्छामे |
| २३. | बेथलेहेम धनकुटा मन्डली | धनकुटा नपा-४ धनकुटा | ए. हिमाल राई |
| २४. | बेथलेहेम हैदे मन्डली | तुवाचुङ-३, खोटाङ | पा. नोएल राई |
| २५. | बेथलेहेम लखीमा मन्डली | लखीमा, सिन्धुली | पा. टेक बहादुर कार्की |
| २६. | बेथलेहेम तिम्नाई मन्डली | तिम्नाई, उदयपुर | ए. फिलेमोन राई |
| २७. | बेथलेहेम पोखरिया मन्डली | पोखरिया, उदयपुर | पा. दिल बहादुर राई |
| २८. | बेथलेहेम नुवाकोट मन्डली | नुवाकोट | पा. पिटर सुनुवार |
| २९. | बेथलेहेम सिस्नेरी मन्डली | मकवानपुर, सिस्नेरी | अ. यमुना घिसिङ |
| ३०. | बेथलेहेम बलाखी सङ्गति | उमाकुण्ड-४, रामेछाप | पा. गुन्दास अच्छामे |
| ३१. | बेथलेहेम ऐसेलुखर्क सङ्गति | ऐसेलुखर्क, खोटाङ | अ. सिर्जना राई |
| ३२. | बेथलेहेम डाँडागाउँ सङ्गति | हलेसी-२, खोटाङ | ए. हिराधन राई |
| ३३. | बेथलेहेम पिंगती सङ्गति | दुरागाउँ, रामेछाप | पा. भोज सुनुवार |
| ३४. | बेथलेहेम गाम्नाङटार सङ्गति | ओखलढुङ्गा | ए. लोकेन्द्र बसेल |
| ३५. | बेथलेहेम पात्ले सङ्गति | पात्ले-५, उदयपुर | अ. बरुण राई |

दर्ता नं. ९२१/५४/५५

Reg. 921/54/55

"आत्माको एकता राख्न शान्तिको बन्धनमा परिश्रम गर" (एफिसी ४:३)

*"Make Every Effort to Keep the Unity of the Spirit." (Eph4:3)*

**NATIONAL CHURCHES FELLOWSHIP OF NEPAL**

**नेपाल राष्ट्रिय मण्डली संगति**

## हार्दिक बधाई तथा शुभकामना !

बेथलेहेम मन्डली नेपालका संस्थापक पास्टर दिनेश सुनुवारलाई मैले व्यक्तिगत रूपमा चिनेको धेरै भयो । उहाँलाई प्रभुमा हुर्काउने र बढाउने मौका पाएकोले यो गर्वका साथ भन्न मन लाग्छ, उहाँ प्रभुमा एकदमै विश्वासयोग्य र भरपर्दो व्यक्ति हुनुहुन्छ । प्रभुले उहाँमार्फत थुप्रै नयाँ-नयाँ मन्डलीहरू स्थापना गर्नुभएको छ । आज उहाँहरूले बेथलेमेह मन्डली नेपालको पच्चिसौं वार्षिक उत्सव तथा रजत महोत्सव मनाउन लाग्नुभएको छ । बेथलेमेह मन्डली नेपालले पच्चिसौं वर्षगाँठ मनाउन लागेको कुराले म अत्यन्तै खुसी भएको छु । यस मन्डलीको २५औं वार्षिक उत्सव तथा रजत महोत्सवको उपलक्षमा नेपाल राष्ट्रिय मन्डली सङ्गति कार्यकारिणी समिति, केन्द्रीय कार्यलय अनि मेरो व्यक्तिगत तर्फबाट बेथलेमेह मन्डली नेपालका पास्टर र अगुवाजनलगायत सम्पूर्ण परिवारलाई हार्दिक बधाई दिन चाहन्छु ! यस मन्डलीले आगामी दिनहरूमा उत्तरोत्तर प्रगति गरोस् । यही मेरो प्रार्थना र शुभकामना छ !

रेभ. हनोक तामाङ
अध्यक्ष
एन.सी.एफ.एन.

Mailing Address: P.O. Box 4689, Kathmandu, Nepal, Phone: 977-1-553619, Fax: 977-1-5546758
E-mail: ncfn@wlink.com.np/ncfnepals@gmail.com

# आराधना मन्डलीको नजरमा पास्टर दिनेश सुनुवार



कुरा २०४२ सालतिरको हो, जतिबेला भाइ दिनेश सुनुवार भुजी रामेछापबाट रोजगारीको सिलसिलामा काठमाडौं आउनुभएको रहेछ। त्यसै क्रममा उहाँ हाम्रो आराधना मन्डली, सानेपामा आउनुभयो। उहाँलाई हामीले नयाँ सदस्यका रूपमा ग्रहण गर्यौं र त्यसको एक वर्षपछि उहाँले पिता, पुत्र र पवित्र आत्माको नाउँमा पानीको बप्तिस्मा लिनुभयो। उहाँले २०५२ सालमा कल्पना सुनुवारसँग विवाह गर्नुभयो र प्रभुले उहाँ र कल्पना बहिनीलाई दुई जुम्ल्याह छोराहरू आशिषको रूपमा दिनुभयो। भाइ दिनेश पहिलादेखि नै एकदमै आज्ञाकारी र भनेका कुराहरू मान्ने अनि सोहीअनुसार काम गर्ने व्यक्ति हुनुहुन्छ। उहाँ एक साधारण विश्वासी हुनुहुन्थ्यो र सामान्य तालिम पनि लिनुभएको थियो। उहाँलाई हाम्रो मन्डलीले दिल्लीमा तालिम लिनका लागि पठायो र उहाँ प्रभुको काम गर्नका लागि तयार हुनुभयो। यही कारण हामीले उहाँलाई आराधना मन्डलीको पहिलो मिसनरी बनाएर उहाँकै जन्मथलोमा भुजी, रामेछाप पठायौं र उहाँले त्यहाँ एकदमै जोसका साथ काम गर्न थाल्नुभयो। त्यसैको नतिजास्वरूप २०५३ सालमा हामीले पहिलो बप्तिस्मा गर्न पायौं, जसमध्येका कति अफै पनि जीवितै हुनुहुन्छ भने, कति जना प्रभुमा सुतिसक्नुभएको छ।

उहाँ हाम्रो मन्डली र आराधना चर्च समूहमा डिकन, एल्डर हुँदै पास्टर बन्नुभयो र प्रभुको काममा एकदमै सक्रिय रूपमा लाग्नुभयो। त्यसपछि २०६३ सालतिरबाट उहाँ आराधना चर्च समूहबाट स्वतन्त्र भएर सेवा गरिरहनुभएको छ र हालमा दश जिल्लामा पैंतिसभन्दा बढी छोरी मन्डलीहरू स्थापना गरिसक्नुभएको छ। हालमा मूलपानी काठमाडौंमा रहेर प्रभुको काम गर्दै हुनुहुन्छ। अनि बेथलेहेम मन्डलीको पच्चिसौं वार्षिक उत्सव अर्थात् रजत महोत्सव मनाउँदै हुनुहुन्छ। म आराधना मन्डलीको एक वरिष्ठ पास्टर, उहाँको पुरानो साथी, दाइ भएका नाताले उहाँलाई केही हदसम्म सिकाउने, हुर्काउने र प्रभुको काम गर्न उत्साह दिने व्यक्ति पनि भएका हुनाले आज उहाँको यसप्रकारको प्रगति र उन्नतिमा केही कुरा भन्न र लेख्न पाउँदा मलाई असाध्यै खुसी लागेको छ। आज हामीले बेथलेहेम मन्डली र अन्य छोरी मन्डलीहरूमा जे भैराखेको अनि जे जस्तो आशिष् मिलेको कुरा देखिरहेका र सुनिरहेका छौं, यसको एउटै कारण हो, पास्टर दिनेश सुनुवारको प्रार्थना, मेहनत र प्रभुको कामप्रतिको समर्पणता। उहाँले हामीसँग रहेर वा स्वतन्त्र भएर जे जसरी आजसम्म पनि एकदमै इमानदारीका साथ काम गरिरहनुभएको छ, यसका लागि परमप्रभु परमेश्वरलाई नै महिमा भएको होस्।

अन्त्यमा, पास्टर भाइ दिनेश सुनुवार, बहिनी कल्पना र सम्पूर्ण मन्डली परिवारलाई मन्डली स्थापनाको पच्चिसौं वार्षिक उत्सवको सुखद उपलक्ष्यमा हार्दिक बधाई दिन चाहन्छौं र आराधना मन्डली परिवार तपाईंहरूको उन्नतिप्रगतिमा सधैं गर्व गर्ने छौं। साथै हामी निरन्तर प्रार्थनामा पनि सम्झिरहने छौं। प्रभुले सबैलाई धैरैधैरै आशिष् दिनुभएको होस्।

**रेभ. हनोक तामाङ**
वरिष्ठ पास्टर
आराधना मन्डली
सानेपा, ललितपुर।

# अतीतका ती दिनहरू



मेरो सेवकाइको प्रारम्भिक दिनहरू सम्झँदा सानेपाको आराधना मन्डलीसँग गाँसिएका सम्झनाहरू मेरा लागि अत्यन्त प्रिय छन् । त्यस मन्डलीसँग जोडिएका मेरा समकालीन सेवक दाजुभाइहरू सँगको सङ्गति र सम्बन्धका अविस्मरणीय क्षणहरूले म हर्षविभोर भई परमेश्वरलाई धन्यवाद भनिरहन्छु । परमेश्वरले दिनुभएको अवसर र अनुग्रहको लागि म उहाँलाई महिमा स्तुति प्रशंसा र आराधना गरिरहन्छु ।

आजको दिनमा मैले विशेष गरी मेरो प्रिय भाइ पा. दिनेश र उनको सेवकाइको बारेमा केही कुराहरू राख्न पाउँदा म र मेरो श्रीमती धेरै खुसी छौं । उहाँको बारेमा भन्नुपर्ने कुराहरू यति धेरै छन् जुन कुराहरू लेखेर मात्र सम्भव भने अवश्य नै छैन ।

हाम्रो दिनेश भाइलाई चर्चमा कसले, कसरी, कति बेला लिएर आएको हो भन्नेबारे अहिलेसम्म मलाई थाहा छैनँ । एक जना दिदी हुनुहुन्छ, लालमाया । हुन सक्छ उहाँले ल्याउनुभयो या हाम्रा जिरेल भाइहरूले ल्याउनुभयो । जे होस् उहाँ जब मन्डली आउनुभएको थियो, पहिलोचोटि हामीले उहाँलाई भेटेर र बातचित गर्दा उहाँ एकदम टिठलाग्दो र अत्यन्त दुखित हुनुहुन्थ्यो । हतास, निरास र उदास देखिनुहुन्थ्यो । सायद उहाँ त्यति बेला पढाइ र रोजगारको सिलसिलामा गाउँबाट भागेर सहर आउनुभएको थियो ।

मलाई याद छ, त्यति बेला हाम्रो मन्डली भवन बनिसकेको थियो । हामीले उहाँलाई भन्यौं, बाबु यदि तिमी मन्डलीको हेरचाह र मानिससरूलाई सत्कार गर्ने काम गर्न चाहन्छौ भने, हामी तिमीलाई काममा राख्न सक्छौं । अनि केही पैसा पनि दिन्छौं ताकि तिम्रो जिविका चल्न सकोस् । हाम्रो प्रस्तावलाई भाइले खुसीसाथ स्वीकार्नु पनि भयो र सानो कोठामा उहाँ बस्नुभयो । अनि बडो इमान्दर र विश्वासयोग्य भएर काम गर्नुभयो । हरेक दिन, हरेक हप्ता जे-जस्तो काम उहाँलाई दिइएको थियो, उहाँले निष्ठापूर्वक ती कामहरू गर्नुभयो । अनि हामी उहाँलाई धेरै नै माया गर्न थाल्यौं । त्यति बेला हामी सबैले भाइलाई बडो स्नेहका साथ "च्याँङ्बा" भनी बोलाउँथ्यौं । सायद यो नाउँ हनोक भाइले राखेको हुनुपर्छ। अहिले पनि मेरा दुई छोरीहरू करुणा र नम्रताले च्याँङ्बा दाई भनेपछि चिन्छन् ।

केही समयपश्चात् चाहेर हैन तर बाध्यताले हामी नेपाल देश छाडेर भारतको देरहादुन गयौं । त्यसको पृष्ठभूमि र कथा बेग्लै नै छ । तत्पश्चात् आराधना मन्डलीसँग हाम्रो त्यति धेरै गहिरो सम्बन्ध र सम्पर्क भने हुन सकेन । मैले आरधना छोडेपछि पा. हनोक भाइले जिम्मेवारी सम्हाल्नुभयो । एक दिन हनोक भाइसँग फोनमा कुराकानीको दौरानमा मैले दिनेश भाइको बारे सोधेपछि मलाई थाहा भयो कि भाइले आफ्नै किसिमले सेवकाइ गर्नुहुँदै रहेछ । सुरुका दिनहरूमा त भाइ आरधाना मन्डली अन्तर्गत नै गाउँमा मिसनरी सेवक भएर काम गर्नुभएको थियो । तर पछि उहाँ आरधनाबाट अलग भएर स्वतन्त्र रूपमा सेवकाइमा लाग्नुभएको रहेछ । सायद त्यतिखेर जो कोहीले पनि सोच्न सक्छ । यसले अब के नै पो गर्न सक्छ र ? कदमा पनि सानो, दिमाग नभएको जस्तो, कमजोर व्यक्ति, गाउँबाट आएको, पढाइलेखाइ कम भएको, अनि कहिले पनि प्रभुको काम नगरेको मान्छे । तर म परमेश्वरलाई धन्यवाद दिन चाहन्छु कि उहाँले अचम्म तरिकाले सेवकाइ गर्नुभयो र

सेवकाइमा पनि यति इमान्दारिता र लगनशील भई सेवा गर्नुभयो कि उहाँको योगदानहरू अवर्णनीय र अतुलनीय छन् ।

मलाई याद छ, उहाँहरूले १६औं वार्षिक उत्सवमा पनि म र मेरो श्रीमतीलाई बोलाउनुभएको थियो । हामी कार्यक्रममा सहभागी भयौं । भाइबहिनीहरूलाई भेटेपछि उनीहरू पनि सारै खुसी भएका थिए । चार-पाँच घण्टाको सङ्गतिपछि दिनेशले मलाई अरू थुप्रै ठाउँहरूमा पनि मन्डली स्थापना गरेको कुरा सुनाउनुभयो । यसरी त्यो सानो ठाउँबाट परमेश्वरले कसरी ठुलो काम गर्नुभएको रहेछ त्यो हामीले साक्षात रूपमा देख्न सक्यौं । अनि एउटा साधारण व्यक्तिको जीवनबाट परमेश्वरले कसरी असाधारण र अचम्मको काम गर्नुभयो त्यो देखेर त हामी साँच्चै चकित नै पर्यौं ।

भाइको बारेमा म विशेष गरी तीनवटा कुरा भन्न चाहन्छु । उहाँका अचम्मका सदगुण बारे । प्रथम कुरा म उहाँमा के देख्छु भने, केही गर्छु भन्ने तीव्र इच्छाशक्ति र चाहना छ । साँच्चै नै उहाँलाई प्रभुमा मात्रै बढ्ने इच्छा नभएर धेरै क्षेत्रमा बढ्ने इच्छा थियो । मेरो श्रीमती सम्झनुहुन्छ, उहाँलाई अङ्ग्रेजी सिक्ने इच्छा रहेछ । मलाई त थाहा भएन तर मेरो श्रीमतीले पनि केही अङ्ग्रजी उहाँलाई सिकाउने प्रयास गर्नुभएको रहेछ । उहाँलाई साँच्चै पढ्न मन रहेछ । गाउँबाट उहाँ काठमाडौं आउँदा उहाँले कक्षा पाँचसम्म मात्र अध्ययन गर्नुभएको थियो । अनि हामीले उहाँलाई पढ्नको लागि पनि सहयोग गर्यौं । पछि उहाँले एस.एल.सी परीक्षा उत्तिर्ण गर्नुभयो भएन त्यो भने थाहा भएन । तर उहाँले जीवनमा कहिले हार चै खानु भएन । म केही गर्न सक्छु । म पढ्छु भनी उहाँले जुन चाहना देखाउनुभयो त्यो नै ठुलो कुरो थियो ।

एक दिन उहाँले मलाई भन्नुभयो अङ्कल म त बाइबल स्कुल पनि पढन सकिनँ । मात्र केही महिनाको साधारण र आधाराभूत बाइबलीय तालिम मात्र लिन सकें । तर आज मेरो सिफारिसमा कमसेकम मन्डलीका मेरा भाइबहिनीले बिटीएच र एमडिभजस्ता ईश्वरशास्त्रमा उच्च शिक्षा प्राप्त गर्ने अवसर पाएका छन् ।

दोस्रो कुरा हामी भाइको बारे के देख्न सक्छौं भने, उहाँ बडो नम्र व्यक्ति हुनुहुन्छ । यो नम्र चरित्र मैले चर्चमा साधारण काम गर्दादेखि नै देखेको कुरा हो । सानोभन्दा सानो काम पनि उहाँ बडो नम्रतासाथ गर्नुहुन्थ्यो । कुनै काम पनि म यो गर्दिनँ अथवा सक्दिनँ भन्नुहुन्न थियो । उहाँ हामीसँगै रहनुभयो । काम सँगसँगै सेवकाइ पनि गर्नुभयो । उहाँको नम्रता देखेर म आज पनि अत्यन्त खुसी र गौरवान्वित छु ।

तेस्रो कुरा म उहाँमा के देख्छु भने एकदम Quietly Organized गर्ने Leadership को क्षमता । मैले पहिला पनि भनें कि उहाँलाई बाहिरी रूपले हेर्ने मान्छेले भन्न सक्छ, यसले केही पनि गर्न सक्दैन । तर भित्रचाहिं उहाँ बल्दोजल्दो नेताजस्तो हुनुहुनुथ्यो । अनि त्यो अगुवापनचाहिं म नेता हुँ, म जान्ने छु भनेर फाईं फुर्ती गर्ने किसिमको होइन । तर उहाँ बिस्तारै मानिसहरूसँग मिलेर, मानिसहरूलाई उत्साह दिने, मानिसहरूलाई हौसला दिने, आश्वासन दिने र सबैलाई समेटेर सङ्गठित गर्दै अगाडि लैजाने किसिमको थियो । यसैकारण त उहाँको साथमा धेरै पढेका सायद आर्थिक रूपमा पनि क्षमता भएका कति योग्य व्यक्तिहरू अहिले उहाँसँग छन् ।

अन्तमा म के भन्न चाहन्छु भने, उहाँमा परमेश्वरप्रति सम्पूर्ण समर्पणता थियो । पैसा कमाउनलाई होइन, नाम कमाउनलाई होइन, दर्जा र पहिचान पाउनलाई होइन तर सम्पूर्ण रूपले निःस्वार्थ परमेश्वरको महिमा गर्नलाई उहाँमा समर्पणता र त्यागको जीवन थियो । त्यही समर्पणता नै उहाँमा भएको अदृश्य र ज्वलन्त शक्ति थियो ।

उहाँमा त्यो नभइदिएको भए आजसम्मका उपलब्धीमूलक सफलता र कामहरू उहाँ गर्न सक्नुहुन्न थियो। बेथलेहम मन्डलीले जसरी यो २५औं वार्षिक उत्सव मनाइरहनुभएको छ। यो मन्डली र दिनेश भाइसँग हाम्रो सम्बन्ध जति पुरानो छ, उति नै न्यानो र गहिरो छ। यसकारण हामी भाइको सेवकाइ देखेर एकदम खुसी छौं। गर्वले भरिएको छौं। धन्यवादले हर्षित र उल्लासित छौं। साथसाथै परमेश्वरको अनुग्रह देखेर छक्क पनि परेको छौं।

पचास वर्ष लामो सेवकाइको अनुभव भएको कारणले फेरि पनि म के भन्न चाहन्छु भने परमेश्वरको काम कुनै प्रकारले पनि, कसैले पनि, कसैलाई पनि गर्नबाट रोक्न र छेक्न सक्दैन। अनि परमेश्वरको काम गर्नको लागि हामीलाई अवश्य पनि हो पढाइ चाहिएको छ, साधनश्रोत चाहिएको छ। तर त्यो नभए पनि यदि परमेश्वरले चाहनुभयो भनेदेखि उहाँले कसैलाई पनि चलाउन सक्नुहुन्छ। कुनै बेला पनि चलाउन सक्नुहुन्छ तर त्यसका लागि हामी परमेश्वरको इच्छामा आउनुपर्छ र उहाँमा समर्पित हुनुपर्छ। भाइ दिनेशले आफूजस्तै अरू थुप्रै दिनेशहरू निर्माण गर्दै जानुभएको होस्। मेरो प्रार्थना, शुभेच्छा र सुभकामान सधैं रहने छ।

सबै मन्डली परिवारमा पिता परमेश्वरको प्रेम, पुत्र येसुको अनुग्रह र पवित्र आत्माको सङ्गतिले सदैव बास गरिराखोस्। धन्यवाद !

**पा. निकानोर तामाङ परिवार**

देहरादुन, भारत

बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल



मा.राजेन्द्रप्रसाद पाण्डे
मुख्यमन्त्री

## शुभकामना

बेथेलहेम मण्डली नेपालले आफ्नो २५ औं रजत महोत्सवको अवसरमा आफ्नो मण्डलीको इतिहास र सञ्चालन गरिएका क्रियाकलापहरु समावेश गरी स्मारिका २०७८ प्रकाशन गर्न लागेकोमा खुशी व्यक्त गर्न चाहन्छु ।

प्रकाशन गर्न लागिएको यस स्मारिका क्रिश्चियन समुदायका धर्मावलम्बी तथा यस विषयमा जानकारी प्राप्त गर्न चाहने सरोकारवाला व्यक्तिहरुको लागि सुचना सामाग्रीको रुपमा र संस्था स्वयंको लागि ऐतिहासिक दस्तावेजको रुपमा रहनेछ भन्ने विश्वास लिएको छु ।

यस किसिमको स्मारिकाले नेपाली समुदाय भित्र रहेका विभिन्न क्षेत्र, जात, धर्म र समुदायबीच आपसी सौहार्दतामा वृद्धि गरेको छ । बागमती सरकार प्रदेश भित्र बसोबास गर्ने जात जातिका धर्म तथा संस्कृतिहरुको संरक्षण तथा प्रवर्द्धन गर्दै संस्कृतिको जगेर्ना गर्न आवश्यक सहयोग गर्ने सदैव तयार रहने विश्वास समेत दिलाउन चाहन्छौँ ।

अन्त्यमा, रजत महोत्सव २०७८ का अवसरमा प्रकाशन गर्न लागिएको स्मारिका प्रकाशन तथा रजत महोत्सवको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

राजेन्द्रप्रसाद पाण्डे
मुख्यमन्त्री

माघ २७, २०७८ बिहिबार

# मेरो जीवन यात्रा



जिन्दगी एउटा यात्रा हो । यो गन्तव्य होइन । जिन्दगीको सुरुवात कहाँबाट हुन्छ र कहाँ पुगेर टुङ्गिन्छ भन्नेमा हामी अनभिज्ञ छौं । हिजोजस्तो लाग्थ्यो, मेरा अतीतहरू- कुनै रमाइला कुनै नरमाइला तितामिठा झझल्कोहरू, अहिले सम्झँदा उदेक लाग्दछ । समय आफ्नो गतिमा चलिरह्यो, मेरो कपाल फुलेको मलाई पत्तै भएन । सबै अतीत याद नहुँदो पनि रहेछ । त्यसकारण स्मरणमा भएजति यादहरू ताजा बनाई यहाँहरूसमक्ष प्रस्तुत गर्ने जमर्को गरेको छु ।

२०२६ साल श्रावण १७ गतेका दिन बुबा तिलक ब. सुनुवार र आमा मनकुमारी सुनुवारको कोखबाट माइला छोराको रूपमा मेरो जन्म रामेछाप जिल्लाको दुरा गाउँ गा. वि.स. ७ पिङ्गतीमा भएको हो । एक दाजु, एक भाइ, तीन बहिनी र आमाबुबासहित आठ जना सदस्यको परिवार हामी मिलिजुली बस्थ्यौं । हामी अति नै निम्न वर्गको परिवार भएकोले हामीसँग धेरै जग्गाजमिन थिएन र हाम्रो कुनै किसिमको आयस्रोत पनि नभएकै कारणले आर्थिक अवस्था अति नै कमजोर थियो । जसोतसो खेती किसान गरी जीवन गुजारा चलाएका थियौं । परिवारका सबै सदस्य मिलेर दिनरात काममा घोटिंदा पनि हामीलाई दुई छाक टार्न धौधौ पर्थ्यो । गरिबीको कारणले गर्दा सही समयमा मैले पढ्ने मौका पाइनँ । सानै उमेरदेखि स्कुल जाने मेरो ठुलो रहर थियो । साथीभाइहरू कोही काँधमा झोला, कोही हातमा कापी कलम बोकी लावालस्करका साथ उकालो चढ्थे । म भने हातमा लौरी बोकी गाईभैंसी धपाउँदै मन खिन्न पारी उनीहरूलाई टुलुटुलु हेरिरहन्थें ।

परिवारको विपन्नता, बाध्यता र विवशतालाई धिकार्दै अभागी खप्परमाथि हात राखी भाग्यलाई दोष दिन्थें । मेरो इच्छा, अकांक्षा र सुन्दर सपनाको संसारमै सीमित रह्यो । जीवनको उकालीओराली अनि सुखदु:ख पार गर्दै जाँदा अचानक मेरो जीवनको आशाहीन गोरेटोले उज्जवल भविष्यको मोड लियो । धेरैपटक परिवारले मेरो पढ्ने प्रस्तावलाई बेवास्ता गरेपछि म घरबाट सुटुक्क भागेर ओखलढुङ्गा वाच्पुमा रहनुभएका बाजेबज्यूकहाँ बस्न गएँ । मेरो पढ्ने उत्कट इच्छा र चाहनालाई उहाँहरूले पूरा गरिदिनुभयो । सायद बाल्यावस्थाको त्यो क्षण सबैभन्दा खुसीको हुनुपर्छ । सानै उमेरदेखि पढाइप्रति मेरो असाध्यै रुचि भएको कारणले कडा परिश्रमसाथ पढाइलाई निरन्तरता दिइरहें । फलस्वरूप म कक्षा दुईको अन्तिम परीक्षामा द्वितीय श्रेणीमा उत्तीर्ण हुन सफल भँए । त्यही परिणामले गर्दा ममा पढाइप्रति थप हौसला थपियो । बुढेसकालमा बाजेबज्यूलाई सहायता मिलेको कारण उहाँहरू पनि खुसी नै हुनुहुन्थ्यो । साधारण प्रकारले उहाँहरूसँग मेरा विद्यार्थी जीवन हाँस्दैखेल्दै चलिरह्यो । तर त्यो क्रम पनि लामो समयसम्म रहन सकेन किनभने दुई-तीन वर्षको बसाइपछि मलाई आमाबुबाको याद आयो र मनमनै मैले आफ्नो घर फर्कनुपर्छ भनेर सोच्दासोच्दै घर फर्किने विचार गरें । त्यही निर्णयअनसार बाजेबज्यूसँग बिदा मागी म भुजी (आफ्नो घर) फर्के ।

लामो समयको अन्तरालमा आफ्ना आमाबुबालाई भेट्न पाउँदा मनमा एक किसिमको छुट्टै आनन्द त छँदै थियो । तर गाली पो गर्ने हुन् कि भन्ने डर पनि थियो । नभन्दै घर पुग्ने बितिकै बुबाले हकार्नुभयो । किन फकेर आइस् ? आमाले पनि देख्नासाथ गाली गर्न सुरु गर्नुभयो । म चुपचाप बसें । केहीबेरको गालीपछि उहाँहरू पनि शान्त हुनुभयो ।

आमाबुबाको मन छोराछोरीमाथि, तर छोराछोरीको मन ढुङ्गामाथि भनेझैं उहाँहरूले गाली गर्नु ठिकै पनि हो । मैले त्यसरी आमाबुबाको अनुमतिबिना घर छाड्नु हुन्नथ्यो । कसको आमाबुबाको मन हुन्न, आफ्नो छोरोछोरीलाई पढाएर ठुलो मान्छे बनाउने ? वास्तवमा आमाबुबाको मलाई पढाउन नचाहेको त होइन । तर हाम्रो परिवार गरिबीको चपेटामा परेको कारण काम गर्यो भने नुन तेल किन्ने पैसा कमाइन्छ । पढेर के काम भन्ने उहाँहरूका सोच थियो । बुबा भन्नुहुन्थ्यो, "पढिलेखी के काम ? हलो जोती खाने माम ।" त्यति बेलाको समाजमा पढाइको त्यति महत्व थिएन । बुझ्नेले र हुनेखानेले मात्र आफ्नो छोराछोरीलाई स्कुल पढ्न पठाउँथे । आमाबुबा र समाजले जे सोचे पनि मेरो पढ्ने रहर मरेको थिएन । म अझ पढ्न चाहन्थें । मेरो यही चाहना र पढाइप्रतिको झुकावलाई देखेर आमाबुबाले जसोतसो दु:ख गरी पढाउने विचार गर्नुभयो । यसरी आफ्नै गाउँको श्री पिपल डाँडा प्र.वि.मा कक्षा पाँचमा फेरि म भर्न भएँ । बाल्यावस्थाको मेरो विद्यार्थी जीवन अति नै दयनीय थियो । मैले धेरै दु:खकष्टसाथ कक्षा पाँचसम्म पढें । फेरि मेरो जिन्दगीले अर्को मोड लियो । गाउँमा बसेर पढ्न मन लागेन । आर्थिक अभावकै कारण थियो । मलाई किन-किन गाउँमा बस्न पटक्कै मन लागेन । त्यसैले मैले गाउँ छाडेर काठमाडौं जाने निर्णय गरें । तर सजिलो थिएन । एक त म उमेरमा कलिलै थिएँ । अर्को मसँग एक सुको पैसा थिएन । धेरै जनासँग पैसा सापटी मागें । तर कसैले पत्याएनन् । कसैले दिएनन् । म छिमेकी माइजुको गुणलाई कहिल्यै पनि बिर्सन सक्दिनँ । मैले उहाँसित पचास रुपैयाँ सापट माग्दा मलाई एक सय रुपैयाँ दिनुभयो । त्यही एक सय रुपैयाँ गोजीमा बोकेर कसैलाई थाहा नदिई म सुटुक्क काठमाडौं आए । काठमाडौं सहर त्यो जमानामा पनि त्यति नै व्यस्त थियो । हजारौं अपरिचित अनुहारहरू यत्रतत्र आफ्नै दुनियाँमा मस्तव्यस्त थिए । जीवनमा पहिलोपटक सहर आएकोले यहाँका हरेक क्रियाकलापहरू अनौठो लाग्नु स्वभाविक थियो । मेरो हरेक रहनसहन गाउँले पाराकै थियो । अपरिचित मानिसहरूका भिडभाडको बिचमा म आफूभित्रै हराइरहेको थिएँ । न त मलाई कसैले चिन्थ्यो, न मैले कसैलाई चिन्थें । मलाई यो पनि थाहा थिएन कि यो अनौठो सहरमा म कहाँ कसकोमा बस्ने र के गर्ने ? मसँगै आउनुभएको दाइले मलाई अब कहाँ जान्छस् ? के गर्छस् ? भनेर सोध्नुहुँदा म अलमल्लमा परें । लामो सास फेरि भावुक हुँदै मैले भनें, "थाहा छैन दाइ ।"



कुनै काम लगाइदिनहुन उहाँलाई अनुरोध गरें । दाइले मलाई चाबहिलको एउटा होटेलमा मलाई काम लगाइदिनुभयो । अनि त्यस होटेलमा मेरो काम भाँडा माझ्ने थियो । भर्खरै मात्र गाउँबाट आएको हुनाले त्यति राम्ररी काम आउँदैनथ्यो । त्यसकारण, बेलाबेलामा मैले नमज्जासँग होटेल साहुको नमिठो गाली सुन्नुपर्थ्यो । सहरमा पनि भनेजस्तो नहुन थालेपछि मलाई आफ्नै गाउँघरको अति नै याद आउन थाल्यो । गाउँको आफन्त पर्ने एकजना दाइ परिवारसाथ काठमाडौंमा डेरा लिएर बस्नुभएको छ भन्ने मैले सुनेको थिएँ । सायद उहाँलाई भेट्न पाएको भए बस्नेखानेको राम्रो व्यवस्था हुन्थ्यो कि भन्ने आसले म उहाँलाई खोज्न त्यस होटेलबाट निस्कें । दाइ जाउलाखेलतिर बस्नुहुन्छ भन्ने सुनेको थिएँ । त्यस दिन दिनभरि भौंतारिंदै उहाँलाई खोजें । उहाँको

नाउँ सोध्दै गल्लीगल्ली चहारें। तर कसैले बताएनन्। कुनै अत्तोपत्तो लागेन। अहिलेको जस्तो हरेकको हातमा मोबाइल फोन भैदिएको भए सजिलो हुन्थ्यो। मलाई याद छ, उहाँलाई खोज्ने क्रममा डिल्लीबजारको पिपलबोटमुनि आँखा झिमिक्क नगरी एक रात छर्लङ्गै कटाएको छु। त्यसको भोलिपल्ट सानेपाको ज्ञानोदय गल्ली हुँदै हिंडिरहेको बेला अचम्म प्रकारले दाइसँग मेरो भेट भयो। दाइको नाम इन्द्र हो (हाल बेथलेहेम काठमाडौं मन्डलीको एल्डर हुनुहुन्छ)। दाइसँग भेट हुनेबितिकै उहाँलाई अँगालो हालें। यो क्षण मेरो लागि अर्को एउटा खुसीका आँशुहरू पत्तै नपाई बररर झर्न थाल्यो। दाइले मलाई उहाँको डेरामा लानुभयो। मैले धेरै दिनदेखि केही पनि खाएको थिइनँ र धुलो मैलोले गर्दा मेरो शरीर एकदमै फोहोर थियो। कपाल र नङ्ग काट्न नपाएकोले लामो लामो भइसकेको थियो। मेरो त्यो दयनीय अवस्थालाई देखेर दाइको मनमा दया पलायो। मलाई सरसफाई गरी नङ्ग कपाल काटिदिनुभयो र पेटभरि खान पनि दिनुभयो। त्यसपछि मेरो कथाव्यथा दाइलाई सुनाएँ। अनि दाइले उहाँसँगै बस्न दिनुभयो।

शनिबारको दिन दाइ र उहाँको सबै परिवार मन्डली जानुहुँदो रहेछ। त्यसैले शनिबारको दिन उहाँले मलाई पनि डेरा नजिकैको चर्चमा लिएर जानुभयो। त्यो चर्चको नाम आराधना थियो। मन्डलीभित्र पहिलोपटक प्रवेश गरेको मेरो पहिलो अनुभव म यहाँ बताउन चाहन्छु। त्यहाँ प्रवेश गर्दाको अनुभुति बेग्लै संसारको जस्तो थियो। मैले आफ्नो दु:खकष्ट र पिरचिन्ता सबै भुलेर बेग्लै आनन्द र खुसीको महसुस गरें। म त्यो आनन्दमय क्षणको वर्णन अहिले त्यति राम्रोसँग गर्न सक्दिनँ। त्यो त स्वर्गीय आनन्द थियो। त्यहाँ आउने मानिसहरूका बोलीवचन र व्यवहारले मलाई झनै प्रभाव पार्यो। म त्यस भवनभित्र बिलकुलै नौलो थिएँ। तर पनि हरेक व्यक्तिले मप्रति बेग्लै चासो प्रकट गरे। मानिसहरूले मेरो बारेमा वास्ता गरेको देख्दा मलाई अचम्म लाग्यो। हरेकको मुहार चम्किलो देखिन्थ्यो। उनीहरूलाई हेरी मेरो आफ्नै मुहारमा खुसियाली थिएन। उनीहरूले मप्रति गरेको प्रेम, देखाएको वास्ता, फिक्री र स्नेहले मलाई फेरि पनि त्यस ठाउँमा फर्केर जान उत्सुक गरायो। फेरि पनि म अर्को शनिबारको पर्खाइमा थिएँ। किन मेरो मनमा यस्तो भएको होला ? किन ती मानिसहरूले मप्रति यस्तो चासो र प्रेम देखाएका होलान् ? म कहाँको उनीहरू कहाँको। मेरो आफ्नै फरक पहिचान र पृष्ठभूमि छ, सम्बन्धहीन व्यक्तिसँग तिनीहरूलाई के सरोकार भएको होला ? मनमा खुल्दुलिएका यी अनेकौं प्रश्नहरूले मलाई चर्च जान मन पर्थ्यो। मलाई थाहा छैन, यो कस्तो अदृश्य चुम्बकीय शक्तिले मलाई तानिरहेको थियो। यो रहस्यलाई बुझ्न म हप्तैपिच्छे चर्च जान थालें। मलाई पढ्नको लागि एउटा पुस्तक दिइयो। त्यो नयाँ करार बाइबल थियो। बिस्तारैबिस्तारै पो बुझ्न थालें। यो त ख्रिस्ट येसुको प्रेम रहेछ। त्यो प्रेममा कुनै स्वार्थ छैन। जब मैले साँचो परमेश्वरको परिचय पाएँ, ख्रिस्ट येसुको प्रेमलाई व्यक्तिगत रूपले महसुस गरें, अरू मानिसहरूबाट पनि त्यही प्रेम पाएँ, तब मैले उहाँलाई मेरो जीवनमा व्यक्तिगत प्रभु र मुक्तिदाता भनेर ग्रहण गरें। त्यसैले २०४२ साल फाल्गुन १४ गतेका दिन ख्रिस्ट येसुलाई मेरो जीवनको प्रभु र मुक्तिदाता भनी मेरो हृदयले विश्वास गरें। मेरो मुखले उहाँलाई प्रभु भनेर स्वीकार गरें। मैले उहाँलाई ग्रहण गरें। आराधना मन्डलीमा आत्मिक जीवनको सुरुवात बिस्तारबिस्तारै म मन्डलीका अगुवा तथा मन्डली परिवारसँग परिचित हुन थालें।

मैले दाजु इन्द्रलाई काम लगाइदिनु भनी अनुरोध गर्दा उहाँले मलाई चर्चमा काम लगाइदिनुभयो। त्यतिखेर यसलाई मैले सुनौलो अवसर ठानें। अहिले म सम्झन्छु, यो त अवसर होइन, प्रभुको ठुलो योजना पो रहेछ !

मैले मन्डलीमा हरेक किसिमका कामहरू गर्थें। मन्डली भवन सफा गर्ने, ट्वाइलेट सफा गर्ने, अफिसमा चिया पुर्याउने, हुलाकमा रहेको चिट्ठीहरू लिएर आउने, सानोभन्दा सानो कामलाई पनि नहिच्किचाई गर्थें। कामप्रतिको मेरो लगनशीलता, मेहनत परिश्रम र इमान्दारितालाई मूल्याङ्कन गरी मन्डलीका अगुवाहरूले मलाई महेन्द्र भृकुटी मा.वि.मा कक्षा सातमा भर्ना गरिदिनुभयो। गाउँमा अधुरो छाडेको मेरो पढ्ने इच्छालाई परमेश्वरले पूरा गरिदिनुभयो। सानै उमेरदेखि म परमेश्वरमा आत्मिक, बौद्धिक, शारीरिक र मानसिक रूपमा हुर्कँदै गएँ। मेरो सोचविचार र जीवनशैलीमा परिवर्तन आउन थाल्यो। परमेश्वरले मलाई उहाँको अनुग्रहमा धेरै नै आशिष दिनुभयो। म सधैं नै परमेश्वरप्रति यी कुराहरूका लागि धन्यावाद दिन कहिल्यै चुकिनँ। मेरो सम्बन्ध परमेश्वरसँग मन्डलीका अगुवाहरूसँग, विश्वासी परिवारसँग धेरै नै नजिक र प्रगाढ हुँदै गयो।

म आत्मिक रूपमा बढ्दै गएँ। मैले ग्रहण गरेको लगभग एक वर्षपछि २०४३ फाल्गुन २४ गतेका दिन पा. निकानोर तामाङ्गज्यूको हातबाट पानीको बप्तिस्मा लिएँ। त्यसपछिका दिनहरू, महिनाहरू र वर्षहरू आराधना चर्चमा परमेश्वरको आराधना, उपासना र महिमा गर्दै आत्मिक रूपमा बढ्दै गएँ। कहिल्यै कल्पना नगरेको, नसोचेको र नचिताएको कुरा मेरो जीवनमा पूरा हुँदै गइरहेको थियो। प्रभुले यस्तो दयनीय अवस्थाबाट मलाई डोर्याउनुहुन्छ भनेर मैले कहिल्यै चिताएको थिइनँ। परमेश्वरको अचम्म र रहस्यमय योजना मैले बुझ्न थालें।



प्रभुबाट यति धेरै आशिष पाएपछि मैले अब सेवकाइको कदम बढाउनुपर्यो। म खुम्चिएर बस्न सकिनँ। मेरो विचारलाई फराकिलो बनाउँदै लगें। मैले प्रभुसँग प्रार्थनामा बिताएका ती दिनहरू मलाई याद आउँछ। जब मैले प्रभुको सेवा गर्ने निर्णय गरें, कुनै बाइबलीय तालिममा पठाइदिन मन्डलीका अगुवाहरूसमक्ष मैले कुरा राखें। मैले सेवा गर्छु भन्ने सायद थोरै आगुवालाई मात्र विश्वास थियो। तर मेरो पूर्ण विश्वाससहितको प्रार्थनाले अगुवाहरूका हृदयमा प्रभु बोल्नुभयो र उहाँहरूले मलाई आराधना मन्डलीको सिफारिसमा भारतको दिल्ली बाइबल इन्स्टिच्युटमा छ हप्ते ख्रिस्टियन आधारभूत पाठ्यक्रमको अध्ययन गर्न पठाइदिनुभयो।

यो इ.सं. १९९१ तिरको कुरो हो, जतिखेर म बाइस वर्षको जवान थिएँ। यो छ हप्ते तालिमलाई म आफ्नो सेवकाइको जग ठान्छु। मैले उच्चस्तरीय तालिम लिने मौका पाइनँ। सायद मेरो अयोग्यताको कारण हुनुपर्छ। त्यसलाई म दुर्भाग्य पनि ठान्दिनँ। बाइबलमा हामी पढ्छौं, साधारणभन्दा साधारण मानिसहरूलाई प्रभुले उहाँको सेवामा चुन्नु मात्र भएन, तर चलाउनु पनि भयो। म प्रभुमा नम्र भई गर्व गर्छु, मजस्तो साधारण व्यक्तिलाई उहाँले असाधारण तरिकाले प्रयोग गर्नुभयो। मलाई अचम्म लाग्छ, किन आज ख्रिस्टियन अगुवाहरू प्रभुको सेवा गर्न उच्चस्तरीय शिक्षालाई नै सबथोक ठान्छन्? उच्च शिक्षा नै सबथोक होइन। तर त्योभन्दा महत्वपूर्ण कुरो हृदयको समर्पणता हो। धेरै शिक्षाले धेरै प्रभाव, थोरै शिक्षाले थोरै प्रभाव पर्ने पनि पक्कै होइन। कहिलेकाहिं हाम्रो निम्ति थोरै शिक्षा नै पनि प्रभावकारी बन्न सक्छ। म त्यो व्यक्ति हो, जसलाई थोरै शिक्षाले ठुलो प्रभाव पारेको छ। मात्र छ हप्ते तालिम मेरो सेवकाइका कोसेढुङ्गो बन्न पुग्यो। पवित्र

आत्माको शक्तिले भरिएर म दिगो सेवकाइको यात्रामा निस्कें । प्रभुको बोलावटलाई राम्रोसँग बुझेर निश्चित रूपमा स्वीकारेको थिएँ । तर प्रभुको समय अझै आएको थिएन । दुई वर्षसम्म मेरो सेवकाइको इच्छालाई चर्चभित्रै सीमित बनाएर राखें । सायद मैले मन्डलीभित्रै बसेर अझ धेरै कुराहरू सिक्नु थियो । मलाई त्यस्तै लाग्यो । दुई वर्षपछि २०४९ सालमा दश कक्षाको बोर्ड परीक्षा दिनको लागि म आफ्नो गाउँ फर्कें । गाउँ गएपछि मलाई विभिन्न किसिमका परिवारिक र व्यवहारिक समस्याहरूले अल्झायो । सोही कारणले परीक्षाको नतिजा राम्रो भएन । नकारात्मक नतिजाको कारण मैले मेरो पढाइलाई त्यहीं रोक्न बाध्य भएँ । तर त्यस असफलतालाई एकातिर राखेर मैले आफूलाई प्रभुको सेवामा समर्पण गरें । म पुन: काठमाडौं फर्कें । पढाइको




ढोका बन्द भए पनि सेवाका ढोकाहरू भने खोलिंदै थिए । प्रभुले घरेलु सङ्गतिहरूमा सेवा गर्ने अवसर दिनुभयो । त्यही क्रममा २०५१ पौष २४ गतेका दिन आराधना चर्चमै पास्टर हनोक तामाङज्यूका हातबाट कल्पना सुनुवारसँग मेरो पवित्र विवाह भयो । परमेश्वरको भवन (आराधना चर्च) मा मेरो बाल्यावस्था, युवावस्था, विद्यार्थी जीवन, आत्मिक जीवन र वैवाहिक जीवन सुखदु:ख थाहै नपाई बिते । ती दिनहरूलाई सम्झेर फेरि एकचोटि परमेश्वरको योजनाबद्ध भेटलाई पनि स्मरण गर्दै उहाँप्रति अभार प्रकट गर्दछु । फेरि पनि सबैलाई धन्यवाद !

## सेवकाइको सुरुवात

असल सेवकमा हुनुपर्ने गुणहरू धेरै हुन्छन्, जसमध्ये 'दर्शन' अपरिहार्य गुण हो । दर्शनबिनाको सेवकाइको कुनै औचित्य हुँदैन । दर्शनबिना सेवकाइ सम्भव नै छैन । छ हप्ते बाइबलीय शिक्षा हासिल गरेर आएपछि परमेश्वरको रहस्यमय वचनको प्रकाशले मलाई घरिघरि मेरा गाउँमा ख्रिस्टबिना मरिरहेका आत्माहरूका बिचमा सेवकाइ गरेको चित्र मेरो आँखामा झलझली आइरह्यो । फसल प्रशस्त छ । कति फसल पाकिसक्यो । कति फसल ओइलिएर झर्न लागिसक्यो । तर खेतालाको अभाव छ । बेचैनीमा छटपटाइरहेका, अन्धकारमा गाँजिएर सैतानको बन्धनमा बाँधिएका, अन्धविश्वासभित्र गुम्सिएर पलपल मरिरहेका ती आत्माहरूले मलाई बोलाइरहको महसुस हुन्थ्यो । ती बहुमूल्य आत्माहरू वास्तवमा मेरो निम्त स्वर्गमा सजाएका धार्मिकताका मुकुटहरू थिए । मैले प्रार्थना गरें र एकरात प्रभुले मलाई दर्शनमा यी दृश्यहरू देखाउनुभयो । आँखाले हेर्दैरै नसक्ने एउटा ठुलो हरियो चउर थियो । त्यहाँ थुप्रै भेडाहरू चरिरहेका थिए । ती भेडाहरूलाई सम्हाल्ने कुनै गोठालो थिएन । गोठालो नभएकोले भेडाहरू तितरबितर हुन थाले । अनि प्रभुले मलाई हातमा लौरी थमाइदिएर भेडाहरूलाई एकै ठाउँमा जम्मा गर्न अह्राउनुभयो । मैले ती भेडाहरूलाई एक ठाउँमा जम्मा गर्न जति कोसिस गरे पनि सकिनँ । आखिरमा बडो मुस्किलले सबै भेडाहरूलाई जम्मा गर्न सफल भएँ ।

यो दर्शनको अर्थ स्पष्ट थियो, मेरो गाउँमा येसुबिना मरेका आत्माहरू गोठालाबिनाको भेडाहरूझैं तितरबितर भइरहेका थिए । ती हराएका भेडाहरूलाई खोज्न र एक ठाउँमा जम्मा गर्न प्रभुले मलाई गोठालो हुन बोलाउनुभयो । यो बलिरहको दर्शनलाई मैले निभ्न दिइनँ । भारतमा तालिम सकेर नेपाल फर्केपछि मैले मन्डलीका सबै अगुवाहरूलाई यो दर्शन बताएको थिएँ । मन्डलीबाटै अनौपचारिक रूपमा सुसमाचार सुनाउन मलाई गाउँ पठाइयो । त्यहाँको सबै गतिविधि अध्यन गरेर म काठमाडौं फर्के । गाउँघरप्रतिको बोझ मेरो मनमा झन्झन् बढ्दै गयो । विवाह भएको केही वर्षपछि आशिष स्वरूप दुई जुम्ल्याहा छोराहरू जन्मिए । २०५२ सालमा मलाई डा. मंगलमान महर्जनज्यूद्वारा अगुवामा अभिषेक गराएर आराधना चर्चमार्फत् मेरो सपरिवारलाई नै मिसिनरीको रूपमा मेरो गाउँ पठाइयो । अचम्मको कुरो मानिसहरू गाउँबाट सहर आउँछन् र सहरबाट विदेश जान्छन् । तर म भने सहरबाट गाउँ फर्किएँ । हाम्रो परिवारसँग भएको सम्पत्ति भनेको एउटा मादल, एउटा झ्याली, भजन किताब र सुसमाचारीय पुस्तिकाहरू मात्र थिए । गाउँमा बिताएका सुरुका दिनहरू अति नै कष्टकर चुनौतिपूर्ण थिए । कति गाउँलेहरूले हामीलाई बकुल्लाको भिडमा कौवा भनी खिल्ली उडाउँथे र कतिले डलर खाएर धर्म परिवर्तन गराउन आयो भनी विभिन्न आरोपहरू पनि लगाउँथे । यस्ता समस्याहरू आउँदा परमेश्वरले यहोसुलाई भनेको वचन याद आउँथ्यो । "नडरा खुबै साहसी हो, निराश नहो, किनकि तँ जहाँ गए पनि, परमप्रभु तेरो साथमा हुनुहुने छ" (यहोसु १:९) यसकारण, परमेश्वरको वचनले मलाई ढाडस र साहस मिल्थ्यो । मैले कत्ति पनि हरेस नखाई सेवा गरें । म सुसमाचार सुनाउने जिम्मेवारीबाट भागिनँ । येसु प्रभुले एकान्तमा गर्नुभएको प्रार्थना सम्झँदै वनजङ्गलतिर प्रार्थनामा घण्टौं समय बिताउँथें । प्रभुले अचम्मको काम गर्नुभयो । एकजना त्रिहत्तर वर्षीय रोगी बाजेलाई प्रार्थना गर्दा उहाँ निको हुनुभयो र तुरुन्तै प्रभुलाई ग्रहण पनि गर्नुभयो । वृद्ध बाजेले विश्वास गरेपछि हामीलाई सङ्गति सुरु गर्ने आँट आयो । प्रभुले भन्नुभयो: तँ आँट म पुर्याउँछु । मानिसमा जे असम्भव छ त्यो परमेश्वरमा सम्भव छ (लुका १८:२७) । परमेश्वरको शक्तिशाली वचनलाई घोषणा र दाबी गर्दै हामीले सङ्गति सुरु गर्यौं । त्यो अनकन्टार र अन्धकार गाउँमा सानो दियोको ज्योति बाल्यौं । त्यो ज्योति कहिल्यै ननिभ्ने ज्योति थियो । सानो सङ्गतिको झिल्कोले वरिपरि छरछिमेकीको जीवनमा पनि सङ्गतिको आत्मा बाल्न थाल्यो ।

असार-साउनको बेला थियो । झम्झम् पानीमा रुझ्दै गाउँलेहरू दिनभर खेतमा काम गर्दै थिए । जब रात पर्थ्यो, तब हामी बत्ती बालेर मादल घन्काउँदै र भजनहरू गाउँदै सङ्गति गर्थ्यौं । वरिपरिका मानिसहरू के हुँदो रहेछ भनेर राती पनि सिमसिमे झरीमा कोही रुझ्दै, कोही घुम र वर्षाती ओढ्दै राँको र टर्च बालेर हेर्न र सुन्न आउँथे । पावल प्रेरितको भनाइ, म सुसमाचारदेखि किन सर्माउने ? (रोमी १:१६) हेर्न आउने हरेक मानिसलाई परमेश्वरको राज्य नजिकै छ । यसकारण, सबैले पश्चात्ताप गरेर सुसमाचारमा विश्वास गर्नुपर्छ भनी मैले प्रचार गर्थें । परमेश्वरको स्तुति होस् ! दुई परिवारले प्रभुमा विश्वास गरे र सङ्गतिमा थपिए । हामीहरू एकै मनका भई एकसाथ भेला हुन्थ्यौं र प्रार्थनामा भक्तिसाथ लागिपर्थ्यौं । यसरी पहिलो शताब्दीका विश्वासीहरूमा सङ्गतिको नमुनालाई हामीले अनुकरण गर्थ्यौं । फलस्वरूप उद्धार पाउनेहरूलाई प्रभुले सङ्ख्यामा थपिदिनुहुन्थ्यो ।

## मन्डलीको सुरुवात

येसु प्रभुले भन्नुभयो, "म मेरो मन्डली यस चट्टानमाथि स्थापित गर्ने छु।" उहाँले आफ्नो समयमा (Kairos) सबथोक सुन्दर बनाउनुहुन्छ। येसु आफैले भन्नुभयो, "मेरो मन्डली... ।" आवश्यकताको अनुभव गरेर रायोको दानाजत्रो विश्वास आफैले मनमा रोपें। सुसमाचारका बिउहरू गाउँमा प्रशस्तै छरियो। असल जमिनमा रोपेको बिउले नयाँ मन्डलीको जन्म दियो। परमेश्वरले आफ्नो राज्य मजस्तो साधारण व्यक्तिको जीवनद्वारा स्थापित गर्दै जानुभयो। म त केवल सहजकर्ता थिएँ। सर्जक, संस्थापक र संरक्षक त येसु नै हुनुहुन्छ। हामी मन्डलीका अङ्ग मात्र हौं। म सेवक मात्र हुँ। अझ आफूलाई होच्याउने हो भने म त मात्र उहाँको दास हुँ। औपचारिक सेवकाइ सुरु भएको एक वर्षमै रामेछापको भुजी गा.वि.स. ३ मा २०५३ साल पौष ५ गतेका दिन नयाँ मन्डलीको स्थापना भयो। उक्त मन्डलीको उद्घाटन आराधना चर्चका आदरणीय डिकज एलिया प्रधानज्यूबाट भएको थियो आराधना चर्चको मातहतमा भएकोले हामीले मन्डलीको नाम आराधना बेथलेहेम राख्यौं। धेरै रोगी बिमारीहरू मन्डलीमा आउन थाले र विश्वाससहितको प्रार्थनाले रोगीहरूले चङ्गाइ पाए। मन्डली परमेश्वरको अनुग्रहमा दिन प्रतिदिन आशिषले भरिपूर्ण हुँदै विश्वासीहरूका सङ्ख्या थपियो।

## मन्डलीको वृद्धि

मन्डली कुनै भौतिक भवन होइन, विश्वासीहरूका जमात नै मन्डली हो। जहाँ विश्वासीहरूका समूह हुन्छ, त्यहाँ मन्डली बन्छ। यसैया ५४:२-३ मा यसरी लेखिएको छ, "तेरा पालको ठाउँ बढा। तेरो पालका पर्दाहरू तन्का। तेरा डोरीहरू लामो पार। तँ तेरा दाहिने र देब्रेतिर फैलिने छस् र तेरा सन्तानले जातिजातिहरूलाई उनीहरूका निर्जन सहरहरूमा ती बसोबास गर्ने छन्।" परमेश्वरलाई स्तुति होस् उहाँको वचनमा भनिएझैं विश्वासीहरू चारैतिर फैलिएर बढ्न थालेपछि मन्डलीको माग भयो। अनि एवम् प्रकारले मन्डली वृद्धि र विकास हुन थाल्यो। त्यसैअनुरूप २०५४ सालमा फेरि अर्को मन्डली स्थापना भयो। यसरी परमेश्वरको अनुग्रहमा वर्षैपिच्छे नयाँ ठाउँमा नयाँ मन्डलीको स्थापना हुँदै गयो। सात वर्षको अन्तरालमा धेरै चुनैतिहरू र अप्ठ्यारा परिस्थितिहरूसँग संघर्षसहितको निरन्तर प्रार्थनाले मन्डलीहरू वृद्धि हुँदै गए र २०६० सालसम्म आइपुग्दा सातवटा मन्डलीको स्थापना भयो।

## पास्टर अभिषेक




२०५३ सालदेखि २०६० सालसम्म सङ्घर्ष गरेको सात वर्से अवधिको सम्झना गर्दा अहिले सात दिनजस्तो लाग्छ। सात वर्षको घामपानीमा लड्दैपड्दै गरेको सेवकाइलाई नियाल्दा पास्टरीय बोलावट भएको व्यक्तिगत अनुभव गरें। मन्डलीको मूल्याङ्कन त आफ्नो ठाउँमा छँदै थियो। उहाँहरूका प्रार्थनाको लगानी, हौसला, उत्साह र मार्गनिर्देशनबिना मेरो सेवकाइको यात्रा सफल हुने थिएन। परमेश्वरको अभिषेक र हस्तक्षेप मेरो सेवकाइमाथि भएको कारण २०६० साल असोज १० गते मलाई आराधना चर्चमा पास्टर हनोक तामाङ र पास्टर समुएल सोदेम्बाज्यूको प्रार्थनाबाट विधिवत रूपमा पास्टरीय सेवाको निम्ति अभिषेक गरियो।

## स्वतन्त्र मन्डलीको घोषणा

म आत्मिक, बौद्धिक र शारीरिक रूपमा बाल्यावस्थादेखि युवावस्थासम्म आराधना चर्चमा हुर्किएँ। आदरणीय अग्रज अगुवाहरू मेरा आत्मिक अभिभवाकहरू हुन्। पा. निकानोर तामाङ, पा. समुएल सोदेम्बा, अङ्कल समुएल शर्मा र उहाँकी धर्मपत्नी दानमित शर्मा, अङ्कल एलिया प्रधान, अङ्कल तेज जिरेल र चन्द्रमान नेपालीज्यू... र धेरै आत्मिक आमाबुबाको अशीर्वादमा म हुर्कें। परमेश्वरको अनुग्रह झन् प्रशस्त थियो। यहाँसम्मको सेवकाइमा मलाई आत्मिक तालिम, ताडना, पालनपोषण र आर्थिक सहायता पुर्याउनुहुने सम्पूर्ण अविभावकहरूलाई शिर झुकाई सम्मान गर्न चाहन्छु। २०६० सालसम्म म आराधना मन्डलीको अधिन र अधिकारमा आफ्नो सेवकाइका क्षेत्रहरू बढेको कारणले म सकारात्मक स्वतन्त्रताको पक्षमा थिएँ। मन्डली आफ्नो खुट्टामा आफै उभिन सिक्नुपर्छ। यही प्रस्तावलाई मैले लिखित रूपमा मन्डलीमा प्रस्तुत गरें। मेरो प्रस्तावलाई सहर्ष स्वीकारेर २०६३ सालमा उहाँहरूले मन्डलीलाई स्वतन्त्र घोषणा गरिदिनुभयो। त्यो स्वतन्त्रताले आजसम्म हाम्रो साइनो र सम्बन्धलाई भावनात्मक आत्मीयतामा जोडिराखेको र बचाइराखेको छ।

## मन्डलीमा सतावट



नेपालको मन्डली इतिहासको पानाहरूलाई एकएक गरी पल्टाउने हो भने कुनै पनि मन्डली सतावटबाट उम्कन पाएन। राणाकाल र पञ्चायतकालको सतावटलाई यो मध्यम पुस्तासँग तुलना गर्ने हो भने हामी भाग्यामानी हौं। शदियौं अगाडिको प्रेरितीय पुस्ताहरूसँग तुलना गर्ने हो भने त झनै हजारौं गुणा भाग्यमानी हौं।

तर कुनै पनि सतावट सहज भने हुँदैन। यो त्यतिखेरको कुरा हो, जति बेला देशमा सङ्कटकाल घोषणा भएको थियो। हाम्रो गाउँमा माओवादीहरू लावालस्करका साथ आउँथे। मेरो बुझाइमा, माओवादीहरूका धारणाअनुसार हामी र हाम्रा सबैजसो कामहरूलाई उनीहरू विदेशी हस्तक्षेप हो भन्थे। धार्मिक स्वतन्त्रताको अनुभव गर्ने पाइएन। उनीहरूले गाउँका सबै चर्चहरूमा आफ्नो कब्जा जमाएर ताला लगाइदिए। अमेरिकन डलर चर्चमा आउँछ भन्ने भ्रम उनीहरूका मानसिकतामा भएकोले बारम्बार हामीसँग चन्दा उठाउन आउँथे। बाइबलमा लेखिएको छ, शत्रुहरूलाई प्रेम गर...। त्यस्तो अवस्थामा हामीले उनीहरूलाई प्रेम गर्न नसके पनि प्रार्थना भने निरन्तर गरिरह्यौं। चर्चमा ताला लगाए तापनि सङ्गतिप्रतिको हाम्रो चाहनामा कसैले ताला लाउन सकेन। रातीराती लुकीछिपी घरघरमा सङ्गति गर्थ्यौं। हाम्रो विश्वास कहिल्यै डगमगाएन। झनझन् आत्मामा बलियो हुँदै निरन्तर प्रार्थना गरिरह्यौं। बन्द गरिएका तालाहरू हाम्रो लगातारको प्रार्थनाको शक्तिले तोडिछाड्यो।

# मन्डलीको नाम परिवर्तन

इतिहासै त बनिसकेको छैन भन्ठान्छु म । भविष्यमा कतै यो इतिहास बिलाइजाने हो कि भन्ने डर भएकोले यसको संरक्षण गर्नु जरुरी छ । म सेवकाइको दौरानमा कहिले गाउँ, कहिले सहर आउनेजाने भइरहन्थ्यो । कामको सिलसिलामा कतिपय विश्वासीहरू पनि काठमाडौं र गाउँ आउनेजाने भइरहन्थ्यो । यसरी काठमाडौं आउनेजाने क्रममा हामीले कुनै निश्चित स्थानमा सङ्गति गर्ने मौका पाएनौं । डेरा लिएर काठमाडौंमै बसेकाहरू पनि सङ्गति बिहीन थिए । नयाँ विश्वासीहरू सही शिक्षा छुट्याउन नसकेर झुटा शिक्षाको मन्डलीमा जान थाले । यस्ता विविध समस्याहरूका कारणले गर्दा हामी गाउँका अगुवाहरू र काठमाडौंका विश्वासीहरूले नयाँ बस्ती जोरपाटीमा घरेलु सङ्गतिको सुरुवात गर्यौं । सङ्गति सुरुवात गर्नुमा पत्रुस सुनुवार र पदम कुमारी सुनुवारको ठुलो योगदान छ । म उहाँहरूलाई पनि धन्यवाद दिन चाहन्छु । यो सानो घरेलु सङ्गतिपछि गएर मन्डलीमा रूपान्तरण भयो । फलस्वरूप २०६२ मङ्सिर ४ गते बाह्र जना विश्वासीहरूबाट औपाचारिक रूपमा



मन्डली घोषणा गरियो । हिमाली क्षेत्रका विश्वासीहरू र पास्टर अगुवाहरूका सक्रियातामा सुरु भएकोले चर्चको नाम हिमालयन चर्च राखियो । हिमालयन नामको कारणले गर्दा हाम्रो सेवकाइको वास्तविक पहिचान समेत अस्पष्टता उत्पन्न भयो । धैरै ख्रिस्टियन संघसंस्थासँग पनि यो नाम उस्तै हुन गएकोमा यसले भविष्यमा विवाद सिर्जना गराउने हो कि भनेर गाउँमा रहेका सम्पूर्ण मन्डलीका अगुवाहरूसँग विशेष बैठक बसी मिति २०६६ साल पुस १७ गतेका दिन मन्डलीको नाम परिवर्तन गरियो । सुरुमा स्थापना भएको मन्डली बेथलेहेम आराधना मन्डली थियो । त्यो २०५३ सालमा भुजी गा.वि.स. को ठिन्केपुमा स्थापना भएको थियो । यो ऐतिहासिक मन्डली भएको कारणले यसको अस्तित्व र इतिहासलाई जोगाइराख्न हामीले मन्डलीको नाम बेथलेहेम राख्ने निर्णय गर्यौं । आराधनाबाट स्वतन्त्र भएपछि आराधनाको सट्टा बेथलेहेम नामको पछाडि ठाउँको नाउँ राखियो । यहीअनुसार स्थापना कालदेखि यतासम्मका मन्डलीहरूमा यही नाउँ राख्ने निर्णय पनि गरियो। अब हिमालयन चर्च बेथलेहेम काठमाडौं नाउँमा परिवर्तन भयो । यस नाउँ परिवर्तनको जानकारी हामीले हाम्रो आशिष पत्रिकाको ४९ औं अङ्कमार्फत् प्रकाशित पनि गरेका थियौं ।



यसरी मेरो नेतृत्व र बेथलेहेम मन्डलीहरूले स्थापना गरेको सम्पूर्ण मन्डलीहरूका नाम बेथलहम ... (ठाउँ) मन्डली भयो । २०५३ देखि २०७८ सम्ममा आइपुग्दा जम्मा पैंतिसवटा बेथलेहेम मन्डलीहरू स्थापना भएका छन् । यी सबै मन्डलीहरूलाई नेतृत्व गर्नको निम्ति मैरै अध्यक्षतामा एक केन्द्रीय समिति पनि गठन भएको

छ । यसै समितिले बेथलेहेम मन्डली नेपालको प्रतिनिधित्व गर्दछ । बेथलेहेम मन्डली नेपालको आफ्नै चेलापन, अगुवापन र साना व्यवसाय तालिम पनि छ। भविष्यको निम्ति चेला तथा अगुवा निर्माण गर्ने काम निरन्तर भइरहेको छ । हाम्रा मन्डलीहरूबाट ईश्वरशास्त्रमा स्नातक र स्नातकोत्तर अध्ययन सक्नेहरू पनि धेरै भएका छन्। बेथलेहेम संयुक्त जवान सङ्गति, दिदीबहिनी सङ्गति र प्रार्थना समूह पनि गठन भएको छ। अर्को सफलताको कुरो बेथलेहेम काठमाडौं वा केन्द्रीय मन्डलीको आफ्नै जग्गा र भवन जोड्न पनि सफल भएको छ।

सेवकाइको अवधीमा लिएका केही तालिमहरूः

1. Delhi Bible Institute छ हप्ते Christian foundation course 1991
2. Haggai Institute एक हप्ताको
3. Youth leadership training तीन दिनको
4. Nepal Bible Training Centre बाट ४० घण्टाको नयाँ नियम बाइबल अध्ययन
5. The Communication Bridges To Cultures training Program 2004.
6. Scriptures in Use Communication Bridges to Oral Cultures II Advanced training Program 2005.
7. सात दिने घुम्ती Bible training, Jeeri 2004.
8. Kairos course for five days at NCFN in 2010.
9. Eight months leadership resources training.
10. Three years Rural Indigenous Pastors Enhancement.
11. Four years Theological Diploma.
12. International Logos Bible Institute Nepal two years BTh level.
13. Pastor Training Certificate 2014
14. International Leadership Institute South Asia 2017
15. सुनुवार भाषा अनुवाद नियम सुसमाचार युहन्नाको पुस्तक
16. सुनुवार भाषामा (Jesus film Recording -2007)
17. सेकुलर– सैक्षिक योग्यता १० पास

**समाजिक सेवा तथा विभिन्न संघसंस्थामा संलग्न भई गरिएको सेवाहरू**

१. श्री गाईघाट सामुदायिक वनको संस्थापक- अध्यक्ष

२. British walfare खानेपानी प्रोजेक्टको कोषाध्यक्ष

३. श्री पिपल डाँडा प्रा.वि संचालक समितिको सदस्य

४. हुपिन्चुली युवाक्लव कार्यसमितिको सदस्य

५. हिमालयन संयुक्त संगति नेपालको संस्थापक- अध्यक्ष

६. रामेछाप जिल्ला ख्रिस्टियन समाज एकताको सल्लाहकार
७. NCFN मध्यमाञ्चल समितिको- उपाध्यक्ष
८. राष्ट्रिय ख्रिस्टियन महासंघ नेपालको केन्द्रीय सदस्य
९. सम्पूर्ण बेथलेहेम मण्डली सञ्चालक समितिको संस्थापक-अध्यक्ष
१०. हिमालयन बाइबल अध्ययन प्रतिष्ठान सस्थापक कार्यसमिति (सदस्य)
११ N.C.F. (मध्यका क्षेत्रीय कार्य निर्वाचित (सदस्य) निर्वाचित (उपाध्यक्ष)
१३. N.C.F. केन्द्रिय- निर्वाचित (सहसचिव)
१५. बुम्देल सामुदायिक स्वास्थ्यसेवा समिति (सल्लाहकार)
१६. छिमेकी पा. सङ्गतिका (संयोजक)
१७. नयाँ आशा नेपाल (अध्यक्ष)
१८. होप फर हिमालय (उपाध्यक्ष)
१९. भुजी गाँउ कमिटीका भूपू तरुणदल (अध्यक्ष) २
भ्रमण भारत, भुटान, बङ्लादेश, अमेरिका

**सेवकाइको कदर गर्दै दिइएका केही प्रशंसा तथा सम्मान पत्रहरू**

१. ठुलोपाताल मन्डलीबाट दसौं वार्षिक उत्सवमा कदर-पत्र प्रदान।
२. सिनै मन्डलीद्वारा आयोजित सुसमाचार कार्यक्रममा प्रशंसा-पत्र।
३. नयाँ संविधान ख्रिस्टियन सुझाव समितिले दिएको कदर-पत्र।
४. बेथलेहेम खसगाउँ मन्डलीद्वारा प्रशंसा-पत्र।
५. NCFN द्वारा प्रशंसा-पत्र।
६. २०६८ उपत्यका ख्रिस्टिय सांगीतिक कार्यक्रम द्वारा प्रशंसा-पत्र।
७. सेवकाइको अनुभवलाई कदर गरी TGCM Bible College मार्फत् BTh Certificate
८. गाँउविकास समिति भुजी रामेछापबाट (सम्मान-पत्र)
९. हिमालयन बाइबल अध्ययन प्रतिष्ठानबाट (कदर-पत्र)
१०. श्री ठिन्केपु आधारभूत विद्यालय (सम्मान-पत्र)
११. बुम्देल सामुदायिक स्वास्थ्य सेवा समिति (कदर-पत्र)
११. बेथलेहेम मन्डली नेपालबाट अविवादन-पत्र
१२. N.C.F मध्यक्षेत्रबाट हार्दिक बधाई ज्ञापन-पत्र

**सेवामा**

**धन बहादुर (दिनेश) सुनुवार**

संस्थापक पास्टर

बेथलेहेम मन्डली नेपाल

# नेपाल ख्रीष्टियन समाज

**Nepal Christian Society**

NCS

(A Common platform of Christian in Nepal)

दर्ता नं. १४७/०६४/६५
आबद्धता नं. ३०२८४
लेखा नं. ३०४३७२१३९

## हार्दिक शुभकामना

बेथलेहेम मन्डली नेपालले आफ्नो स्थापनाको २५ औं वर्ष पूरा गरेको खबर सुन्न पाउँदा हामीलाई धेरै खुसी लागेको छ । विगत २५ वर्षदेखि परमेश्वरको महान् आज्ञा पूरा गर्ने दौडमा आफूलाई बलियो गरी उभ्याएको यस मन्डलीलाई परमेश्वरले अझै धेरै आशिषहरूले भर्नुभएको होस् भनी हामी प्रार्थना गर्दछौं ।

पास्टर दिनेश सुनुवारज्यूको अगुवाइमा इ.सं. १९९६ सालमा रामेछाप जिल्लामा स्थापना भएको यस मन्डली आफ्नो सेवाको दायरा फराकिलो पार्दै आज देशकै राजधानी काठमाडौं र देशका अन्य विभिन्न क्षेत्रसम्म पनि पुगी हजारौंहजार मानिसहरूका निम्ति आशिषको कारण बनिरहेको छ ।

सेवकाइका विभिन्न पाटोहरूलाई यस मन्डलीले झैं सँगसँगै मिलाएर लैजाने कुरा अरू धेरै मन्डलीहरूका निम्ति पनि अनुकरणीय विषय बनेको छ । चेलापन तालिम, अगुवापन तालिम, जवान सम्मेलन, दिदीबहिनी सम्मेलन, सुसमाचारीय कार्यहरू, मन्डली स्थापना तथा विभिन्न समाजसेवाका काम गरेर यस मन्डलीले आफूलाई सेवकाइमा एकदमै प्रभावकारी बनाएको छ ।

समाजसेवा अन्तर्गत यस मन्डलीले विभिन्न अत्यावश्यक ठाउँहरूमा स्वास्थ्य शिविरहरू आयोजना तथा त्यसका निम्ति समन्वय गर्ने, विपन्न परिवारका बालबालिकाहरूल◌ै पनि उचित शिक्षादीक्षा पाउन सकुन् भनेर छात्रवृत्तिहरू प्रदान गर्ने, थप शिक्षकहरू राखेर पठनपाठन सहज बनाउनका निम्ति गाउँठाउँका विद्यालयहरूलाई सहायता गर्ने अनि आवश्यकताअनुसार राहतहरू प्रदान गर्ने कामहरू गर्दै आएको छ । ख्रिस्टको स्वभाव झल्किने गरी अप्ठ्यारोमा परेका मानिसहरूलाई सहायता गर्न सधैं तयार रहने यो मन्डलीको काममा हामीलाई गर्व लाग्छ ।

यति व्यवस्थित र प्रभावकारी सेवकाइको निम्ति नेपाल ख्रिस्टियन समाज परमेश्वर पिताको महिमा गर्दछ र हाम्रो देशमा अझै धेरै यस्ता मन्डली तथा सेवाकाइहरू दिनुभएको होस् भनेर पनि हामी प्रार्थना गर्दछौं । नेपाल ख्रिस्टियन समाज यस मन्डलीसँग सबै प्रकारका सेवाकाइमा सहकार्य तथा साझेदारी गर्न सदैव तयार रहेको पनि हामी जानकारी गराउँदछौं ।

अन्त्यमा, सेवकाइ सुरुवातको २५ वर्ष पूरा गरी रजत जयन्ती मनाउन लागेको यस बेथलेहेम मन्डली नेपाल परिवारलाई नेपाल ख्रिस्टियन समाज हार्दिक शुभकामना व्यक्त गर्दछ ।

डिल्लीराम पौडेल
महासचिव
नेपाल ख्रिस्टियन समाज

**समाजका दाजुभाइहरू आपसी एकतामा बस्नु कति भलो र असल कुरा हुन्छ । भजनसंग्रह १३३:१**

G.P.O. Box No.:8975, EPC 1455, Kathmandu, Nepal,Tel: +977015170227, Tel: +97716200212, Email: nepalchristiansociety96@gmail.com

# बेथलेहेम मन्डलीहरूका संक्षिप्त इतिहासः भाग १

## बेथलेहेम ठिन्केपु मन्डली



बेथलेहेम ठिन्केपु मन्डलीको स्थापना पास्टर दिनेश सुनुवारज्यूबाट २०५३ सालमा भयो । यो रामेछाप जिल्लाको साबिक भुजी गा.वि.स.३, हाल उमाकुण्ड गाउपालिका-७ मा अवस्थित छ। बेथलेहेम मन्डलीहरूका इतिहास यही मन्डलीबाट सुरु भएको हो। यसको विस्तृत जानकारी तपाईंले पास्टर दिनेश सुनुवारको जीवन यात्रामा अध्ययन गर्न सक्नुहुने छ। यो मन्डली सुरु भएको एक वर्षपछि नै यही भुजी गा. वि. स. को डिलखर्क, कोकर्सी र खसगाउँ टोलमा पनि झुण्ड सङ्गति सुरु भयो। २०५५ सालमा यी तीनवटै ठाउँमा बेथलेहेम डिलखर्क, बेथलेहेम कोकर्सी र बेथलेहेम खसगाउँ मन्डली अधिकारिक रूपमा सुरु भयो । यसरी मन्डलीहरू तीव्र रूपमा वृद्धि हुने क्रम निरन्तर चलिरहेको बेला परिस्थितिको कारण पास्टर दिनेश सुनुवारज्यू काठमाडौंमा नै बस्नुपर्ने भएपछि उहाँकै नेतृत्वमा २०६२ सालमा काठमाडौंमा पनि बेथलेहेम काठमाडौं मन्डली सुरुवात भयो।

मैले पनि यही २०६२ सालमा मलेसियमा प्रभुलाई चिन्ने मौका पाएँ। प्रभुको अनुग्रहमा छिट्टै साहुको ऋणहरू तिरेर गाउँ फर्कने मौका पाएँ। गाउँ फर्केपछि म यही बेथलेहेम ठिन्केपु मन्डली जान थालें, कारण यो मेरो घरबाट नजिकै थियो। पास्टर दिनेश सुनुवारको अनुपस्थितिमा बेथलेहेम खसगाउँ मन्डलीको पास्टर कृष्ण बहादुर सुनुवारज्यूको सहायतामा मन्डलीका एल्डरहरूले मन्डली सञ्चालन गर्दै थिए। म यो मन्डलीमा जाने समयमा २२-२३ जना विश्वासीहरू मात्र थिए। त्यसपछि पा. दिनेश र कृष्ण सुनुवारज्यूले मलाई यो मन्डलीलाई अघि बढाउने उत्साह र जिम्मावारी दिए र मैले पनि स्वीकार गरें। वि. स. २०६४ सालदेखि हालसम्म मैले नै यो मन्डलीको पास्टरीय सेवकाइ गरिरहेको छु। मेरै नेतृत्वको समयमा यही भुजी गा. वि. स. १ मा २०६८ मा बेथलेहेम चिलाउने मन्डली पनि स्थापना भयो र हाल यसलाई पा. बम बहादुर सुनुवारले नेतृत्व गर्दै छन्।

हाल बेथलेहेम ठिन्केपु मन्डलीमा बालबालिकाहरू सहित करिब सत्तरी जना विश्वासीहरू छन्। हाल पास्टर भिम बहादुर श्रेष्ठको नेतृत्वमा पाँच जना अभिषिक्त अगुवाहरू छन्। यो मन्डलीको धेरै जवानहरूले चेलापन र अगुवापन तालिम लिएर मन्डलीलाई बलियो बनाउने काम पनि भइरहेको छ। २०७२ को महाभूकम्पले पूरानो मन्डली भवन ध्वस्त बनाएर सङ्गति गर्न गाह्रो भएको थियो । यसको समाधान गर्न पा. दिनेश सुनुवारज्यूले मन्डली भवन निर्माणको लागि सित्तैंमा जग्गा दिनुभयो र उहाँकै सहजीकरणमा नयाँ मन्डली भवन पनि निर्माण भएको छ । यो एक ऐतिहासिक मन्डली भएकोले भविष्यमा यो मन्डलीलाई एक बलियो र उदाहरणीय मन्डली बनाउने योजना र प्रार्थना छ। धन्यवाद !



**पा. भिम बहादुर श्रेष्ठ**
बेथलेहेम ठिन्केपु मन्डली
उमाकुण्ड-७, भुजी, रामेछाप, नेपाल

# बेथलेहेम चिलाउने मन्डली



बेथलेहेम चिलाउने मन्डलीको संस्थापक सदस्यको रूपमा एल्डर खड्ग बहादुर सुनुवारज्यू निर्विवाद हुनुहुन्छ । उहाँले बेथलेहेम ठिन्केपु मन्डलीमा विश्वास गरी लामो समयसम्म त्यस मन्डलीको कोषाध्यक्ष र एल्डरको रूपमा सेवा गर्नुभयो । सुरुमा उहाँको परिवारले विश्वास गरेको कारण म लगायत हाम्रो गाउँमा भएका अरु व्यक्तिहरूले पनि सुसमाचार सुन्ने मौका पायौं । सुसमाचार सुन्नु अघि म व्याकुल र थकित व्यक्ति थिएँ । तर प्रभुलाई पाइसकेपछि म आनन्दित व्यक्ति बनेको छु । मैले वि. स. २०५५ सालमा प्रभु येसुलाई मेरो जीवनको मुक्तिदाता भनी ग्रहण गरें र २०५८ सालमा पानीको बप्तिस्मा पनि लिएँ । २०६२ सालमा तीन महिने मिसन तालिम लिने अवसर मिल्यो । तालिमपश्चात् बेथलेहेम ठिन्केपु मन्डलीमा निरन्तर सेवा गरें ।

हाम्रो गाउँबाट ठिन्केपु मन्डली पुग्नलाई वृद्धहरूलाई एक घण्टाभन्दा बढी समय लाग्ने भएकोले हामीले आफ्नै गाउँमा सङ्गति सुरु गर्नुपर्ने माग राख्यौं । मन्डली र सबैको सहमतिमा वि. स. २०६८ सालमा बेथलेहेम कोकर्सी मन्डलीको मिसनरी पास्टर कमल बहादुर विसुन्खेको नेतृत्वमा चिलाउनेमा नै बेथलेहेम चिलाउने मन्डलीको स्थापना भयो । पास्टर कमलले एक वर्षसम्म हामीलाई सहायता गर्नुभयो । त्यसपछि २०६९ सालमा मैले पास्टरीय तालिम सम्पन्न गरी त्यही सालमा यस मन्डलीको पास्टरमा नियुक्त भई निरन्तर यस मन्डलीको सेवा गर्दै आएको छु ।



हाल मलाई सेवामा सहयोग गर्ने सहपास्टर जीवन सुनुवार लगायत अरू दुई जना एल्डरहरू छन् । यस मन्डलीमा बालबालिकाहरू सहित चालिस जना विश्वासीहरू छौं । सुरुमा निर्माण भएको मन्डली भवन २०७२ सालको महाभूकम्पले ध्वस्त बनाइदियो । त्यसपछि हामीले नयाँ भवन निर्माण गर्न सकेका छैनौं । भविष्यमा यो मन्डलीले अरू छोरी मन्डलीहरू स्थापना गर्ने र साबिक भुजी गा. वि.स. १ का मानिसहरूलाई प्रभुमा जित्ने योजना र प्रार्थना छ । हालसम्म मलाई सेवामा सहायता गर्नुहुने अगुवाहरूसहित सम्पूर्ण मन्डली परिवारलाई धेरै धन्यवाद भन्दछु । यहाँहरू सबैलाई प्रभुले अषिश देउन् ! धन्यवाद !

**पा. बम बहादुर सुनुवार**
बेथलेहेम चिलाउने मन्डली
उमाकुण्ड-७, भुजी, रामेछाप, नेपाल

# बेथलेहेम डिलखर्क मन्डली



बेथलेहेम डिलखर्क मन्डली हाल रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिका-७, साबिक भुजी गा.वि.स. १ को माझखर्कमा अवस्थित छ । बेथलेहेम डिलखर्क मन्डलीको पास्टरको हैसियतले यस मन्डलीको छोटो इतिहास लेख्ने मौका पाएकोमा म धेरै खुसी र परमेश्वरप्रति धन्यवादी छु । बेथलेहेम डिलखर्क मन्डलीको संस्थापक सदस्य स्वर्गीय मैना तामाङ दिदी हुनुहुन्थ्यो । सुरुमा उहाँ परिवारको एक्लो विश्वासी हुनुहुन्थ्यो । उहाँले बेथलेहेम मन्डलीको संस्थापक पास्टर दिनेश सुनुवारको हातबाट बेथलेहेम ठिन्केपु मन्डलीमा २०५३ सालमा पानीको बप्तिस्मा लिनुभएको थियो । उहाँले पानीको बप्तिस्मा लिएको कुरा उहाँको परिवारको सदस्यहरूले झण्डै छ महिनापछि मात्र थाहा पाएका थिए । उहाँले येसुमा विश्वास गरेर चङ्गाइ पाएको भए तापनि जब उहाँ निको हुनुभयो तब उहाँको श्रीमान र आफन्तहरूले विश्वासबाट फर्कन दबाब दिएका थिए । उहाँले बाइबल पढ्न नसके पनि उहाँको जीवनमा परमेश्वरले दिनुभएको चङ्गाइ नै उहाँको निम्ति विश्वासको ठुलो प्रमाण थियो ।



त्यसपछि २०५४ सालको ख्रिसमससमा उहाँको जेठो छोरो आङ छिरिङ तामाङ र उहाँकी बुहारीले पनि विश्वास गरी पानीको बप्तिस्मा लिनुभयो । पानीको बप्तिस्मा लिएको एक महिनापछि नै आङ छिरिङ पाँच महिने पास्टरीय तालिममा जानुभयो र फर्किसकेपछि २०५५ सालको श्रावण महिनाबाट उहाँकै घरमा शनिबारको सङ्गति सुरु भएको थियो । केही समयपछि अर्को दुई परिवारले पनि विश्वास गरे । यसरी घरमै सङ्गति सुरु भएको कारण म लगायत धेरै मानिसहरू सङ्गति हेर्न जान्थ्यौं । विश्वास गर्नेहरू धेरैले विभिन्न रोगबाट छुटकारा पाएको देखियो । विवाहपछि लामो समयसम्म बच्चा नभएकाहरूले बच्चा पनि जन्माए । त्यसपछि मन्डली भवन बन्यो र विश्वासीहरू पनि थपिने क्रम जारी रहयो । यसै क्रममा मैले पनि २०५६ सालमा येसु ख्रिस्ट नै साँचो परमेश्वर र मेरो मुक्तिदाता हुनुहुन्छ भनेर थाहा पाएँ र प्रभुमा विश्वास गरें । विश्वासमा बढ्दै जाने क्रममा बाइबलको रहस्यमय वचनको प्रकाश पाउँदै गएँ । येसुमा विश्वास गर्नेले रोगबाट मात्र हैन तर पापबाट पनि छुट्कारा पाउने रहेछ भनी थाहा पाएँ ।

यसरी विश्वासीहरू बढ्ने क्रम जारी थियो । तर माओवादी र सरकार बिचको चरम द्वन्दको कारणले गाउँघरमा भएका दाजुभाइहरू धेरै गाउँमा बस्न सक्ने अवस्था भएन । त्यो समयमा, "हामी क्रान्तिको कुरा गर्छौं तर तपाईंहरू शान्तिको कुरा मात्र गर्नुहुन्छ" भन्दै पास्टरहरूलाई धम्क्याउने र उनीहरूसँग हिंड्नुपर्छ भन्नेजस्ता दबाब बढेको हुनाले २०६१ सालमा पास्टर आङ छिरिङ तामाङले मलाई पास्टरीय सेवा जिम्मा दिईकन मलेसिया जानुभयो ।



म २०६१ सालपछि बेथलेहेम डिलखर्क मन्डलीको पास्टरीय सेवामा निरन्तर लागिरहेको छु। छोटो समयजस्तो लाग्छ तर पास्टरीय सेवा गरेको पनि सत्र वर्ष पूरा भइसकेछ। हाल यो मन्डलीमा एक सय जनाभन्दा बढी विश्वासीहरू छन्। यो मन्डलीले दुईवटा छोरी मन्डलीहरू स्थापना गरेको थियो तर एउटा मन्डलीको चाहिं सबै विश्वासीहरू काठमाडौं गए। यसकारण, अहिले एउटा मात्र छोरी मन्डली छ र त्यो उमाकुण्ड गाउँपालिका-६ सतारमा अवस्थित छ। त्यहाँ पच्चिस जनाभन्दा बढी विश्वासीहरू छन्। यस मन्डलीको पन्ध्र जनाभन्दा बढीले चेलापन तालिम लिइसकेका छन्। यही मन्डलीमा विश्वास गरेका एक जनाले फिलिपिन्सबाट ईश्वरशात्रमा स्नातकोत्तर गरेका छन् भने, एक जनाले स्नातक गरी काठमाडौं मन्डलीमा सेवारत छन्।
म हाल पास्टरीय सेवाको साथमा बेथलेहेम मन्डली नेपालको कोषाध्यक्ष, बेथलेहेम अगुवापन तालिको निर्देशकको रूपमा पनि सेवारत छु। मन्डलीलाई अगुवाइ गर्नुका साथै समाज र परिवारको पनि अगुवाइ गर्दै छु। २०७२ सालमा पास्टर आङ छिरिङ तामाङ पनि नेपाल फर्कनुभयो र पास्टरीय सेवामा मलाई सहायता गर्नुको साथै बेथलेहेम चेलापन तालिमको निर्देशकको रूपमा सेवारत हुनुहुन्छ। हाल हाम्रो मन्डलीमा दुई जना पास्टर र एक जना एल्डर गरी तीन जना अभिषेक अगुवाहरू छौं।
मेरो सेवकाइको दौरानमा धैरै किसिमका चुनौतिहरू खेप्नुपर्यो। तर ती यहाँ व्याख्या गर्न उचित ठानिनँ। चुनौतिहरू सामना गर्दै प्रभुको सेवामा अघि बढिरहें र हाल परमेश्वरले मलाई चुनौति हैन आशिष दिनुभएको छ। त्यसैले प्रभुको सेवामा निरन्तर लागिरहने प्रतिबद्धता गरेको छु। अन्तमा, बेथलेहेम मन्डलीका शारीरिक र आत्मिक दुबै अग्रजहरूप्रति आभार प्रकट गर्दछु। धन्यवाद !

**पा. लाछिरी शेर्पा**
बेथलेहेम डिलखर्क मन्डली
उमाकुण्ड-७, भुजी, रामेछाप, नेपाल

## बेथलेहेम सतार मन्डली



बेथलेहेम सतार मन्डली साबिक गुप्तेश्वर गा.वि.स. ५ तथा उमाकुण्ड गाउँपालिका-६ सतारमा अवस्थित छ । यो मन्डली बेथलेहेम डिलखर्क मन्डलीको नेतृत्वमा २०७० सालमा सुरु भएको थियो । हाल यस मन्डलीमा पच्चिस जना विश्वासीहरूले सङ्गति गरिरहेका छन् । विश्वासीहरू थोरै सङ्ख्यामा भए पनि आमा मन्डलीको पास्टर लाछिरी शेर्पाज्यू र मन्डली परिवारको सक्रियतामा यस मन्डलीको आफ्नै जग्गा र भवन छ । यस ठाउँमा बुद्ध धर्ममा आस्था राख्ने शेर्पा जातिहरूका बाहुल्यता छ । एकदमै विकट र शिक्षामा पछि परेको ठाउँ भएकोले यस ठाउँका मानिसहरूले प्रभुमा विश्वास गर्न सकोस् भनी प्रार्थना गरिदिनुहोला । धन्यवाद !



**अगुवा निमाफुर्वा शेर्पा**
बेथलेहेम सतार मन्डली
उमाकुण्ड-६, गुप्तेश्वर रामेछाप


# हार्दिक शुभकामना!

बेथलेहेम मन्डली नेपालको सुरुदेखि हालसम्म भए गरेका गतिविध सम्बन्धी ऐतिहासिक स्मारिका २०७८ प्रकाशन गर्न लागेको हुँदा, उमाकुण्ड गाउँपालिका-७ भुजी वडा कार्यलयको तर्फबाट तथा म, रुद्रमणी नेवारको तर्फबाट मन्डली समूहको उत्तरोउत्तर प्रगतिको कामना साथ स्मारिकामा दुई-चार शब्द व्यक्त गर्ने अवसर दिएकोमा बेथलेहेम मन्डली परिवारलाई हृदयदेखि कृतज्ञता व्यक्त गर्दछु ।

उमाकुण्ड गाउँपालिका- ७, भुजी
**रुद्रमणी नेवार**
वडा अध्यक्ष

# बेथलेहेम खसगाउँ मन्डली



जनकपुर अञ्चल रामेछाप जिल्ला भुजी गा.वि.स. ४, हाल उमाकुण्ड गाउँपालिका-७ मा रहेको बेथलेहेम खसगाउँ मन्डली २०५२-५३ देखि पा. दिनेश सुनुवार र पा. ज्ञान बहादुर सुनुवारबाट सुसमाचारको कारणले परमेश्वरको वचनमा अभिप्रेरित हुँदै दुई-चार जना मिली झुण्डको रूपमा घरको दलानमा परमेश्वरको सङ्गति सुरु भएको थियो । यसै क्रममा पा. दिनेशको सहजीकरणबाट मिति २०५५ सालको असोज महिनाबाट आफ्नै मन्डली भवन निर्माण गरी मेरो नेतृत्वमा सङ्गतिलाई अघि बढाउन सफल भयौं ।

मन्डली भवन निर्माणपछि यो मन्डली सुसमाचार प्रचारमा तीव्र रूपमा लागिपर्यो । यो मन्डली र मेरो नेतृत्वमा भुजी-५ कोल्डाँडामा खुल्ला सुसमाचार प्रचार कार्यक्रम सम्पन्न भयो । त्यसै गरी सैपुको पहरेदेखि बाम्ती भण्डारसम्मको मन्डलीहरूका संयुक्त इस्टर कार्यक्रम भुजी-४ को फुटबल चउरमा सम्पन्न गर्न सफल भयौं । यसरी विभिन्न सुसमाचार कार्यक्रम र मन्डलीलाई अघि बढाउने कार्य निरन्तर चलिरहेको छ । मन्डलीको सेवालाई मजबुत बनाउनको निम्ति विभिन्न तालिमहरूमा सहभागी हुने र अरूलाई तालिम दिई अगुवा निर्माण कार्यमा पनि लागिरहेका छौं ।

हाल यस मन्डलीमा मेरो नेतृत्वमा एक सहपास्टर, एक एल्डर र एक डिकनेससहित तीन जना अभिषिक्त अगुवाहरू छन् । हाल यस मन्डलीमा वा गाउँमै बसेर सङ्गति गर्ने विश्वासीहरू सानाठुला सबै गरेर एक सय छ जना छन् । हाल यसै मन्डलीको नेतृत्वमा लिखु तामाकोसी-१, पिङ्गतिमा पनि एक झुण्ड सङ्गति सुरु भएको छ र यसले छिट्टै मन्डलीको रूप लिने छ ।



अन्त्यमा, यो मन्डली यहाँसम्म आइपुग्नु मेरो एक्लो प्रयास र कोसिसले मात्र सम्भव थिएन । यसको पहिलो श्रेय परमेश्वरलाई दिन्छु र दोस्रो श्रेय मलाई हरसमय सल्लाहसुझाव दिनुहुने पास्टर दाजु दिनेश र मेरो मन्डलीको सहपास्टर भोज र मन्डली समिति दिन्छु । साथै, सम्पूर्ण मन्डलीको सदस्यज्यूहरू धन्यवादको पात्रहरूहुनुहुन्छ । प्रभुले सबैलाई अषिश देउन् ! धन्यवाद !

**पा. कृष्ण बहादुर सुनुवार**
बेथलेहेम खसगाउँ मन्डली
उमाकुण्ड-७, भुजी, रामेछाप, नेपाल

## बेथलेहेम कोकर्सी मन्डली



बेथलेहेम कोकर्सी मन्डली २०५५ साल असोज १५ गतेको दिन रामेछाप जिल्लाको साबिक भुजी गा.वि.स. ५, उमाकुण्ड-७ को कोकर्सीमा स्थापना भयो। मेरो नेतृत्वमा यो मन्डली स्थापना भयो। म भारतको मेघालयमा हुँदा मैले प्रभुलाई विश्वास गरें। म गाउँ फर्केर आउँदा भुजीको ठिन्केपुमा बेथलेहेम ठिन्केपु मन्डली स्थापना भइसकेको रहेछ। सङ्गति गर्न म त्यहाँ गएँ। तर दु:खको कुरो मैले मन्डलीभित्र बसेर सङ्गति गर्ने मौका पाइनँ। त्यो समयमा सामाजमा जातीय भेदभाव कायम नै रहेकोले समाजको डरले मलाई मन्डलीको बाहिर नै बसेर सङ्गतिमा सहभागी हुने मौका दिनुभयो। त्यसपछि मैले मेरो गाउँमा अरूलाई पनि सुसमाचार सुनाएँ र अरू दुई परिवारले पनि प्रभुमा विश्वास गरे। हामी मन्डलीको बाहिर नै बसेर भए पनि सङ्गति गर्न ठिन्केपुमा जाँदै थियौं। एक दिन त्यस मन्डलीको पास्टर दिनेश सुनुवारले "अब तपाईंहरूका टोलमा नै सङ्गति सुरु गरौं" भनी उत्साह दिनुको साथै उहाँ हाम्रो गाउँमा आएर हाम्रो घरमा हामीसँगै बसेर खानपिन गर्न लाग्नुभयो। यसरी उहाँको उत्साहमा मैले पनि आँट गरें र हाम्रै टोलमा साप्ताहिक सङ्गति सुरु भयो।

त्यसपछि म पास्टर दिनेश सुनुवारको सिफारिसमा पाँच महिने पास्टरीय तालिममा गएँ। तालिमपश्चात् विश्वासी र मन्डली वृद्धि तीव्र रूपमा अघि बढ्यो। बिस्तारै जातीय भेदभाव पनि हट्न थाल्यो अनि बेथलेहेम मन्डलीहरूका संयुक्त ख्रिसमस कार्यक्रम पनि यही मन्डलीमा हुन थाल्यो। यसपछि यो मन्डली वृद्धिसँगै अरू छोरी मन्डलीहरू पनि वृद्धि हुन थाल्यो। मन्डली वृद्धिसँगै विभिन्न व्यक्तिहरूलाई मन्डली स्थापना र सुसमाचार प्रचारसम्बन्धी तालिमहरूमा पठाउने काम भयो र उनीहरू तालिमबाट फर्केपछि मन्डली स्थापना गर्ने काम निरन्तर चलिरहयो। पहिलो छोरी मन्डलीको रूपमा ओखलढुङ्गा जिल्लाको खिजिकातिमा मन्डली स्थापना भयो। त्यसपछि रामेछापको सैपु ओख्रेनीमा, दुरागाउँको कट्टिमा, प्रीतिको लेलेदिममा र बिजुलकोटको कोटगाउँमा गरी जम्मा पाँचवटा छोरी मन्डलीहरू स्थापना गरेका छौं।



हाल यी छोरी मन्डलीहरू सबैमा पास्टर र एल्डरहरू छन् भने कोकर्सी मन्डलीमा मलाई सहायता गर्ने अरू सात जना अभिषिक्त पास्टर, एलडर र डिकन/डिकनेसहरू छन्। यसरी मन्डलीमा अगुवा निर्माण गरी विश्वासीहरूलाई पवित्र धर्मशात्रबाट साँचो शिक्षा सिकाउने, सेवालाई मजबुद र भरपर्दो बनाउने, सुसमाचार प्रचार गर्ने र समाज रूपान्तरण गर्ने काम निरन्तर चलिरहेको छ।

**पा. योग बहादर विसुन्खे**
बेथलेहेम कोर्कर्सी मन्डली
उमाकुण्ड-७, भुजी, रामेछाप, नेपाल

## बेथलेहेम खिजिकाती मन्डली



बेथलेहेम काती मन्डली ओखलढुङ्गा जिल्लाको खिजिदेम्बा गाउपालिका-४ मा अवस्थित छ । यो मन्डली स्थापना गर्ने व्यक्ति पास्टर खड्ग बसेलज्यू हुनुहुन्छ । उहाँले रामेछापको भुजीबाट घण्टौ कठिन यात्रा गर्दै २०५७ सालमा सङ्गति सुरु गरी २०६९ सालसम्म निरन्तर सेवा गर्नुभयो । उहाँले पछि चेला निर्माण गरी सेवकाइलाई जिम्मा दिनुभएको थियो । पछिल्लो समय त्यस ठाउँमा एक परिपक्व अगुवाको आवश्यक परेको कारण बेथलेहेम मन्डली नेपालले मलाई सेवकाइको निम्ति पठायो । म त्यहाँ गएको समयमा त्यति धेरै विश्वासीहरू थिएनन् । हाल यो मन्डलीमा पैंतालिस जनाले सङ्गति गरिरहेका छौं । केही वर्ष सेवकाइ गरिसकेपछि म यो मन्डलीको पास्टरको रूपमा अभिषेक भएँ । म रामेछापको प्रीतिबाट तीन-चार घण्टा यात्रा गरेर यस ठाउँमा सङ्गति दिन जाँदै छु । म जान नपाएको बेलामा उक्त मन्डलीको एल्डर र चेलापन तालिम सम्पन्न गरेका जवान अगुवाहरूले सङ्गतिलाई सञ्चालन गर्ने काम गर्दै छन् । यसरी मन्डली वृद्धि हुने कार्य पनि निरन्तर चलिरहेको छ । धेरैले चेलापन र अगुवापन तालिम लिइसकेका छन् । भविष्यमा धेरैलाई तालिम दिएर मन्डलीलाई सक्षम बनाई नयाँ ठाउँमा सुसमाचार प्रचार गर्ने र मन्डली स्थापना गरी गुणात्मक रूपमा अघि बढाउने योजना र प्रार्थना छ । धन्यवाद !



**पास्टर लोक बहादुर अच्छामे**
बेथलेहेम खिजिकाती मन्डली
खिजिदेम्बा-४, ओखलढुङ्ग

## बेथलेहेम सैपु मन्डली

बेथलेहेम सैपु मन्डली हाल रामेछाप जिल्लाको लिखु तामाकोसी गाउँपालिका-२ को ओख्रेनीमा अवस्थित छ । २०६४ को सुरुतिर बेथलेहेम कोकर्सी र बेथलेहेम काती मन्डलीका विश्वासीहरूले येसुको बारेमा सुसमाचार सुनाइसकेपछि २०६५ सालमा चन्द्र बहादुर मगराती र उहाँको परिवारले प्रभुमा विश्वास गरे । उहाँले विश्वास गरिसकेपछि म लगायत अरू कतिले पनि विश्वास गर्यौं । उहाँले विश्वास गरिसकेपछि छोटो समयको चेलापन र अगुवापन तालिम पूरा गरेलगतै बेथलेहेम मन्डलीले उहाँलाई बेथलेहेम सैपु मन्डलीको पास्टरमा



अभिषेक गरी नियुक्त गर्यो । यसपछि निरन्तर प्रभुको सेवा र सुसमाचार अघि बढ्यो । यसै क्रममा हाल चौध घरपरिवारले प्रभुमा विश्वास गरेका छन् । यस मन्डलीको धेरै जवानहरूले चेलापन तालिम लिएर विभिन्न ठाउँमा सुसमाचार पुर्याउने काम पनि भइरहेको छ । कति जना

छोरीहरू विवाह भएर विभिन्न मन्डलीहरूमा पुगेर सेवामा सहायता पुर्याउने काम पनि गरिरहेका छन् । हाल पा. चन्द्र बहादुर मगराती उमेरमा वृद्ध हुनुको साथै शरीरिक रूपले अस्वस्थ भएको कारण मेरो नेतृत्वमा अरू दुई जना एल्डर र डिकन मिलेर यस मन्डलीलाई निरन्तर सञ्चालन गर्ने काम गरिरहेका छौं । आउने दिनमा सुसमाचारको बोझ र नयाँ ठाउँमा मन्डली स्थापना गर्ने दर्शन भएका जवानहरूलाई तालिम दिई विभिन्न ठाउँमा मन्डली स्थापना गर्ने र समाजमा जनचेतना फैलाई समाजलाई रूपान्तरण गर्ने योजना छ । धन्यवाद !

**सेवामा**
**एल्डर तीर्थ बहादुर मगराती**
बेथलेहेम सैपु मन्डली
लिखु तामाकोसी-२, सैपु, रामेछाप

## बेथलेहेम कोटगाउँ मन्डली



बेथलेहेम कोटगाउँ मन्डली रामेछाप जिल्लाको लिखु तामाकोसी गाउँपालिका-४ बिजुलकोट कोटगाउँमा अवस्थित छ । यस ठाउँमा २०७१ सालसम्म कसैले पनि येसुलाई चिनेका थिएन । बेथलेहेम सैपु मन्डली परिवारसहित मैले यस ठाउँको निम्ति प्रार्थना गर्यौं र परमेश्वरले हाम्रो प्रार्थना सुन्नुभयो । हामीसँगै दाजु टिका बराइली, अगुवा भक्तराज विसुन्खे र पास्टर खड्ग बसेलज्यूको पनि निरन्तर प्रार्थना र सहयोग यस ठाउँमा छ । यसै क्रममा २०७२ को सुरुतिर एक जना भाइ भूतात्माबाट पीडित हुनुहुन्थ्यो र उहाँलाई प्रार्थना गर्न टिका बराइली र पास्टर खड्ग बसेलज्यू जानुभयो । उहाँहरूले प्रार्थना गरेपछि त्यो भाइ निको भयो र दुई जनाले विश्वास पनि गरे । त्यसपछि अगुवा भक्तराज र मैले आलोपालो गर्दै घरेलु सङ्गति दिन थाल्यौं र सङ्गति गर्दै जाने क्रममा विश्वासीहरू वृद्धि हुँदै गए । त्यसपछि विश्वास गरेका जवान भाइबहिनीहरूलाई चेलापन तालिमा पठायौं र चेलापनको टिमसहित हामीले त्यस क्षेत्रको हरेक घरमा सुसमाचार प्रचार गर्ने काम पनि गर्यौं । यसै क्रममा विश्वासी सङ्ख्या बढेर हाल तीस जना पुगेको छ । हाल यस मन्डलीमा म सहित तीन जना अगुवाहरू छौं । यही २०७८ सालमा बेथलेहेम काठमाडौंलगायत विभिन्न मन्डलीहरूका सहयोगमा सानो ट्रस्ट र जस्ताको सङ्गति गर्ने भवन पनि बनेको छ । भविष्यमा यस मन्डलीबाट धेरैलाई तालिम दिई विभिन्न ठाउँमा सुसमाचार पुर्याउने र मन्डली स्थापना गर्नुको साथै समाजमा जनचेतना फैलाई समाज रूपान्तरण गर्ने योजना छ । धन्यवाद !



**पास्टर सिंह बहादुर बि.क.**
बेथलेहेम कोटगाउँ मन्डली
लिखु तामाकोसी-४, रामेछाप

# बेथलेहेम कट्टी मन्डली



बेथलेहेम कट्टी मन्डली हाल रामेछाप जिल्लाको लिखु तामाकोसी गाउँपालिका-१, साबिक दुरागाउँ गा.वि.स. ७ मा अवस्थित छ । यो मन्डली बेथलेहेम कोकर्सी मन्डलीको नेतृत्वमा सुरु भएको थियो । यो सङ्गति लोकमान विसुन्खे परिवार हुँदै, चन्द्रमाया बर्माशाखा र काजीराम विसुन्खेको परिवारले विश्वास गरेपछि सानो कोठाबाट सुरु भएको थियो । त्यसपछि विश्वासी सङ्ख्या वृद्धि हुँदै गएपछि सानो कटेरा बन्यो । त्यसमा पनि अटाइएन । त्यसपछि श्री काजीराम विसुन्खेले मन्डली भवनको लागि जग्गा उपलब्ध गराउनुभयो र २०६८ सालमा सानो मन्डली भवन निर्माण भई आधिकारिक रूपमा बेथलेहेम कट्टी मन्डलीको स्थापना भयो । मन्डली स्थापनासँगै त्यस मन्डलीको पास्टरमा काजीराम विसुन्खेलाई नियुक्ति गरियो । वि. स. २०७० सम्ममा यस मन्डलीको विश्वासी सङ्ख्या पैंतिस जना पुगेको थियो । दु:खको कुरो २०७० सालमा नै पा. काजीराम विसुन्खेको मृत्यु भयो । त्यसपछि केही विश्वासीहरू पनि संसारमै फर्कनुभयो र यस मन्डलीको विश्वासी सङ्ख्या अठार जना भएको थियो ।



पास्टर काजीराम विसुन्खेको मृत्युपश्चात्, २०७०-७२ सम्म यस मन्डलीको नेतृत्व बेथलेहेम कोकर्सी मन्डलीको एल्डर संजिव मगरातीले गर्नुभयो । त्यसपछि यस मन्डलीको सेवकाइ बेथलेहेम कोकर्सी मन्डलीको सदस्य किशोर विसुन्खेले (मैले) जिम्मा लिएँ । २०७२ सालदेखि हालसम्म मेरै नेतृत्वमा यो मन्डली सञ्चालन भइरहेको छ । हाल यस मन्डलीको सदस्यहरू सत्तरी जना भएको छ । यस मन्डलीको आर्थिक, भौतिक र आत्मिक रूपमा जागृतिसहित मन्डलीलाई सुव्यवस्थित बनाउने प्रयास गर्दै प्रभुमा निरन्तर अघि बढिरहेको छु । यसको निम्ति शनिबारको सङ्गतिबाहेक उपवास प्रार्थना, डाँडाको प्रार्थना, जागृति प्रार्थना, हरेक शनिबार सङ्गति पछि बाइबल अध्ययन सञ्चालन गरिरहेको छु । यो मन्डली यहाँसम्म आउनलाई भौतिक, आर्थिक र आत्मिक योगदान दिनुहुने सम्पूर्ण अग्रजहरूलाई धन्यवाद भन्दछु । सबै कुराको श्रेय र महिमा परमेश्वरलाई नै दिंदछु ।

**पास्टर किशोर विसुन्खे**
बेथलेहेम कट्टी मन्डली
लिखु तामाकोसी-१, दुरागाउँ, रामेछाप

# बेथलेहेम प्रीति मन्डली



बेथलेहेम प्रीति मन्डली रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिका-४ साबिक प्रीति गा.वि.स. ९ लेलेदिम टोलमा अवस्थित छ । यस मन्डलीको पृष्ठभूमि भन्नुपर्दा, कामको सिलसिलामा मैले २०५९ सालमा काठमाडौंमा प्रभु येसुलाई प्रभु र मुक्तिदाता भनी विश्वास गरें । त्यसपछि २०६६ सालमा बेथलेहेम काठमाडौं मन्डलीबाट पानीको बप्तिस्मा लिएर गाउँमा फर्किएँ । गाउँमा आएपछि मेरो परिवारको पाँच जनाले विश्वास गरे । त्यसपछि गाउँमा पनि सङ्गतिको अवाश्यक्ता भयो र पास्टर दिनेश सुनुवारज्यूलाई अनुरोध गरें । उहाँले यसलाई सहजै स्वीकार गरी बेथलेहेम कोकर्सी मन्डलीको पास्टर कमल बहादुर विसुन्खेज्यूलाई सङ्गति सुरु गर्न पठाउनुभयो । यसरी सङ्गति सुरु भएपछि अरू मानिसहरूले पनि सुसमाचार सुनी विश्वास गर्ने मौका पाए । केही समयपछि मलाई नै काठमाडौंमा अगुवा तालिममा पठाउनुभयो र त्यसपछि मलाई नै यस सङ्गतिको नेतृत्वको जिम्मा पनि दिनुभयो । यसरी विश्वासीहरू वृद्धि हुनेक्रम निरन्तर बढेपछि बेथलेहेम काठमाडौं मन्डलीकै नेतृत्वमा मिति २०७० सालमा सङ्गतिको निम्ति मन्डली भवन पनि निर्माण गरियो ।



त्यो मन्डली भवन २०७२ सालको भूकम्पले जोखिपूर्ण बनाइदिएकोले त्यसपछि हामीले पा. पूर्ण बहादुर विसुन्खेको सहजीकरणमा ट्रस्ट र जस्ताको टहरो निर्माण गरी सङ्गति गरिरहेका थियौं । हाल फेरि पास्टर दिनेशज्यूकै सिफारिसमा राष्ट्रिय मन्डली सङ्गति नेपालको आर्थिक साझेदारीमा मन्डली भवन निर्माण भइरहेको छ । यसरी मेरो परिवारको पाँच जना सदस्यहरूबाट सुरु भएको सङ्गति हाल एक सय जनाको सङ्ख्यामा भएको छ । यस मन्डलीको नेतृत्वमा रामेछापको सालुमा मन्डली सुरु भएको छ भने यसै मन्डलीको सहपास्टर लोक बहादुर अच्छामेले ओखलढुङ्गाको बेथलेहेम खिजिकाती मन्डलीको नेतृत्व पनि गरिरहनुभएको छ । अगुवा उत्पादनकै क्रममा हाल भाइ धनराज आच्छामे नेपाल एबेनेजर बाइबल कलेजमा



ईश्वरशास्त्रमा स्नातक तहको तेस्रो वर्षमा अध्ययनरत हुनुहुन्छ । यसै गरी यो मन्डलीले भविष्यमा अरू धेरै अगुवाहरू निर्माण गरी मन्डलीहरू स्थापना गर्ने योजना र प्रार्थना छ । धन्यवाद !

**पास्टर गुन्दास अच्छामे**
बेथलेहेम प्रीति मन्डली
उमाकुण्ड-४, प्रीति, रामेछाप

## बेथलेहेम सालु मन्डली



बेथलेहेम सालु मन्डली रामेछाप जिल्लाको मन्थली नगरपालिका-४ सालुको सिम्लेमा अवस्थित छ । यो ठाउँमा कुनै पनि मन्डलीहरूले सुसमाचार पुर्याउन सकेको थिएन । २०७१ सालमा मैले बेथलेहेम मन्डलीको विश्वासीहरूबाट सुसमाचार पाएँ र प्रभु येसुमा विश्वास गरें । यसै क्रममा बेथलेहेम काठमाडौं मन्डलीबाट पानीको बप्तिस्मा पनि लिएँ । मैले विश्वास गरे पनि मेरो परिवार र समाजलाई केही समय थाहा दिएको थिएन । एक दिन पास्टर पूर्ण बहादुर विसुन्खे मेरो घरमा आउनुभयो र मैंरै घरको कोठामा दुइ भाइ बसी कसैलै थाहा नपाउने गरी यस ठाउँका मानिसहरूले सुसमाचार स्वीकार गर्न सकुन् भनी प्रार्थना गर्यौं ।

केही समयपछि पास्टर पूर्णकै पहलमा काठमाडौंबाट सुसमाचारको लागि टिम लिएर आउनुभयो । त्यसपछि मानिसहरूले सुसमाचार सुने र कतिले विश्वास गर्ने इच्छा पनि जाहेर भयो । यसपछि म विदेश गएँ । यस ठाउँमा सुसमाचार प्रचार र सङ्गति सुरु गर्नको निम्ति बेथलेहेम प्रीति मन्डलीको जवान अगुवा धनराज अच्छामेले निरन्तरता दिनुभयो । यसरी उहाँको नेतृत्वमा सङ्गति सुरु भएर पछि दूरीको हिसाबमा बेथलेहेम च्यास्कु मन्डली नजिक भएकोले पा. नारायण श्रेष्ठज्यूले सङ्गतिमा सहायता गरिरहनु भएको छ । म आफै यस मन्डलीको एल्डरमा अभिषेक भए तापनि मेरो व्यक्तिगत कामले गर्दा स्थायी रूपमा यहाँ बस्न नपाएकोले जवान अगुवा मंगल विसुन्खे र पास्टर नारायण श्रेष्ठले नेतृत्व गरिरहनुभएको छ । हाल यस मन्डलीमा सोह्र जना विश्वासीहरू छन् । भविष्यमा यो मन्डलीलाई एक असल मन्डली बनाउने योजना र प्रार्थना छ । धन्यवाद !

**एल्डर निर कुमार बसेल**
बेथलेहेम सालु मन्डली
मन्थली-४, रामेछाप


## शुभकामना !

बाइबलीय र ईश्वरशास्त्रीय जगमा सन्तुलित तवरले वृद्धि भइरहेको एउटा सशक्त मन्डलीको रूपमा हामीले बेथलेहेम मन्डली नेपाललाई चिनेका छौं। ख्रीष्टको शिर यस मन्डलीद्वारा उच्च पारिएको छ। विगत २५ वर्षदेखि आफ्नो मन्डलीप्रति प्रभुले फैलाउनुभएको अँगालो देखेर हामी साह्रै उत्साहित भएका छौं। बेथलेहेम मन्डली नेपाललाई हामी हार्दिक बधाइ ज्ञापन गर्दछौं।

**पा. गणेश तामाङ**
बाइबलीय वकालत

# बेथलेहेम च्यास्कु मन्डली



म बेथलेहेम च्यास्कु मन्डलीको पास्टर नारायण श्रेष्ठको तर्फबाट सबै मन्डली परिवारमा जयमसिह भन्न चाहन्छु । यो मन्डली कसरी कहिले र कोद्वारा सुरु भयो भन्नेबारे संक्षिप्तमा बताउने छु । त्योभन्दा पहिले मैलै कसरी प्रभुलाई पाएँ भन्नेबारे सुरु गर्न चाहन्छु । मेरो बुबा कट्टर हिन्दु र धामी हुनुहुन्थ्यो । हाम्रो समाजमा येसु ख्रिस्टमा मुक्ति र शान्ति छ भनेर हामीलाई कसैले पनि प्रचार नगरेको कारण हामी सधैं सबै जना त्यही अन्ध विश्वासमै मूर्तिहरू पुजिरहेका थियौं ।

मेरी श्रीमती रोगी थिइन् र धेरै धामीझाँक्री र उपचार गरे पनि निको भएको थिएन । यसकारण, बेलाबेलामा सोच्ने गर्थे, के गर्यो भने मेरी श्रीमती निको होलिन् । मैले कसरी शान्ति पाउला भनेर विचार गर्ने गर्थें । यही समयमा मेरो दिदी भिनाजुले येसुमा विश्वास गर्यो भने निको हुन्छ र शान्ति र मुक्ति पनि पाउँछौं भन्नुभयो । तर समाजले घृणा गर्छ होला भनेर चुपै लागि बस्यौं । दिनहरू बित्दै गयो र एक दिन बेथलेहेम ठिन्केपु मन्डलीको सदस्य श्री कर्ण बहादुर श्रेष्ठले प्रभुको बारेमा राम्रोसँग बुझाउनुभयो । त्यसैले हामी परिवारको छ जना सदस्यले मिति २०६८/१२/२४ गतेको दिन प्रभु येसु नै परमेश्वर हुनुहुन्छ भनी विश्वास र ग्रहण गर्यौं ।



मिति २०७०/०९/१० गतेका दिन बेथलेहेम कोकर्सी मन्डलीको पास्टर पूर्ण बहादुर बिसुन्खेले त्रिपालमा पानी जम्मा गरी म र मेरी श्रीमतीलाई पानीको बप्तिस्मा दिनुभयो र सङ्गति पनि सुरुवात गरियो । पुरानो घरको दलानमा बसेर सङ्गति गर्दै दुई वर्ष बिताइयो । यही दुई वर्षभित्र समाजमा धेरैलाई सुसमाचार पनि सुनाइयो । कतिले सुने त कतिले सुन्न पनि इन्कार गरे । मिति २०७२ को फागुन महिनामा पा. पूर्ण र बेथलेहेम काठमाडौं मन्डलीको सहजीकरणबाट मन्डली भवन पनि निर्माण भयो । हाल यस बेथलेहेम च्यास्कु मन्डलीमा सत्ताइस जना विश्वासीहरूका बिचमा सङ्गति भइरहेको छ ।

# बेथलेहेम ओख्रेनी मन्डली

च्यास्कुबाट दुई घण्टा पैदल यात्रा गरेर पुग्न सकिने रामेछाप नगरपालिका-६ को ओख्रेनीमा पनि २०७२ सालमा सुसमाचार पुग्यो । २०७३ सालबाट त्यहाँ पनि सङ्गति सुरु भयो । अहिले यस बेथलेहेम ओख्रेनी मन्डलीमा पन्ध्र जना सदस्यहरूले सङ्गति पाएका छन् । हाल ओख्रनीमा पनि सानो अस्थायी मन्डली भवन निर्माण भएको छ । आगामी दिनमा धेरै अगुवाहरू उत्पादन गर्दै धेरैलाई प्रभुमा डोर्याउने र सुसमाचार फैलाई मन्डलीहरू स्थापना गर्ने आशा र योजना गरेको छु । येसु ख्रिस्टको अनुग्रह र प्रेम संधैभरि हामी सबै जनासँग रहिरहोस् ! आमेन !

**पास्टर नारायण श्रेष्ठ**
बेथलेहेम च्यास्कु मन्डली
रामेछाप नगरपालिका-२, रामेछाप

# पास्टरीय सेवामा खेपेका चुनौति र सिकेका पाठहरू



मेरो सेवकाइको दौरानमा सामना गरेको चुनौतिहरू र सिकेका कुराहरूका अनुभव २५औं वर्षको स्मारिकामा उतार्न पाउँदा धेरै खुसी लागेको छ। आजभन्दा छत्तिस वर्ष अगाडि २०४२ सालमा म सोह्र वर्षको मस्त जवान हुँदा उहाँकै सन्तान बनेर असल साक्षी दिनलाई मलाई प्रभुले चुन्नुभयो। २०४२ सालमा मैले प्रभुलाई ग्रहण गरेको दिनबाट नै मैले उहाँको सेवा गर्ने इक्षा राखें। १ तिमोथी ३:१ मा लेखिएको छ, "यदि कुनै मानिसले विसपको काम गर्ने इच्छा गर्छ भने त्यसले असलै कामको इच्छा गर्छ।" मैले इक्षा गरेबमोजिम परमेश्वरले मलाई यस सेवामा आजसम्म प्रयोग गरिरहनुभएको छ। हामीले सेवाको काममा रहर गर्ने र देखासिखी गर्ने मात्र होइन कि उहाँको निम्ति जस्तोसुकै परिस्थितिमा उपलब्ध भई प्रयोग हुनुपर्छ। २०४२ सालदेखि २०५३ सालसम्म एघार वर्षको अवधिमा सिक्न तालिम लिने र अघि बढ्ने मौका पाएँ। यो समयमा जवान अगुवा, घरेलु सङ्गति अगुवा र प्रचारकको काम गरे। परमेश्वरले मलाई अझ विश्वास गर्नुभयो, पत्याउनुभयो, दानवरदान दिनुभयो, थप नयाँ बल र आशा दिएर २०५३ सालबाट पास्टरीय सेवामा बोलावटसहितको दर्शन दिनुभयो। हालसम्म आइपुग्दा पच्चिस वर्ष पास्टरीय सेवामा अनवरत रूपमा स्थिर रहेर सेवा गरिरहेको छु।

यस बिचमा सुरुका दिनमा धेरै चुनौतिहरूका सामना खेप्नुपर्यो। परिवारबाट एक्लो, दाजुभाइबाट एक्लो, समाज, साथीभाइ सबैबाट एक्लो, बाइबलीय शिक्षा र सेकुलर शिक्षामा कमी, आर्थिक अभाव हुदाँहुदाँ नेपालमा जनयुद्ध र द्वन्दकाल सुरु भयो। सेवकाइभरि धेरैचोटि पावलजस्तै गाली, बइज्जति, धम्कीहरू, अनिधो र अभावहरूका सामना गर्नुपर्यो। त्यति बेला अहिलेको जस्तो यातायातको सुविधा थिएन। घरबाट बिहान पाँच बजे हिडेर बेलुका सात बजेतिर दोलखाको जिरीमा आइपुगिन्थ्यो। भोलिपल्ट जिरीबाट बस चढेर काठमाडौं आउन दिनभरि लाग्थ्यो। अहिलेको जस्तो सुबिधा सम्पन्न ससाना भ्यान तथा बसहरू थिएन। यसैले कोही बेला बेलुकी आठ बजेतिर काठमाडौं आइपुगिन्थ्यो। यात्रा निकै लामो र कठिन थियो। जङ्गलको बाटोमा बाघभालुको जोखिम, जाडोमा हिउ र बर्खामा चिप्लो बाटो पार गर्दै हरेक डाडाँकाँडा हिंडेर सेवाको काम गरियो। ती सबै परिस्थितिमा परमेश्वर मेरो साथमा हुनुभएको कारण यी सब चुनौतिहरू सजिलै सामना गर्न सफल भएँ। मलाई दुईचोटि कस्टडीमा, दुईचोटि माओवादीले खडा गराएर हातपात गर्ने प्रयास गरे। तर सेनाहरूका परमप्रभु मेरो साथमा हुनुभएकोले मेरो शरीरमा चेट पुर्याउन पाएनन्। यी सबै कुराको निम्ति परमप्रभुको स्तुति होस्।

मैले पच्चिस वर्षको पास्टरीय सेवकाइमा सिकेका पाठहरू:

१. हामी उहाँको सेवामा उहाँको समयमा उपलब्ध हुनुपर्छ।

२. हामी समर्पित बलिदानीपूर्ण जीवन जिउनुपर्छ।

३. हामीमा विश्वासयोग्य ईमान्दारिता, नम्रता, धैर्यता हुनुपर्छ।

सिद्धान्तमा, दर्शन बोझ, बोलावटलाई र वरदानलाई खेलठट्टा मान्नुहुँदैन। जस्तोसुकै परिस्थितिमा पनि स्थिर भएर सेवा गरिरह्यौं भने हामी लाजमा पर्ने छैनौं। तपाईंहरू जो पास्टरीय सेवामा हुनुहुन्छ, दु:खमा नआत्तिकन, सुखमा नपात्तिकन, उहाँको बोलवटलाई पक्रिराख्नुहोस्। परमेश्वरले तपाईंको सेवाको कदर गर्नुहुने छ र आषिश दिनुहुने छ। अन्तमा, मलाई आजको दिनसम्ममा प्रयोग गर्नुभएकोमा उनै पिता, पुत्र, पवित्रात्मालाई धन्यवाद होस्! आमेन!

**पास्टर दिनेश सुनुवार**

# पहिलो पुस्ताको योगदान



बेथलेहेम मन्डली वृद्धिमा पहिलो पुस्ताको रणनीति र योगदानको बारेमा चर्चा गर्नुपर्दा २०४८ सालतिर नै यहोसु २:१-२,४ मा भए जस्तै काठमाडौं आराधना मन्डलीबाट दुई जासुसहरू रामेछाप जिल्लाको भुजी ग.वि.स.मा पठाइएको थियो। सोही जासुसहरूबाट भुजी गाउँको भेद लिने र परमेश्वरको सुसमाचार प्रचार गर्ने काम पनि भयो। त्यसको साथसाथै वि.स. २०५३ सालमा रामेछाप जिल्लाको भुजी गा.वि.स. ठिन्केपुमा बेथलेहेम मन्डली स्थापना भयो। मन्डली स्थापना मात्र भएन परमेश्वरको इच्छानुसार मन्डली स्थापना भएको पच्चिस वर्षभित्रमा धेरैवटा मन्डलीहरू स्थापना भए। यो बेथलेहेम मन्डली वृद्धि हुनमा यहोसु २:१,२,४ अनुसार आराधना मन्डली काठमाडौंबाट पठाइएको जासुस वा परमेश्वरबाट बोलावट भई आएका दुई सेवकले आफ्नो बोलावट र परमेश्वरको इच्छाअनुसार अगाडि बढेको कारणले हो। साथै, विभिन्न दु:ख र कष्टको बिचमा भएर पनि प्रेरित १४:२३; २०:१७ अनुसारको रणनीति प्रार्थनाको साथ अवलम्बन गर्ने गरेकोले पनि हो। जसरी मोसालाई आफ्नो ससुराले जनसाधारणमा नै पूर्ण रूपमा भर परेर काम गर्ने कार्यशैली अगाडि बढाउने सल्लाह दिए त्यसै सिद्धान्तलाई अवलम्बन गरी अघि बढेको कारण पनि बेथलेहेम मन्डलीहरू छिटो वृद्धि भएको हो।

यसको साथसाथै दाउदजस्ता गोठाला, आमोसजस्ता किन्बुको रूख छिवँल्ने व्यक्ति (आमोस ७:१४), एलियाजस्ता किसान (१राजा १९:१९-२१), आदिलाई परमेश्वरले आफ्नो उच्च महिमाको लागि चलाएजस्तै बेथलेहेम मन्डलीका साधारण व्यक्तिहरूलाई पनि परमेश्वरले उहाँको महिमाको निम्ति चलाउनुभएको कारणले पनि यो मन्डलीको वृद्धि भएको हो। परमेश्वरको राज्य विस्तारको निम्ति पहिलो पुस्ताले चेला निर्माण गर्ने, जिम्मेवारी बाँडफाँड वा सबै चेलालाई जिम्मेवारी दिने काम र प्रकाश ५:१० ले भनेझैं सबैलाई बुझाएको र बुझाउने काम पहिलो पुस्ताको योगदानको परिणामबाट नै बेथलेहेम मन्डलीहरूलाई परमेश्वरले वृद्धि गराउनुभएको हो। त्यसैले परमेश्वरले आफ्नो इच्छानुसार बेथलेहेम मन्डली विस्तार गर्नको लागि माथि उल्लेखित दुई जासुसहरू पास्टर दिनेश कुमार सुनुवार (धन बहादुर) र पास्टर ज्ञान बहादुर सुनुवारज्यूलाई बोलावट दिनुभएकोमा परमेश्वरलाई धन्यवाद भएको होस्। साथै, आफ्नो बोलावटलाई स्वीकार गरी आफ्नो जिम्मेवारी पूरा गर्न इमान्दारीसाथ परमेश्वरमा अगाडि बढी योगदान दिने पास्टर द्वय दिनेश र ज्ञानलाई पनि धन्यवाद छ। गन्ती ६:२४-२६ अनुसार परमेश्वरले आशिष देउन्। साथै, माथि उल्लेखित रणनीतिअनुसार परमेश्वरको कामको निम्ति नियुक्त भई परमेश्वरको काम गरी बेथलेहेम मन्डली वृद्धि गराउने काममा अहम भूमिका निभाउने सम्पूर्ण परमेश्वरको सेवकहरूलाई पनि परमेश्वरले अशिष देउन्।

माथि उल्लेखित घटना तथा योगदानबाट हामी पछिल्लो पुस्ताले आत्मसात गरी अगाडि बढ्नुपर्ने हुन्छ। अहिले वर्तमानमा चलिरहेको मन्डलीहरूले यो कुरा ध्यानमा राख्नु जरुरी छ कि, मन्डली ख्रिस्टको दुलही भएकोले यसलाई चाउरी नपरेको, प्रतापी (एफिसी ५:२७) राख्नु जरुरी छ। मन्डलीलाई स्वार्थको, लोभको, झगडाको, व्यभिचारको, आफ्नो व्यवसायको व्यापारीक केन्द्र हुनबाट जोगाउनु छ। परमेश्वरको इच्छाअनुसार मन्डली स्थापनाको उदेश्यअनुरूप मन्डलीबाट उहाँलाई महिमा मिल्नुपर्दछ। हाल यरुसलेमको मन्दिरकोत

अवशेष पनि छैन। किनकि इ.स. ७० मा रोमी सिपाहीले त्यसलाई ध्वस्त पारिदिए। तर अहिले परमेश्वरको पवित्र मन्दिर हामी नै हौं। त्यसैले यदि यस मन्दिरलाई दुरुपयोग गरी नष्ट पारेमा उहाँले पनि उसलाई नष्ट पार्नुहुने छ (१ कोरिन्थी ३:१६,१७)। यो कमजोर शरीरले परमेश्वरको सेवा गर्नुपरेको छ। कसैले पनि आफ्नो शरीरको कामजोरीमा, असक्षमता, कुरूपतालाई, स्वार्थलाई, पेटपाल्ने भाँडो नबनाओस्। हुन त शरीरले आत्माको विरोधमा लालसा गर्दछ (गलाती ५:१७) र यो शरीर धेरै कमजोरी पनि छ (मत्ती २६:४१)। तर हामीले यसलाई कुटेर वा खपेर वशमा ल्याउनुछ (१कोरिन्थी ९:२७)। अनि यस शरीरमा नै उहाँलाई महिमा दिनु परेको छ। त्यसैले माटोको शरीरमा हजारौं उतारचढाव आउने छन्। त्यसको बाबजुत पनि परमेश्वरको सेवा गर्नुपर्छ। ख्रिस्टले हाम्रो लागि कति दुःख भोग्नुभयो सो थाहा पाउदछौं। उहाँले गाली, बेइज्जती, थुकाई, निन्दा, भालाको चोट आदि सहनुभयो। एक प्रसुति नारीको वेदना, बाँझीलाई थाहा हुँदैन। त्यसैले, यस संसारमा धेरै दुःखकष्ट भए तापनि हाम्रो लागि एउटा आशा छ। एक दिन हामी प्रकाश ७:१६,१७ वर्णन गरेको ठाउँमा जाने छौं। आमेन !

**पास्टर कृष्ण बहादुर सुनुवार**
उपाध्यक्ष
बेथलेहेम केन्द्रीय समिति


# हार्दिक शुभकामना !

बेथलेहेम मन्डली नेपालको २५औं वार्षिक उत्सवको अवसरमा बेथलेहेम मन्डली नेपालका संस्थापन पास्टर तथा अगुवाज्यूहरू लगायत सम्पूर्ण बेथलेहेम मन्डली परिवारलाई म, पास्टर कृष्ण बहादुर सुनुवारको तर्फबाट हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ! साथै, विगतमा झैं आउने दिनहरूमा पनि प्रभु येसु ख्रिस्टमा तपाईंहरूका विश्वासको काम, परमेश्वरको प्रेमको परिश्राम, र आशाको धर्य बढ्दै जाओस् भनी परमेश्वरसँग |प्रार्थना गर्दछु।

**पास्टर कृष्ण बहादुर सुनुवार**
उमाकुण्ड-७, भुजी, रामेछाप

दर्ता नं. ४८९/०६८/०६९

धार्मिकताले राष्ट्रलाई उचाल्छ - हितोपदेश १४:३४

# राष्ट्रिय ख्रीष्टियन महासंघ, नेपाल

केन्द्रिय समिति

Federation of National Christian, Nepal (FNCN)

Central Committee

प.सं. २०७८/०७९

च.नं. ३९७१

मिति : ६ माघ २०७८

**बेथलेहेम मण्डली**
**जोरपाटी, काठमाण्डौ, नेपाल**

**विषय : बधाई तथा शुभकामना**

बेथलेहेम मण्डलीले परमेश्वरको राज्य विस्तार गर्नको लागि निरन्तर सबै परिस्थितिको सामना गरेर २५ औं वार्षिकोत्सव (रजत महोत्सव) मनाउन गइरहेकोमा परमेश्वरलाई विशेष धन्यवाद दिन चाहन्छु । निरन्तर रुपमा परमेश्वरको महान आज्ञालाई पुरा गर्न अहोरात्र खटि यस अवस्थासम्म आइपुगेकोमा मण्डली परिवारको साथै विशेष गरी मण्डलीका आदरणीय पाष्टरज्यूलाई धन्यवाद तथा बधाई दिन चाहन्छु ।

तपाईंहरुले परमेश्वरको प्रेम तथा वचनलाई हरेक नेपालीहरुको बीचमा पुऱ्याउन यतिका वर्षसम्म खेलेको महत्वपूर्ण भूमिकाका लागि राष्ट्रिय ख्रीष्टियन महासंघ, नेपाल सराहना गर्दछ साथै आभार प्रकट पनि गर्दछ ।

अन्तमा महासंघ नेपाल सरकारमा विधिवतरुपमा दर्ता भई स्वभिमान र अधिकार सम्पन्न नेपाली ख्रीष्टियन समुदायको सुनिश्चतताको लागि धार्मिक, सामाजिक, आर्थिक, समावेशी र समवृद्ध नेपालको परिकल्पना गर्दै विश्वभरी रहेका नेपाली भाषी मण्डलीहरुसँग सहकार्य गर्दै परमेश्वरको महिमाका निम्ती निरन्तररुपमा क्रियाशील रहेको अवगतका साथै प्रतिवद्ध रहेको कुरा जानकारी गराउँदछौं । साथै तपाईंहरुको साथ, सहयोग, सहकार्य र प्रार्थनाको अपेक्षा निरन्तररुपमा गरिरहन्छौं ।

परमेश्वरको महान आज्ञा पुरा गर्न निरन्तर रुपमा लागि रहनुहोस् र मण्डली परिवारलाई परमेश्वरको आशिष् तथा अनुग्रह सधै नै प्राप्त होस् भनी प्रार्थनाका साथै शुभकामना व्यक्त गर्न चाहन्छु ।

धन्यवाद र परमेश्वरले आशिष् दिऊन् ।

.............................
**सी.बी. गहतराज**
**अध्यक्ष**
**तथा**
**राष्ट्रिय ख्रीष्टियन महासंघ, नेपाल परिवार**

Tel.: +977-01-5536394, 01-5521668, P.O. Box: 14141, Kathmandu, Nepal
Email: fncn2011@gmail.com, fncn.cmn7@gmail.com, Website: www.fncnp.org

# बेथलेहेम मन्डलीहरूका संक्षिप्त इतिहासः भाग २
# बेथलेहेम काठमाडौं मन्डली



बेथलेहेम काठमाडौं मन्डली हाल काठमाडौं जिल्लाको कागेश्वरी मनोहरा नगरपालिका-६ मा अवस्थित छ। यो मन्डली आधिकारिक रूपमा २०६२ साल मङ्सिर ४ गते साबिक काठमाडौं जिल्लाको जोरपाटी गा.वि.स. २, नयाँ बस्तीमा मेरो नेतृत्वमा सानो कोठाबाट सुरु भएको थियो। त्यो सानो कोठा पदम कुमारी सुनुवारको होटलको स्टोर कोठा थियो। उहाँले नै ओछयाउने गुन्द्री, मादल र खैंजडी पनि किनिदिनुभएको थियो। सुरुको सङ्गतिमा बाह्र जना सदस्यहरूबाट सुरु भएको थियो। यो मन्डली सुरुवात हुनुमा पदम कुमारी सुनुवार, पिटर सुनुवार र इद्र बहादुर सुनुवारको परिवारहरूले ठुलो भूमिका खेल्नुभएको थियो। उहाँहरूले नै मलाई अब काठमाडौंमा पनि सङ्गति सुरु गरौं भनी प्रस्ताव ल्याउनुभएको थियो। काठमाडौंमा सङ्गति गर्न त्यति सजिलो थिएन तर पनि मैले गाउँका अरू भाइहरूसँग पनि सोधें र विश्वासमै सुरु गरियो। सुरुको सङ्गतिको भेटी अठ्सठ्ठी रुपैयाँ उठेको थियो। त्यो सानो कोठाको भाडा मात्र एक हजार रुपयाँ थियो। त्यसपछि अब भाडा कसरी तिर्ने होला भनी मलाई धेरै चिन्ता लाग्न थाल्यो। मैले धेरै प्रार्थना गरें। एक दिन इन्द्र सुनुवारको घरमा गएको थिएँ। उहाँहरूका परिवारले त्यो कोठाको भाडा हामी तिर्छौं भनी प्रतिज्ञा गर्नुभयो। उहाँहरूबाट यो प्रतिज्ञा सुनेपछि प्रभुले मेरो प्रार्थना सुन्नुभयो भनेर म धेरै धन्यवादी र खुसी भएँ।

यहाँ सङ्गति सुरु हुने समयमा मेरो परिवार र म दोलखाको जिरीमा बसोबास गरिरहेको थियौं। सङ्गति सुरु भएको केही महिनापछि जिरीबाट मेरो परिवारसहित हरि बहादुर, पदम बहादुर र हेम बहादुर सुनुवारको परिवार पनि काठमाडौं बसाइँ सरी आयौं। त्यसपछि उहाँहरू पनि हाम्रै सङ्गतिमा आउने निर्णय गर्नुभयो र विश्वासी सङ्ख्या थपियो। यही समयमा गाउँका कति विश्वासीहरू पनि काठमाडौं आउन थाले र सङ्ख्या बढ्दै गयो। हाम्रो लागि सङ्गति गर्न त्यो कोठा सानो भयो। माथिको कोठामा सर्यौं र कोठा भाडा चार हजार पाँच सय रुपयाँ थियो। त्यो भाडा तिर्न हामीलाई निकै गाह्रो थियो। केही समयपछि नै विश्वासी बढेर त्याहाँ पनि अटाइनअटाइ सङ्गति गर्थ्यौं।

एक दिन सरोज मगराती भाइले मलाई फोन गरेर भन्नुभयो, "गुरुबा मसँग एक जना प्रचारक छ। यो शनिबार तपाईंको मन्डलीमा वचन प्रचार गर्न लिएर आउँदा हुन्छ ?" भाइ सरोज अर्कै मन्डलीमा सेवा गरे तापनि मैले सहजै हुन्छ भनें। किनकि उनलाई मैले नै बप्तिस्मा दिएर बाइबल कलेज पढ्न सिफारिस गरेको थिएँ। सङ्गति सकेपछि त्यो प्रचारकले तपाईंहरूका प्रार्थनाको विषय के छ भनेर सोधे। मैले भनें, "हजुरले देख्नुभयो। सङ्गति गर्ने ठाउँ धेरै सानो छ। तर अर्को ठुलो ठाउँमा सर्नलाई हामीलाई यहाँको भाडा तिर्न पनि धउधउ भएको छ।" उहाँले बिनासर्त यसो भन्नुभयो, "तपाईंहरू ठुलो ठाउँ खोज्नुहोस्। म त्यो ठाउँको एक वर्षको पूरै भाडा, दोस्रो वर्षको लागि पचहत्तर प्रतिशत र तेस्रो वर्षको लागि पचास प्रतिशत भाडा तिरिदिन्छु। त्यति बेलासम्म तपाईंहरू आफैं भाडा तिर्न सक्षम बन्नुहुने छ। अनि तपाईंहरू आफै तिर्नुहोस्।"

हामीले उहाँको प्रतिज्ञालाई विश्वास गरी कोठा खोज्यौं र नजिकै एउटा गाईगोठ भेट्यौं। त्यसलाई टालटुल गरी

महिनाको छ हजार रुपयाँ भाडा तिर्ने सर्तमा हामी सर्यौं । प्रतिज्ञानुसार त्यो प्रचारकले पनि हामीलाई तीन वर्षसम्म त्यसरी नै भाडा तिरिदिए र तीन वर्षपछि उहाँ सम्पर्क बिहीन भए । फेरि हाम्रो इमेलको जबाफ दिएनन् । यो ठाउँ बाटोको नजिकै थियो । त्यसैले धेरै नयाँ मानिसहरू थपिए । सङ्गति सुरु भएको केही महिनापछि पिटर भाइ पनि विदेश गए । त्यसैले मलाई सेवामा सहायता गर्नको निम्ति पास्टर दुर्गा सुनुवारलाई सहपास्टरमा नियुक्त गरियो । हामीले सम्पूर्ण विश्वासीहरूलाई सुसमाचार किन र कसरी प्रचार गर्ने भन्ने विषयमा तालिम दियौं र एक जनाले वर्षमा एक जनालाई मन्डलीमा ल्याउनुपर्ने प्रतिज्ञा पनि गरायौं । त्यसको एक वर्षपछि मन्डलीमा दोब्बरभन्दा धेरै सङ्ख्यामा विश्वासीहरू भए ।

मन्डलीमा विश्वासी सङ्ख्या बढेपछि अगुवाको सङ्ख्या पनि बढाउनुपर्ने भयो । त्यसैले २०६४ सालको कार्तिक महिनामा एल्डरमा नहकुल पेमा तामाङ, डिकनहरू हरि बहादुर सुनुवार र इन्द्र बहादुर सुनुवार साथै डिकनेसमा पदम कुमारी सुनुवार र उमा सुनुवारलाई पास्टर समुएल सोदेम्बाज्यूको बाहुलीबाट अभिषेक गरियो । म र सहपास्टर दुर्गा सुनुवार पहिले गाउँको सेवकाइमा हुँदा नै पास्टरमा अभिषेक भएका थियौं । यसरी दुई जना पास्टरहरू, एक जना एल्डर र चार जना डिकन/डिकनेसहरू गरी जम्मा सात जना अभिषेक अगुवाको टिम भयौं । सहपास्टर दुर्गा सुनुवारले केही वर्ष सेवकाइ गरेपछि उहाँले स्वतन्त्र मन्डली सुरु गर्छु भन्नुभयो र उहाँको परिवारसहित उहाँको मातहातमा भएका केही विश्वासीहरू लिएर जानुभयो । त्यसपछि मलाई सेवामा एल्डर नहकुल पेमा तामाङले सहायता गर्नुभयो । यो समयमा उहाँ एबेनेजर बाइबल कलेजमा बीटीएच अध्ययनरत हुनुहुन्थ्यो । उहाँलाई २०६२ सालमा बेथलेहेम डिल्खर्क मन्डलीको डिकनमा अभिषेक गरिएको थियो र २०६३ सालको जेठमा मैरै सिफारिसमा बाइबल कलेज पठाइएको थियो । बाइबल कलेज पढ्ने समयमा उहाँ भैंसेपाटीबाट सङ्गति गर्न जोरपाटी आउनुहुन्थ्यो ।

मन्डलीको सुरुदेखि नै हाम्रो मन्डलीको आफ्नै जग्गा र भवन हुनुपर्छ भनी प्रर्थनासहित आर्थिक सङ्कलन गर्ने अभियान चलाएका थियौं । तर पैसा धेरै उठेको थिएन । मन्डलीमा विश्वासीहरू वृद्धि हुने क्रम जारी रह्यो । त्यसपछि त्यो टहरोको मालिकले पनि गनगन गर्न थाले । त्यसैले हामीले पाँच वर्षको निम्ति जग्गा भाडामा लिएर ब्लकको प्रयोग गरेर बाँसको भाटा राखी अस्थाइ टहरो बनायौं । त्यो निर्माण गर्न त्यो जग्गा किन्न जम्मा गरेको पैसासहित झण्डै आठ लाखजति खर्च भयो । जग्गा भाडामा भए पनि आफ्नैजस्तो स्वतन्त्र भयो र विश्वासी निरन्तर बडिरह्यो ।



यसै क्रममा एल्डर नहकुल तामाङ स्नातकोत्तर अध्ययन गर्न फिलिपिन्स जाने हुनुभएकोले पाँचौ वार्षिकोत्सव तथा २०६७ मङ्सिर ४ गते मन्डलीका दुई डिकनहरूलाई एल्डरमा अभिषेक गरियो । श्री कुमार भुजेल तथा श्री राम बहादुर सुनुवारलाई डिकन र श्रीमती बिना

सुनुवारलाई डिकनेसमा अभिषेक गरियो। एल्डर नहकुल फिलिपिन्स गएपछि पिटर सुनुवार भाइ पनि विदेशबाट फर्कनुभयो र उहाँले निरन्तर सेवकाइ गर्ने प्रतिबद्धता जनाएपछि उहाँलाई एल्डरमा अभिषेक गरियो।

हाम्रो आफ्नै जग्गा किन्ने अभियान केही समय कम्जोर भए पनि यो रोकिएन। हामीले हरेक परिवारले एक महिनको तलब किस्तामा दिने भनेर अभियान सुरु गर्यौं र प्राय: सबैले दिनुभयो। २०७१ सालमा चिल्ड्रेन रेस्क्यु मिसनको निमन्त्रणामा म अमेरिका गएँ। त्यहाँ पनि केही रकम उठाउन सफल भएँ। यसरी २०७१ सालमा मन्डलीको जग्गा किनेर अस्थायी भवन बनाउन सफल भयौं। २०७२ को वैशाख दोस्रो हप्ताबाट हामीले मन्डलीको आफ्नै भवनमा स्वतन्त्र भएर सङ्गति गर्ने मौका पायौं।



हामीले विश्वासी र भवन निर्माणसँगै सुसमाचार प्रचार, मन्डली स्थापन र अगुवा निर्माणमा पनि उत्तिकै जोड दियौं। काठमाडौं मन्डलीको नेतृत्वमा पहिलोचोटि २०६५ सालमा सिन्धुलीको लखिमामा पास्टर टेक बहादुर कार्कीको नेतृत्वमा मन्डली स्थापना भयो। त्यो मन्डलीद्वारा उदयपुरको तिम्नै र पोखरियामा शाखा मन्डलीहरू सुरु भएका छन्। त्यसै गरी २०६९ मा रामेछापको दिलौरीमा अर्को मन्डली स्थापना गरी पास्टर नोएल राईलाई मिसनरीको रूपमा पठायौं। पास्टर नोएल केही वर्ष दिलौरीमा बस्नुभयो र पछि २०७१ मा आफ्नै गृह जिल्ला खोटाङको हैदेमा मन्डली स्थापना गर्नुभएको छ। त्यसै गरी २०६९ मा पा. पिटर सुनुवारको नेतृत्वमा नुवाकोट र २०७१ मा काठमाडौंको कपनमा सुरु भयो। २०७२ मा एल्डर हिमाल राईको नेतृत्वमा धनकुटामा सुरु भयो। यसै क्रममा २०७८ मा एमुना घिसिङको नेतृत्वमा मकवानपुरको सिस्नेरी भन्ज्याङमा सुरु भएको छ। यसरी बेथलेहेम काठमाडौं मन्डलीको नेतृत्वमा हालसम्म नौवटा शाखा मन्डलीहरू स्थापना भएको छ।

२०७२ मङ्सिर ४ गते यस, बेथलेहेम काठमाडौं मन्डलीले आफ्नै भवनमा भव्यसाथ दसौं वार्षिकोत्सव मनायो। यस अवसरमा थप अगुवाहरू पनि अभिषेक गरियो। पिटर सुनुवारलाई बेथलेहेम कपन मन्डलीको पास्टरमा अभिषेक गरियो। मिसन तथा सहपास्टरमा नहकुल पेमा तामाङ, डिकनमा महादेव बानिया र मोहन सुनुवारलाई अभिषेक गरियो। मेरो नेतृत्वमा म सहित दुई जना पास्टर, दुई जना एल्डर र चार जना डिकन र

तीन जना डिकनेसहरू गरी जम्मा एघार जना अभिषेक अगुवाहरू छन्। हाल यस मन्डलीमा बालबालिका सहित तीन सय चालिस जना विश्वासीहरू सङ्गति गरिरहेका छन्। मन्डलीको आराधना सेवालाई सहज तरिकाले सञ्चालन गर्न र विश्वासीहरूलाई सेवा दिनको निम्ति यी एघार जना अभिषेक अगुवाहरूबाहेक दिदीबहिनी सङ्गतिको संयोजक, जवान सङ्गतिको संयोजक, बाल सङ्गतिको संयोजक, प्रार्थनाको संयोजक र विभिन्न क्षेत्रको घरेलु सङ्गतिको संयोजकहरू पनि छन्।



अन्त्यमा, परमेश्वरको सेवामा हालसम्म मलाई सहायता गर्नुहुने सम्पूर्ण पास्टर, एल्डर, डिकन/डिकनेसलगायत अरू अगुवाहरूसहित सम्पूर्ण मन्डली परिवारमा धन्यवाद ज्ञापन गर्दछु। यो परमेश्वरको सेवा भएको कारणले परमेश्वरले तपाईंहरू सबैलाई प्रसस्तै आशिष दिनुभएको छ र भविष्यमा पनि दिनुहुने छ। मन्डली यहाँसम्म पुर्याउने मुख्य योजनाकार परमेश्वर स्वयम् हुनुहुन्छ। मैले उहाँको योजनालाई समयमा पक्रिने र पच्छयाउने काम मात्र गरेको हुँ। यी सबै सफलताको श्रेय र महिमा एक मात्र परमेश्वरलाई दिंदछु। धन्यवाद !

**पास्टर दिनेश सुनुवार**
बेथलेहेम काठमाडौं मन्डली
कागेश्वरी मनोहरा नगरपालिका-६, मूलपानी

## बेथलेहेम लखिमा मन्डली



बेथलेहेम लखिमा मन्डली सिन्धुली जिल्लाको लखिमामा अवस्थित छ । यहाँ बेथलेहेम काठमाडौं मन्डलीको डिकन कुमार भुजेलज्यूको आमा विष्णुमाया भुजेल र बुबा खेत बहादुर भुजेलले विश्वास गरेपछि सङ्गति सुरु भएको थियो। २०६५/१०/१३ बाट मन्डलीको रूपमा मैले नेतृत्व गरेर विधिगत रूपमा सुरुवात भएको थियो । यस मन्डलीको भवन निर्माणको निम्ति पनि डिकन कुमार भुजेलज्यूले नै जग्गा दिनुभयो र बेथलेहेम काठमाडौं मन्डलीको सहजीकरणबाट मन्डली भवन पनि निर्माण भएको छ।

यो मन्डलीमा सुरुमा धेरै विश्वासीहरू थिए। तर विभिन्न परिस्थितिको कारण कति जना काठमाडौं र विभिन्न ठाउँमा बसाइँ सरेर गएको कारण हाल हामी सत्र जनाले मात्र सङ्गति गर्दै छौं । यस मन्डलीमा हाल एक जना पास्टर, एक जना एल्डर र एक जना डिकनेस गरी तीन जना अभिषिक्त अगुवाहरू छन्। यस मन्डलीबाट उदयपुरको पोखरिया, तिम्नै र खोटाङको डाँडा गाउँमा पनि मन्डली स्थापना भएको छ। बेथलेहेम पोखरियामा पा. दिल बहादुर राईले नेतृत्व गरिरहनुभएको छ। बेथलेहेम तिम्नै मन्डलीमा एल्डर फलामसिङ राईले नेतृत्व गरिरहनुभएको छ। त्यसै गरी खोटाङको डाँडा गाउँमा ए. हिराधन राईले नेतृत्व गरिहनुभएको छ।



## बेथलेहेम पोखरिया मन्डली

बेथलेहेम पोखरिया मन्डली २०७२/०५/१७ देखि सुरु भयो। यहाँका विश्वासीहरू खोटाङको डाँडा गाउँ र कति जना भारतको बडागोलाईमा विश्वास गरेर आएका थिए। उनीहरूले सङ्गति नपाएको कारण सुरुसुरुमा म आफैं लखिमाबाट सङ्गति दिन जान्थे । हाल उनीहरू आफैले सङ्गति सञ्चालन गर्न सक्ने भएकोले मन्डलीमा पास्टर नियुक्त गरी जिम्मा दिएका छौं। यस ठाउँमा सानाठुलो गरेर उनन्तिस जना विश्वासीहरू छन्। तर सङ्गति गर्ने भवन भने बनाउन सकेका छैनौं। यस ठाउँमा मन्डली भवन बनोस् भनी सबै जनाले प्रार्थना गरिदिनुहोला।



## बेथलेहेम तिम्नै मन्डली



बेथलेहेम तिम्नै मन्डली २०७५/०८/१० गतेदेखि सुरु भयो। यस मन्डलीमा बाह्र जना विश्वासीहरू छन् । यस मन्डलीलाई एल्डर फलामसिङ राईले नेतृत्व गरिरहनुभएको छ। यस ठाउँमा पनि सङ्गति गर्ने भवनको अवाश्यकता छ।

# बेथलेहेम डाँडा गाउँ सङ्गति

बेथलेहेम डाँडा गाउँ सङ्गति खोटाङ जिल्लाको हलेसी नगरपालिका-२, डाँडा गाउँमा अवस्थित छ । यो सङ्गति २०७६ सालमा सुरु भएको हो । हाल यस ठाउँमा दुई परिवार सङ्गति गरिरहेका छन् । यो ठाउँमा अरू कुनै मन्डली छैन । त्यसैले यस ठाउँका मानिसहरूले प्रभुलाई चिनुन् र मन्डली स्थापना होस् भनी प्रार्थना गरिदिनुहोला । धन्यवाद !

अन्त्यमा, यसरी परमेश्वरले मलाई पास्टरीय सेवा र मन्डली स्थापनामा लामो समयदेखि प्रयोग गरिराख्नुभएको छ । यी मन्डलीहरू सबै स्वचालित र स्वपालित छन् । केन्द्रीय मन्डलीले भवन बनाउन र विभिन्न समयमा सहयोग गर्दै आउनुभएकोमा धेरै धन्यवादी छौं ।

**पास्टर टेक बहादुर कार्की**
बेथलेहेम लखिमा मन्डली
सिन्धुली, नेपाल

# बेथलेहेम दिलौरी मन्डली



बेथलेहेम दिलौरी मन्डली २०६९ मा सुरु भयो । यस मन्डलीको संस्थापक सदस्यको रूपमा श्रीमती मैत देवी सुनुवारलाई मान्न सकिन्छ । उहाँले प्रभुलाई विश्वास गरेपछि बेथलेहेम काठमाडौं मन्डलीले पास्टर नोएल राईलाई यस ठाउँमा सङ्गतिको निम्ति पठाउनुभएको थियो । त्यसपछि म लगाएत हाम्रो परिवारका अरू सदस्यहरू र छिमेकीहरूले पनि प्रभुलाई विश्वास गर्यौं । २०७० मा मैत देवी सुनुवारले नै मन्डली भवनको निम्ति जग्गा दिनुभयो र यस ठाउँमा मन्डली भवन निर्माण भई उद्घाटन पनि भयो । तर दु:खको कुरो त्यो भवन २०७२ को भूकम्पले भत्काइदियो र हाल जस्ताको टहरोमा सङ्गति गर्दै छौं । पास्टर नोएल राईले यस मन्डलीमा झण्डै दुई वर्षजति सेवकाइ गर्नुभयो र उहाँ काठमाडौं जानुभयो । त्यसपछि केही समय मन्डली



नेतृत्वबिहीनजस्तै भएको थियो । २०७१ को भदौदेखि हालसम्म मैले नै यस मन्डलीको सङ्गतिको नेतृत्व गरिरहेको छु । हाल यसै मन्डलीको सदस्य बहिनी, सङ्गीता सुनुवारले ईश्वरशास्त्रमा स्नातक तह अध्ययन पूरा गरी मलाई सेवामा ठुलो सहायता गरिरहनुभएको छ । यस मन्डलीमा प्रभुभोज र विधिको काम गर्न बेथलेहेम मन्डलीको विभिन्न पास्टरहरू आएर सहायता गरिरहनुभएको छ । स्थायी र सक्षम अगुवा नभएको कारण पनि हुन सक्छ यस मन्डलीमा विश्वास गरेर पनि केही परिवारहरू संसारमै फर्केका छन् भने दुई परिवार अर्को मन्डली गएका छन् । हाल हामी जम्मा उन्नाइस जना सदस्यहरू छौं । यीमध्ये दश जना प्राय: काठमाडौंमा नै हुन्छन् । हाल एक जनाले जिरीमा पाँच महिने अगुवा तालिम लिंदै हुनुहुन्छ । भाइले तालिम सिद्धयाएर फर्कनुभएपछि मन्डलीको सेवामा धेरै सहायता गर्नुहुने छ भनी आशा गरेका छौं । धन्यवाद !

**डिकनेस सर्मिला सुनुवार**
बेथलेहेम दिलौरी मन्डली
लिखु तामाकोसी-२, सैपु, रामेछाप

## बेथलेहेम हैदे मन्डली



बेथलेहेम हैदे मन्डली खोटाङ जिल्लाको तुवाचुङ नगरपालिका-३ मा अवस्थित छ। यो मन्डली २०७२ सालमा एक परिवारबाट सुरु भयो। त्यसपछि त्यो परिवारलाई सङ्गति दिंदै वरिपरि भएका छिमेकीहरूलाई पनि विभिन्न सुसमाचारीय फिल्महरू देखाई सुसमाचार प्रचार गर्यौं र अर्को दुई परिवारले पनि विश्वास गरे। यसरी विश्वासीहरू निरन्तर वृद्धि हुँदै गयो र हाल हामी बत्तिस जना विश्वासीहरूका बिचमा सङ्गति गर्दै छौं। यस मन्डलीको पास्टरको रूपमा मैले नेतृत्व गरिरहेको छु। मलाई सेवामा एल्डर भिम राईले सहायता गरिरहनुभएको छ। यो मन्डली यहाँसम्म आउनुमा बेथलेहेम काठमाडौं मन्डलीको ठुलो प्रार्थनासहितको सहायता र लगानी छ। यो मन्डली स्थापना भएको छ वर्ष भए तापनि हालसम्म मन्डली भवन भने निर्माण गर्न सकेका छैन। यसको निम्ति हजुरहरू सबैले प्रार्थना गरिदिनुहोला। यसै मन्डलीबाट उदयपुर जिल्लाको पात्ले गाउँपालिका-५, नेबटारमा पनि सुसमाचार प्रचार गरी दुई परिवारले विश्वास गरेका छन्। त्यस ठाउँमा मन्डली सुरु गर्न भाइ बरुण राईलाई पाँच महिने अगुवापन तालिममा पठाएका छौं। धन्यवाद !



**पास्टर नोएल राई**
बेथलेहेम हैदे मन्डली
तुवाचुङ-३, खोटाङ

## बेथलेहेम धनकुटा मन्डली



बेथलेहेम धनकुटा मन्डली धनकुटा जिल्लाको धनकुटा नगरपालिका-४ मा अवस्थित छ। यस मन्डलीको इतिहास यसरी सुरु हुन्छ। मेरो बुबा कट्टर धामी हुनुहुन्थ्यो, जसले गर्दा हामी पनि त्यस्तै संस्कार र अन्धविश्वासमा हुर्कदैं थियौं। परिवारमा अर्थिक अभावको कारण मेरो माइलो भाइ प्रीतम राई रोजगारीको लागि दुबै गएको थियो। उनले त्यहीं येसुको बारेमा सुनेर विश्वास पनि गरेछन्। उनले बेला बेलामा मलाई पनि सुनाउने काम गर्थे। तर समाज र बुबाको डरले मैले परिवारमा कसैलाई सुनाउदिनथें। यस्तै क्रममा मैले नयाँ करारको बाइबल पनि प्राप्त गरें र अध्ययन गर्न थालें। पछि २०७१ सालमा मेरो भाइको बेथलेहेम काठमाडौं मन्डलीमा इसाई विधिबाट विवाह भयो। त्यस बेला बुबाआमा र म पनि गएर विवाहमा सहभागी हुँदै सुसमाचार सुन्ने मौका पनि पायौं। त्यही समयमा मेरो बुबा पनि बिरामी हुनुहुन्थ्यो। उहाँले धेरै बिरामीहरू निको पार्नुभयो। तर आफै बिरामी परेर थलिंदा निको पार्ने कोही पनि भएन। यसकारण, उहाँले पनि येसुमा विश्वास गर्ने र आफ्नो धामी पेसा छाड्ने इच्छा देखाउनुभयो। त्यसैले



२०७१/०४/०५ गतेका दिन बेथलेहेम काठमाडौं मन्डलीको मिसन पास्टर नहकुल पेमा तामाङद्वारा मेरो बुबाआमा, साइलो भाइ-बुहारी, माइली बहिनी र मेरो श्रीमान-श्रीमती गरी जम्मा सात जनाले एकै दिन प्रभु येसुलाई ग्रहण गर्ने अवसर पायौं । हामीले प्रभुमा विश्वास गरेपछि हामीलाई समाजले बोलीसम्म बारेका थिए। तर हामी विश्वासमा निरन्तर अघि बढ्यौं।

त्यो समयमा हामी आफैं सङ्गति गर्न नजान्ने भएको र काठमाडौंबाट सङ्गति दिन पनि टाढा भएकोले पास्टर नहकुलको सल्लाहअनुसार हामी केही महिनासम्म नजिकैको मन्डलीमा सङ्गति गर्न गयौं र त्यही मन्डलीमा पानीको बप्तिस्मा पनि लियौं। त्यसपछि म र मेरो साइलो भाइ रामेछापमा तेइस दिने यहोसु तालिममा गयौं र मन्डली सञ्चालन र अगुवाको भूमिका बारे सिकेर फर्केपछि मेरो नेतृत्वमा मेरै घरमा सङ्गति सुरु भयो। यसरी सङ्गति सुरु भएपछि सुरुसुरुमा विधिको कामहरू गर्न काठमाडौं मन्डलीबाट पास्टर नहकुल र अरू पास्टरहरू पनि आएर सहायता गर्नुभयो । यसै क्रममा काठमाडौं मन्डलीको सिफारिसमा मैले २०७२ सालमा मिसन कमिसन नेपालमा तीन महिनाको मिसन तालिम पनि लिएँ। यसपछि २०७३ वैशाख २५ गतेको दिन बेथलेहेम



काठमाडौं मन्डलीमा मलाई यस मन्डलीको एल्डरमा अभिषेक गरियो । त्यसपछि हालसम्म यो मन्डलीको नेतृत्व र विधिको कामहरू पनि मैले नै गर्दै आएको छु । हाल यस मन्डलीमा अठार जना सदस्यहरू छन् जसमध्ये केही विदेशमा छन् । यहाँ हामी सानो टहरोमा सङ्गति गर्दै छौं । यस ठाउँमा पनि मन्डली भवन बनोस् र नयाँ विश्वासीहरू थपिउन् भनी प्रार्थना गरिदिनुहोला । धन्यवाद !

**एल्डर हिमाल बहादुर राई**
बेथलेहेम धनकुटा मन्डली
धनकुटा नगरपालिका-४, धनकुटा

## बेथलेहेम सिस्नेरी मन्डली



यो मन्डली मकवानपुर जिल्लाको सिस्नेरी भन्ज्याङमा अवस्थित छ । यस मन्डलीको सुरुवात यसरी भयो । मैले काठमाडौंमा काम गर्ने क्रममा रामेछाप दिलौरीको डिकनेस शर्मिला सुनुवारबाट सुसमाचार सुनें, बेथलेहेम दिलौरी मन्डलीमा नै विश्वास गरें र बप्तिस्मा पनि लिएँ। दिलौरी मन्डलीकै सिफारिसमा मैले बेथलेहेम चेलापन र अगुवापन तालिम पनि लिएँ। त्यसै गरी काठमाडौंमा मन्डली स्थापनाको तालिम लिएपछि आफ्नै गाउँमा मन्डली स्थापना गर्ने प्रेरणा मिल्यो । त्यसैले २०७८ सालको सुरुबाट हामीले घरमा आफ्नै परिवारमा सङ्गति सुरु गरेका छौं । हाल बालबालिकासहित हामी चौध जनाको सङ्ख्यामा सङ्गति गरिरहेका छौं । यस ठाउँमा



भविष्यमा धेरै मानिसलाई प्रभुमा जित्न सकोस् र सङ्गति गर्ने भवन निर्माण गर्न सकोस् भनी प्रार्थना गरिदिनुहोला । धन्यवाद !

**अगुवा एमुना घिसिङ**
बेथलेहेम सिस्नेरी मन्डली
सिस्नेरी भन्ज्याङ, मकवानपुर

# बेथलेहेम जोरपाटी (कपन) मन्डली



परमेश्वरलाई धन्यवाद होस् ! उहाँले दिनुभएको दर्शनद्वारा २०६२ सालमा काठमाडौंको नयाँ बस्तीमा सुरु भएको बेथलेहेम काठमाडौं मन्डली पछि मन्डली स्थापना गर्ने क्रममा सातौं मन्डलीको रूपमा बुढानिल्कण्ठ नगरपालिका-१२, कपन आदर्श चोक अवस्थित प्रभुमा अति नै आदरणीय श्री गोविन्द खत्रीज्यूको घरको एउटा कोठामा दुई जना विश्वासीबाट बुधबार घरेलु सङ्गतिको रूपमा सुरु भई निरन्तर सङ्गति गर्दै जाने क्रममा विश्वासीहरूका सङ्ख्या वृद्धि हुँदै गएकोले मिति २०७१ असोजदेखि सोही स्थानमा महिनाको तीन हजार रुपयाँ भाडा तिर्ने सर्तमा शनिबार ३ बजेदेखि ५ बजेसम्म सङ्गति सुरु भयो। यसै गरी निरन्तर सुसमाचार प्रचारप्रसार गर्दै जाने क्रममा विश्वासीहरूका सङ्ख्या वृद्धिसँगै मिति २०७१ पौष ४ गतेका दिन औपचारिक रूपमा प्रभुभोजको सेवा सुरु गरियो र यसलाई बेथलेहेम कपन मन्डली नामकरण गरियो।

परमेश्वरले दिनुभएको दर्शन र आज्ञालाई शिरोपर गरी सुसमाचार प्रचार कार्य निरन्तर कायम नै राख्यौं र विश्वासीहरू थपिने क्रम जारी रह्यो। यसैले विश्वासीहरूका वृद्धिसँगै अगुवाहरूका पनि आवश्यक ठानेर मिति



२०७५/०८/०४ गतेको दिन बेथलेहेम काठमाडौं मन्डलीमा एक जना एल्डर र दुई जना डिकनेसहरूलाई अभिषेक गरियो। मन्डलीले त्यस क्षेत्रलगायत विभिन्न जिल्लामा पनि सुसमाचार प्रचार कार्य गर्यो । यसकारण, विश्वासीको वृद्धि भएर त्यो सङ्गति गरिरहेको कोठामा अटाउन गाह्रो भयो। त्यसपछि मन्डली परिवारले प्रार्थनासहित लामो समय आराधनाको निम्ति ठाउँको खोजीमा जुट्यो र परमेश्वरको योजनाअनुसार गोकर्णेश्वर नगरपालिका-५ बाहुन धारामा ठाउँ जुट्यो। सोही ठाउँमा आराधना भवन निर्माण गरी महिनाको तिस हजार रुपयाँ भाडा तिरेर हाल, पा. पिटर सुनुवारको नेतृत्वमा एक जना एल्डर र दुई जना डिकनेस र अन्य अगुवाहरूका सहकार्यमा, वृद्ध र बालबालिका सहित नब्बेदेखि एक सय जना विश्वासीहरूका बिचमा आराधना सेवा सुचारु भइरहेको छ।

हाल यो मन्डली सुरु भएको छ वर्ष पूरा भएको छ। यो छ वर्षको अवधिमा विभिन्न कोठा, सहर र जिल्ला गरी लगभग पाँच सय जना मानिसहरूले सुसमाचार सुन्ने मौका पाएका छन्। यसै अवधिमा विभिन्न छुट्कारको प्रार्थनाद्वारा झण्डै एक दर्जनभन्दा बढी मानिसहरूले दुष्टात्माको दासत्वबाट छुटकारा पाइसकेका छन् । मन्डलीले हरेक महिनाको अन्तिम बिहीबार डाँडाको प्रार्थना आयोजना गरी हाल ४७औं महिना पूरा गरेको छ। डाँडाको प्रार्थना गर्ने क्रममा हामी काठमाडौंका विभिन्न डाँडासहित भक्तपुर, ललितपुर, सिन्धुपाल्चोक हुँदै काभ्रेपलान्चोकसम्म पुगिसकेका छौं । यस मन्डलीले भावी दिनमा यसलाई निरन्तरता दिंदै विभिन्न

जिल्लामा पुग्ने योजनासहित मन्डली अघि बढिरहेको छ। यसै गरी सुसमाचारलाई तीव्र बनाउँदै लैजाने पनि मन्डलीको योजना छ।

मन्डलीले यस अवधिमा तीनवटा तालिम सञ्चालन गरिरहेको छ, जुन वर्षमा एकपटक चेलापन तालिम, साना व्यवसाय तालिम र अगुवापन तालिम सञ्चालन हुन्छ। चेला निर्माण कार्यलाई प्रमुख कार्य ठानी उच्च प्राथमिकतामा राखेर अघि बढिरहने छ। यस बेथलेहेम जोरपाटी मन्डलीले भविष्यमा परमेश्वरको दर्शन र उहाँको आज्ञाअनुसार मन्डलीलाई वृद्धि गर्दै अगाडि बढ्ने योजना राखेको छ।

यो सबै कार्यको श्रेय परमेश्वरलाई दिँदै हृदयदेखि नै परमेश्वरलाई धन्यवाद चढाउँदछु। धन्यवाद !

## बेथलेहेम नुवाकोट मन्डली

परमेश्वरलाई महिमा होस् ! उहाँलाई नै प्रशंसा होस् ! २०६९ सालमा मेरो श्रीमतीको भदैनी बिहे गरी थानापति गा.वि.स. ५ धारे डाँडागाउँ नुवाकोटमा पुगेका थियौं। भदैनीको सासू धेरै लामो समयदेखि रगत बग्ने रोगले ग्रसित भई अन्तमा केही उपाय नलागेपछि ख्रिस्टमा विश्वास गरेर निको हुनुभएको थियो। सुसमाचार प्रचार गर्ने क्रममा प्रार्थनाद्वारा दुबै आँखाको दृष्टि गुमेको उहाँको साठी वर्षे बजू सासूले आँखा देखेको अनुभव गर्नुभयो र निरन्तर प्रार्थना गर्ने क्रममा उहाँले शान्ति र आनन्द मिलेको महसुस गरी प्रभु येसु ख्रिस्टलाई आफ्नो मुक्तिदाता भनी विश्वास गर्नुभयो। काठमाडौंसँगै जोडिएको जिल्ला भए तापनि बाटोको असुविधाले आवतजावतमा निकै कठिनाइ थियो। लड्दै र घिस्रँदै गएर सङ्गति गर्ने क्रममा विश्वास गरी पानीको बप्तिस्मा लिने सङ्ख्या वृद्धि हुँदै गएपछि आठ जनाबाट उहाँको घरको दलानमा प्रभुभोजको सेवा गरी सङ्गति सुरु भयो। क्रमश, विश्वासीहरूका सङ्ख्या अझै वृद्धि हुँदै गएपछि सङ्गति गर्ने ठाउँको अभाव भयो।

त्यो ठाउँसम्म पुग्ने मोटर बाटो थिएन। त्यहाँ ढुङ्गा पनि पाइँदैनथ्यो। हामीले काठमाडौं जोरपाटी नयाँ बस्ती पहेंलो पुलदेखि ब्लक, गिटी, र जस्ता लगेर लम्पाटी मोडदेखि डेढ घण्टाको बाटो यी सबै सामान काँधमा बोकेर कठिनसाथ म, मेरी श्रीमती र केही व्यक्तिहरू मिलेर धारे डाँडामा २०७० सालमा धेरै सर्घर्षको साथ मन्डली भवन निर्माण गरी ठुलासाना गरी अठार देखि बिस जनाको सङ्ख्यामा पास्टर पिटर सुनुवारको नेतृत्वमा निरन्तर सेवा भइरहेको छ। परमेश्वरलाई धन्यवाद होस् ! यहाँ गुरुङ, तामङ, नेवार, बाहुन, क्षेत्री र विभिन्न जातिका मानिसहरू बसोबास गर्छन्। यस ठाउँमा सुसमाचार सहर्ष स्वीकारिंदैन। त्यहाँ अहिले पनि मन्डली वरिपरी धेरै झाँक्रीहरू छन्। प्रार्थनामा याद गरिदिनुहोला। त्यो गाउँ वरिपरी मन्डली छैन। त्यसैले यस ठाउँमा सुसमाचार प्रचारको खाँचो छ। यस नुवाकोट जिल्लामा सुसमाचारको निकै खाँचो छ। सबै जनाले प्रार्थना गरिदिनुहोला। परमेश्वरलाई धन्यवाद होस् ! परमेश्वरले हामी सबै जनालाई आशिष देउन् ! धन्यवाद !

सेवामा

**पास्टर पिटर सुनुवार**
बेथलेहेम जोरपाटी मन्डली
गोकर्णेश्वर-५, बाहुन धारा
९८४१९१८९०५

Viber/whatsApp, Fb kapanmandali.
YouTube:New Hope Bethlehem Church
Fb Page: bethelehem church Jorpati
Gmail-sunuwarpeter2017@gmail.com

# पास्टर दिनेश ... असल सुसमाचार पनि हुनुभयो

"...परमप्रभु भला हुनुहुन्छ किनकि उहाँको प्रेम सदासर्वदै रहिरहन्छ ।"-२ इतिहास ७:३



बेथलेहेम मन्डली नेपालले २५औं बार्षिकोत्सव मनाउन लागेको खबर सुन्दा औधी खुसी लागेको छ । यस अवसरमा परमेश्वरलाई महिमा चढाउँदै बेथलेहेम मन्डलीका सम्पूर्ण पास्टर, अगुवा र विश्वासी जनहरूमा बधाई तथा शुभकामना व्यक्त गर्दछु !

सायद नेपालमा सबैभन्दा छिटो विस्तार हुने मन्डलीमा बेथलेहेम नै अग्रपङ्तिमा छ भन्दा अत्युक्ति नहोला । कारण यस मन्डलीले पच्चिस वर्षमा तीसवटा भन्दा धेरै मन्डलीहरू स्थापना गरिसकेको छ । वर्षमा एकवटा भन्दा बढीको हाराहारीमा मन्डली स्थापना गर्नु कुरा गरेजस्तो सजिलो छैन । यसमा उक्त मन्डलीका पास्टर, अगुवा र सम्पूर्ण मन्डली परिवारको समर्पणता चाहिन्छ जुन बेथलेहेम मन्डलीमा प्रष्ट देखियो । त्यसैले, प्रभुले पनि उहाँहरूद्वारा आज यति धेरै कार्य गर्नुभयो । सारा आदर र महिमा प्रभुलाई नै होस् !

पछिल्लो समय कतिपयले पास्टरज्यूहरू सौखिन, सेलिब्रेटी र नाम मात्रको पास्टर भए भनेर सोसल मिडियामा भिडियो पोष्ट गरेको देखिन्छ । तर बेथलेहेमलगायत अधिकांश मन्डलीका पस्टरज्यूहरू त्यस्तो हुनुहुन्न । बेथलेहेम मन्डलीको पास्टर दिनेशज्यूकै कुरा गर्नुपर्दा मैले उहाँलाई २०४७ सालदेखि नै चिनेको हुँ । अरू मानिसहरू शिक्षा र रोजगारीको लागि सहर र विदेशतिर धाउँदै गर्दा उहाँ आफ्नो परिवारका साथ ससाना छोराहरू लिएर रामेछाप जिल्लाको दुर्गम स्थानमा मन्डली स्थापना गर्न जानुभयो । उहाँ गाउँमा सुसमाचार प्रचार गर्ने मात्र हैन, तर असल सुसमाचार पनि बन्नुभयो । दर्जनौं बालबालिकालाई आफ्नो भनसुन र अनुरोधमा काठमाडौंको बालगृहहरूमा बसी बोर्डिङ स्कुलहरूमा पढ्ने व्यवस्था मिलाइदिनुभयो । धेरैलाई बाइबल तालिम र बाइबल कलेजमा पढ्न सिफारिस गर्नुभयो । उनीहरूमध्ये कतिपय आज उहाँसँगै सेवकाइ पनि गर्दै छन् भने कतिपयले विदेशमा उच्चा शिक्षा हासिल गरेका छन् ।

उहाँले गाउँमा सेवा सुरु गरेर सहरमा बस्छ भन्नेहरूलाई मनग्गे जबाफ दिनुभएको छ । विगतमा आएका विभिन्न विपदहरू (भूकम्प, पहिरो, महामारी) मा गाउँमा ट्रकबाट मात्र नभई हेलिकप्टरबाट पनि राहत र सेवा पुर्याउनुभएको छ । मन्डलीमा सबैलाई समेटेर ठिक व्यक्तिलाई ठिक जिम्म दिएर उच्चा शिक्षा गरेका प्रभुका दासहरूलाई आफूसँगै सेवामा लगाउन सक्नु उहाँको नम्रताको उच्चा प्रस्तुति नै हो ।

हिमाली क्षेत्रका मन्डलीहरूमा एकता र एक रूपता ल्याउने उद्देश्यले उहाँको अध्यक्षतामा हिमालयन ख्रिस्टियन सङ्गति नामक एक संस्था सुरु भई हिमाली क्षेत्रमा अनगिन्ती सभा, सम्मेलन तालिमको व्यवस्था पनि हुन गयो । सिन्धुपाल्चोकदेखि सोलुसम्मका प्रभुका जनहरू वर्षमा दुई-चारपटक भेट हुन थाल्यो । दर्जनौं मन्डली भवनहरू निर्माण भए । गाउँघरमा सेवा दिनलाई दिनरात, झरीबादल, घामपानी नभनी र विपदको वास्ता नगरी धाउनुहुने, खट्नुहुने र पुग्नुहुने उहाँ र उहाँको टिमलाई मनैबाट आज स्यालुट भन्दै आगामी दिनमा नेपालकै एक उदाहरणीय र आदरणीय सेवा गर्ने मन्डली बनोस् । साथै नेपाली भाषीहरू बसोबास गर्ने अन्य देशहरूमा पनि सेवा पुग्न सकोस् भनी प्रार्थना गर्दछु । धन्यवाद !

**एल्डर मिलन कुमार अधिकारी**
आनन्दित मन्डली

# मैले चिनेको पास्टर दिनेश र बेथलेहेम मन्डली



बेथलेहेम मन्डलीले २५औं वर्ष पूरा भएको अवसरमा रजत महोत्सव मनाउन लागेको कुराले म अति नै हर्षविभोर भएको छु। सेवामा मेरो समकालीन मित्र पास्टर दिनेश सुनुवार र बेथलेहेम मन्डलीले आफ्नो स्थापनाकालदेखि यहाँसम्म आइपुग्दा परमेश्वरको सेवामा अरोहअवरोह, दुःखसुखा, पीडा, आनन्द, अवसर र चुनौतिको एक जीवित साक्षी, पात्र र शुभ चिन्तकको हैसियतले म यस रजत महोत्सवको अवसरमा परमेश्वरलाई हृदयदेखि धन्यवाद चढाउँदछु। साथै, मन्डली परिवारलाई हार्दिक बधाई व्यक्त गर्दछु।

सेवकाइको दौरानमा पास्टर दिनेश र उहाँको परिवारसँग मैले स्थापना कालदेखि अहिलेसम्म हरेक परिस्थितिमा, अभावमा, प्रसस्ततामा, सतावटमा, रमाहटमा, असफलतामा र सफलतामा सँगसँगै समय बिताउने अवसर पाएको छु। मैले देखेको-चिनेको दिनेश परमेश्वरको सेवाको लागि समर्पित, इमान्दार, लगनशील, निडर र आफ्नो उद्देश्य केन्द्रित कुसल अगुवा हुनुहुन्छ। उहाँ सेवकाइमा आइपरेको हरकिसिमका कष्टपूर्ण समय, सतावट, प्रहार र चुनौतिहरूबाट कहिल्यैपनि विचलित हुनुभएन। तर आफ्नो दर्शनलाई पक्रिराख्नुभयो। आफ्नो जीवनलाई अरूको सेवामा लगानी गर्नुभयो र परमेश्वरको वचनलाई सर्वोपरी ठानी वचनअनुरूप आफूलाई एक असल गोठालोको रूपमा स्थापित गर्नुभयो। जसको फलस्वरूप आज उहाँसँग उहाँजस्तै अरू धेरै दर्शनधारी अगुवाहरू तयार भएका छन्। जसले करिब तीन दशक अगाडि परमेश्वरले पास्टर दिनेशलाई दिएको दर्शनलाई बोकेर देशको कुनाकुनामा पुग्न सक्षम भएका छन् र पुग्ने छन्।

बेथलेहेम मन्डलीले २५औं वार्षिक उत्सव (रजत महोत्सव) मनाउँदै गर्दा यस मन्डलीका स्थापनाकाल सुरुवाती दिनहरूमा मैले प्राप्त गरेका अनुभवहरू मेरो सेवकाइको बलियो पाठ र दक्षताहरू बनेका छन्। २०५२ साल फागुन महिनामा परमेश्वरले मलाई आराधना मन्डली सानेपाबाट सेवकको रूपमा पहिलोपटक रामेछापको भुजी ठिन्केपु भन्ने ठाउँमा जाने अवसर दिनुभएको थियो। त्यस बेला दुई-चार घरपरिवार मात्र प्रभुमा थिए। विषेश गरी वृद्ध आमाबुबाहरूसँग प्रार्थना, सङ्गति, बाइबल अध्ययनजस्ता कार्यहरू सञ्चालन गर्ने अवसर मिल्यो। साथै, साप्ताहिक रूपमा सङ्गति सञ्चालन हुन थाल्यो। करिब एक-डेढ वर्षको सेवकाइमा धेरै सतावट र चुनौतिको सामना गर्नुपर्यो। अझ भन्ने हो भने कतिपटक त मृत्युको मुखसम्म पुग्नु पनि परेको थियो। साथसाथै प्रभुको काम पनि बढ्दै गयो। मानिसहरूले प्रभुलाई चिन्न थाले। मन्डली स्थापना भयो। यस्तो सतावट र चुनौतिको बाबजुत पनि मेरो मित्र पास्टर दिनेश मन्डली स्थापना गर्ने दर्शनको साथ सुविधा सम्पन्न ठाउँ काठमाडौं छोडेर दुर्गम गाउँमा सपरिवार पूर्णकालीन सेवाको लागि आई यस मन्डलीलाई नेतृत्व दिनुभयो र मैले चाहिं दोलखाको ठुलो पातलमा स्थापना भएको हिमालयन इसाई मन्डलीको नेतृत्व गर्न थालें।

यद्यपि हामी दुबै जनासँग सँगै बसेर सेवकाइमा जुट्यौं। हिमाली भेगका विभिन्न जिल्लाहरूमा सुसमाचार, चेलापन र मन्डली स्थापनाको कार्यलाई तीव्रताको साथ अगाडि बढायौं। यस क्रममा प्रभुले थुप्रै आत्माहरू हामीलाई दिनुभयो। हिमाली भेगमा पास्टर दिनेश सुनुवारको नेतृत्वमा अहिले स्थापित भइसकेका विभिन्न

सेवकाइ र मन्डलीहरूका स्थापना भयो । यी सेवकाइबाट हजारौं मानिसहरू लाभान्वित भएका छन् । यसरी रामेछापको एउटा दुर्गम गाउँ ठिन्केपुबाट सुरु गर्नुभएको सेवा पास्टर दिनेशको अथक परिश्राम, प्रार्थना, बलिदान र समर्पणताको कारण देशव्यापी भएको छ । आज आएर बेथलेहेम मन्डलीले गरेका कामकार्वाही, उपलब्धी र परिणामलाई नियालेर हेर्दा पास्टर दिनेशको नेतृत्वमा रहेको मन्डली गुणात्मक वृद्धि, अगुवा निर्माण र मन्डली स्थापनामा सफल साबित भएको छ । मन्डलीको रजत महोत्सवको पावन अवसरमा प्रभुमा आदरणीय वरिष्ठ पास्टर दिनेश सुनुवार, मन्डलीका सम्पूर्ण पास्टर, एल्डर, अगुवाहरू र विश्वासी आमाबुबा, दाजुभाइ दिदीबहिनी र छोराछोरीहरूमा हार्दिक बधाई । साथै, आउँदा दिनहरूमा परमेश्वरको राज्य विस्तारको काममा बढ्दै जानुभएको होस् भनी शुभकामना व्यक्त गर्दछु !

**रेभ. ज्ञान बहादुर सुनुवार**
**वरिष्ठ पास्टर**
हिमालयन इसाई मन्डली
जिरी, दोलखा

# हार्दिक बधाई !

बेथलेहेम मन्डली नेपालले आफ्नो स्थापनाकालदेखि अनवरत रूपमा परमेश्वरको सेवामा समर्पित भई मन्डलीको २५ औं वार्षिक उत्सव (रजत महोत्सव) मनाउन लागिरहेको कुराले हामी हर्षित भएका छौं । पा. दिनेश सुनवारको नेतृत्वमा रहेको बेथलेहेम मन्डली समूहले परमेश्वरको राज्य विस्तार, चेलापन, अगुवा निर्माण, मन्डली स्थापना, सामाजिक सेवालगायतका क्षेत्रमा गर्नुभएको अदभुत कामको साक्षीको हैसियतले यस रजत महोत्सवको अवसरमा परमेश्वरलाई धन्यवाद दिंदै मन्डली परिवारलाई हार्दिक बधाई व्यक्त गर्दछौं ! साथै, ख्रिस्ट येसुको देह मन्डलीलाई स्वास्थ, सुव्यवस्थित, र उत्कृष्ट मन्डलीको रूपमा साबित गर्न मन्डली नेतृत्वलगायत सम्पूर्ण मन्डली परिवारलाई पवित्र आत्माले अगुवाइ गर्नुभएको होस् भनी प्रार्थनासहित शुभकामना व्यक्त गर्दछौं !

**ईश्वर सुनुवार**
प्रमुख कार्यकारी अधिकृत
हिमालयन लिडरसिप डेभलपमेन्ट सेन्टर
जिरी, दोलखा

# बेथलेहेम मन्डलीहरूका संक्षिप्त इतिहासः भाग ३
## बेथलेहेम डाँडागाउँ मन्डली



बेथलेहेम डाँडागाउँ मन्डली रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिका-६, साबिक गुप्तेश्वर गा.वि.स. २ मा अवस्थित छ । यो मन्डलीको सुरुवात यसरी भएको थियो । २०५५-५६ तिर सालोम अखौंले मन्डलीबाट पास्टर दुर्गा सुनुवार र पास्टर संजय सुनुवारको नेतृत्वमा केही विश्वासीहरू अलग भएर आई सङ्गति सुरु गरे । पछि यस मन्डलीलाई नेपाल ख्रिस्टिय मन्डली भनी नामकरण गरियो ।

यही समयमा २०६० सालको कार्तिक महिनामा म लगायत मेरो परिवारले पनि यही मन्डलीमा विश्वास गर्यौं । त्यो समयमा यो मन्डली पास्टर दुर्गा सुनुवारको नेतृत्वमा सञ्चालन भइरहेको थियो । उहाँकै नेतृत्वको समयमा यो मन्डलीले बेथलेहेम मन्डलीहरूसँग सहकार्य गर्न सुरु गर्यो । २०६१ सालमा मलाई उहाँकै सिफारिसमा तीन महिनाको मिसन तालिममा पाठाउनुभयो । तालिमपश्चात् यो सङ्गति सञ्चालन गर्नको लागि मलाई जिम्मा दिएर पास्टर दुर्गा काठमाडौं जानुभयो । उहाँ समयसमयमा आउनुहुन्थ्यो । तर पछिल्लो समय हामीलाई पवित्र विधिहरूका सञ्चालनका लागि आवश्यक समयमा उपस्थित हुन नसकेको कारणले हामीले बेथलेहेम मन्डलीका पास्टरहरूलाई अनुरोध गर्नुपर्ने भयो ।

यसकारण, हामीले आत्मिक अभिभावकको आवश्यकता महसुस गरी मन्डलीका सबै विश्वासीहरूका सहमतिमा २०७०/०६/२९ गतेका दिन मन्डलीलाई बेथलेहेम मन्डलीसँग अवद्ध गर्ने निर्णय गरी लिखित अनुरोध गर्यौं । यस प्रस्तावलाई बेथलेहेम केन्द्रीय समितिले स्वीकार गरी यस मन्डलीको नाम परिवर्तन भई बेथलेहेम डाँडागाउँ मन्डली भयो । त्यसपछि बेथलेहेम मन्डलीको सहकार्यमा मेरै नेतृत्वमा अगुवाहरू अभिषेक गर्ने र मन्डलीलाई अघि बढाउने कार्य निरन्तर चलिरहयो ।



बेथलेहेम मन्डली नेपालकै सिफारिस र सहयोगमा मन्डली भवन पनि निर्माण भएको छ । यो मन्डलीको जग्गा यसै मन्डलीको सहपास्टर डिल्लीराम सुनुवारज्यूले सित्तैंमा प्रभुको निम्ति अर्पण गर्नुभएको हो । यो मन्डलीले धेरै जनालाई सुसमाचार प्रचार गरी विश्वासमा ल्याएको छ, जसमध्ये कति जना काठमाडौंमा छन् भने, कति जना विदेशमा पनि छन् । यस मन्डलीमा हाल हामी पचास जनाको सङ्ख्यामा सङ्गति गरिरहेका छौं । हाल यस मन्डलीमा मेरो नेतृत्वमा एक जना सहपास्टर र एक जना एल्डर र एक जना डिकनेस गरी चार जना अभिषिक्त अगुवाहरूका सामुहिक नेतृत्वमा मन्डलीलाई अगाडि बढाई राखेका छौं । यसै मन्डलीको नेतृत्वमा

बेथलेहेम दुदिले र बलाखी मन्डली पनि स्थापना भएको छ। यो समयसम्म मलाई मन्डलीका विश्वासीहरू र परमेश्वरले पत्याउनुभएकोमा म, परमेश्वर र मन्डली परिवार दुबैप्रति धेरै धन्यवादी छु। आउँदो दिनमा, परमेश्वरको अगुवाइमा यस मन्डलीलाई सबल र उदाहरणीय मन्डली बनाउन धेरै चेला निर्माण गरी अरू ठाउँमा मन्डली स्थापना गर्ने योजना छ। धन्यवाद !

**पास्टर डम्बर बहादुर सुनुवार**
बेथलेहेम डाँडागाउँ मन्डली
उमाकुण्ड-६, गुप्तेश्वर, रामेछाप

## बेथलेहेम दुदिले मन्डली

बेथलेहेम दुदिले मन्डली रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिका-६, साबिक गुप्तेश्वर गा.वि.स. ८, दुदिलेमा अवस्थित छ। यो मन्डली २०६० सालमा बेथलेहेम डाँडागाउँ मन्डलीद्वारा स्थापना भएको थियो। यो मन्डली सुरु भएपछि यसको नेतृत्व पास्टर पदम बस्नेतज्यूले गर्दै आउनुभएको थियो। उहाँकै नेतृत्वमा बेथलेहेम मन्डली नेपालको सहकार्यमा मन्डली भवन पनि बनेको थियो तर २०७२ को भूकम्पले त्यो भवन पूर्ण रूपमा क्षति भयो। त्यसपछि पा. पूर्ण बहादुर विसुन्खेको पहलमा ट्रष्ट र जस्ताको टहरो बनेको छ र हालसम्म हामी त्यही टहरोमा सङ्गति गरिरहेका छौं। पास्टर पदम बस्नेतज्यूको परिवारसहित बसाइँ सरेर काठमाडौं जानुभएपछि यस मन्डलीलाई मैले नेतृत्व गरिरहेको छु। हाल यस मन्डलीमा उनन्तिस जना विश्वासीहरू



छन्। यो मन्डली आत्मिक र आर्थिक दुबै रूपमा कम्जोर भएकोले यसलाई परिपक्व र बलियो बनाउने प्रयत्न गरिरहेको छु र हजुरहरू सबैले प्रार्थना गरिदिनुहोला। धन्यवाद !

**एल्डर ओम नेपाली**
बेथलेहेम दुदिले मन्डली
उमाकुण्ड-६, गुप्तेश्वर, रमेछाप

## बेथलेहेम बलाखी मन्डली

बेथलेहेम बलाखी मन्डली रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिका-४, साबिक प्रीति गा.वि.स. ९, बलाखीमा अवस्थित छ। यो मन्डली बेथलेहेम दुदिले मन्डलीको नेतृत्वमा सरु भएको थियो। सुरुमा यो मन्डलीमा धेरै विश्वासीहरू थिए र मन्डली भवन पनि ठुलै बनेको थियो। तर त्यो भवन भूकम्पाले जोखिमपूर्ण बनेको छ। यो मन्डलीको सुरुको पास्टरको परिवारलगायत कति जना काठमाडौं र विभिन्न ठाउँमा बसाइ सरी गएकोले हाल दुई परिवार मात्र छौं। दुई परिवार भए पनि सङ्गति निरन्तर चलिरहेको छ। म आफैं पनि अध्ययन र जागिरको कारण स्थायी रूपमा यस ठाउँमा बसोबास गर्न असफल भएकोले हाल बेथलेहेम प्रीति मन्डलीको नेतृत्वमा यस मन्डली सञ्चालन भइरहेको छ। भविष्यमा यस ठाउँका सबै मानिसहरूले परमेश्वरलाई चिनुन्, मन्डली वृद्धि होस् र स्थायी अगुवा निर्माण हुन सकोस् भनी प्रार्थना गरिदिनुहोला। धन्यवाद !

**अगुवा मनमाला तामाङ**
बेथलेहेम बलाखी मन्डली
उमाकुण्ड-४, प्रीति, रामेछाप

## बेथलेहेम माझगाउँ मन्डली



बेथलेहेम माझगाउँ मन्डली रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिका-७, साबिक भुजी गा.वि.स. ६ मा अवस्थित छ । यस बेथलेहेम माझगाउँ मन्डलीको स्थापना २०६५ सालमा पास्टर जीवन बसेलको नेतृत्वमा दुई घरपरिवार विश्वासीसहित झुण्ड सुरु भएको मन्डली हो । तर परमेश्वरको काम यस टोलमा अद्भुत रीतिले भई यहाँको विश्वासी सङ्ख्या छ घर पुगेपछि विभिन्न मन्डलीहरू र बेथलेहेम काठमाडौं मन्डलीको सहयोगमा २०७१ मा एउटा पक्की भवन निर्माण भयो । तर दु:खको कुरा २०७२ सालको महाभूकम्पले मन्डली भवन पूर्ण रूपमा भत्कियो । पछि २०७३ सालमा बेथलेहेम काठमाडौं मन्डलीको पहल र सिफारिसमा राष्ट्रिय मन्डली सङ्गति नेपालको आर्थिक सहयोगमा एउटा सुन्दर भवनको निर्माण सम्पन्न भएको छ । यस भवनबाट परमेश्वरको काम भइरहेको छ । हाल यस बेथलेहेम माझगाउँ मन्डलीमा जम्मा बाह्र घरपरिवार रहेका छन् र जम्मा विश्वासी सङ्ख्या पैंतालिस जना रहेको छ । यस ठाउँमा मन्डली स्थापना हुनुभन्दा अघि गाउँ समाजमा जहिलै होहल्ला र नराम्रा कामहरू हुन्थे । तर अहिले यो गाउँ एउटा सुन्दर र अनुशासित समाजको रूपमा निर्माण भएको छ । हाल यस मन्डली मेरो नेतृत्वमा एक जना एल्डर र दुई जना डिकन, डिकनेसहरूका साथमा सञ्चालन भइरहेको छ । यस मन्डलीले हाल ओखलढुङ्गाको गाम्नाङमा सुसमाचार प्रचार गरी केही परिवारले विश्वास गरेका छन् । यस ठाउँमा सङ्गति दिने काम भइरहेको छ र छिट्टै मन्डली स्थापना हुनेवाला छ ।



यस बेथलेहेम माझगाउँ मन्डलीको अबको मुख्य योजना भनेको यस गाउँलाई पूर्ण रूपमा ख्रिस्टमा जित्ने हो । ख्रिस्टको राज्य विस्तार गर्ने, दु:खी र असाहयलाई सहयोग गर्ने, चेला निर्माण गर्ने हाम्रो मन्डलीको प्रमुख मिसन रहेको छ ।

**पास्टर जीवन बसेल**
बेथलेहेम माझगाउँ मन्डली
उमाकुण्ड-७, भुजी, रामेछाप

## बेथलेहेम पोल्दिम मन्डली



बेथलेहेम पोल्दिम मन्डली रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिका-७, साबिक भुजी गा.वि.स. ६, पोल्दिममा अवस्थित छ। यो मन्डली २०६८ सालमा स्थापना भएको थियो । यो ठाउँमा हामीले सङ्गति सुरु गर्ने बेलामा यहाँ एक घरपरिवारले मात्र विश्वास गरेका थिए र हामी कति परिवार थास्राबाट हिंडेर आउथ्यौं । त्यसैले यो ठाउँमा सङ्गति सुरु गर्नुको उद्देश्यचाहिं यहाँ अरू धेरै आत्माहरू जित्नु बाँकी थियो । पछिल्लो समय कति वृद्धहरू हिंडेर आउन टाढा भएकोले थास्राका विश्वासीहरू थास्रामानै सङ्गति गर्छन् र त्योचाहिं यो मन्डलीको शाखा हो । हाल यस पोल्दिम मन्डलीमा हामी थोरै विश्वासीहरू बसी सङ्गति गर्दै छौं । हाल हाम्रो नजिकै एक फरक शिक्षा दिने सङ्गति सुरु भएको छ, जसले हाम्रा कति विश्वासीहरूलाई भड्काउने काम पनि गर्दै छन्। यो समस्याको समाधान भएको होस् र यहाँका मानिसहरूले प्रभुलाई चिन्न सकेको होस् भनी प्रार्थना गरिदिनुहोला । धन्यवाद !



**पास्टर खिप बहादुर सुनवार**
बेथलेहेम पोल्दिम मन्डली
उमाकुण्ड-७, भुजी, रामेछाप

## बेथलेहेम थास्रा मन्डली



बेथलेहेम थाँस्रा मन्डली रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिका-७, साबिक भुजि गा.वि.स. ७ मा अवस्थित छ। यो मन्डली २०७२ पौष १० गतेबाट बेथलेहेम पोल्दिम मन्डलीको छोरी मन्डलीको रूपमा सुरु भएको हो। यो मन्डली दुई परिवारबाट सुरु भएर हाल सात घर परिवार तथा पन्ध्र जनाको सङ्ख्यामा सङ्गति गरिरहेका छौं । भविष्यमा यस मन्डलीको वृद्धि र स्थायी मन्डली भवन हुन सकोस् भनी सबै जनाले प्रार्थना गरिदिनुहुन सबैमा हार्दिक अनुरोध गर्दछु। धन्यवाद !



**अगुवा राजु सुनुवार**
बेथलेहेम थास्रा मन्डली
उमाकुण्ड-७, भुजी, रामेछाप

# हार्दिक शुभकामना !

बेथलेहेम मन्डली नेपालको २५औं वार्षिक उत्सवको अवसरमा बेथलेहेम मन्डली नेपालका संस्थापक पास्टर तथा अगुवाज्यूहरू लगायत सम्पूर्ण बेथलेहेम मन्डली परिवारलाई चरिकोट ख्रिस्टियन मन्डली तथा म, पास्टर शक्ति पाख्रिनको तर्फबाट हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । साथै, विगतमा झैं आउने दिनहरूमा पनि प्रभु येसु ख्रिस्टमा तपाईंहरूको विश्वासको काम, परमेश्वरको प्रेमको परिश्राम र आशाको धर्य बढ्दै जाओस् भनी परमेश्वरसँग प्रार्थना गर्दछु ।

**पास्टर शक्ति पाख्रिन**
चरिकोट ख्रिस्टियन मन्डली
भिमेश्वर नगरपालिका-६, चरिकोट दोलखा

# हार्दिक शुभकामना !

बेथलेहेम मन्डली नेपालको २५औं वार्षिक उत्सवको अवसरमा बेथलेहेम मन्डली नेपालका संस्थापक पास्टर तथा अगुवाज्यूहरू लगायत सम्पूर्ण बेथलेहेम मन्डली परिवारलाई अत्तरखेल बप्तिस मन्डली तथा म, पास्टर प्रकाश तामाङको तर्फबाट हार्दिक बधाई तथा शुभकामना व्यक्ता गर्दछु । साथै, विगतमा झैं आउने दिनहरूमा पनि प्रभु येसु ख्रिस्टमा तपाईंहरूको विश्वासको काम, परमेश्वरको प्रेमको परिश्राम, र आशाको धर्य बढ्दै जाओस् भनी परमेश्वरसँग प्रार्थना गर्दछु ।

**पास्टर प्रकाश तामाङ**
अत्तरखेल बप्तिस मन्डली
गोकर्णेश्वर नगरपालिका–८, काठमाडौं

# बधाई तथा शुभकामना

बेथलेहेम मण्डली नेपालले २५ औं वार्षिकोत्सव मनाउन लागेको समचारले नेपाल बाइबल सोसाइटी हर्षित भएको छ। यस सुअवसरमा नेपाल बाइबल सोसाइटी बेथलेहेम मण्डली नेपाल र यसका सम्पुर्ण शाखा मण्डली र सेवक-सेविकाहरूप्रति **हार्दिक बधाई तथा शुभकामना** व्यक्त गर्दै उहाँको राज्य विस्तारमा आगामी वर्षहरूमा अझ धेरै उत्साह र प्रोत्साहनका साथ लाग्नका लागि बेथलेहेम मण्डली नेपाल र यसका सम्पुर्ण शाखा मण्डलीहरूलाई उहाँको निर्देशन र आशिष् प्रशस्त मिलोस् भनि त्रिएक जीवित परमेश्वरसँग प्रार्थनासमेत गर्दछ।

**नेपाल बाइबल सोसाइटी**
पोष्ट बक्स २०२२, काठमाडौं
फोन नं. (+९७७-१) ९१५० १२३; (+९७७-१) ९१५० १४७
ई-मेलः info@nepalbiblesociety.org
वेभ साइट्सः www.nepalbiblesociety.org
फेसबुकः Nepal Bible Society



बाइबल धर्मशास्त्र र यससँग सम्बन्धित कुनै उत्पादनहरूको आवश्यकता परेमा हामीलाई सम्झनुहोला। धन्यवाद!

# शुभकामना तथा बधाई !

सु-समाचार र मण्डली बृद्दिका निम्ति विभिन्न आरोह - अवरोह पार गर्दै २५औं बसन्त पार गरेको उपलक्ष्यमा बेथलेहेम मण्डली नेपालका गुरुजन तथा सम्पूर्ण मण्डली परिवारमा त्री - एक परमेश्वरको नाउँमा बधाई तथा शुभकामना ब्यक्त गर्दछौं । आगामी बर्षहरुमा परमेश्वरको शक्ति र सामर्थमा मण्डलीले अन्य धेरै सफलताको सिंढीहरु पार गर्दै परमेश्वरको महिमाको काममा अथक प्रकारले अघि बढ्दै जाओस् भनी हामी मण्डली परिवारको यही प्रार्थना र आशिष छ ।

**रेभ. डा. महेन्द्र भट्टराई**
**रेभ. ध्रुब अधिकारी**
साथै सम्पूर्ण आशिष प्रेस्बिटेरियन मण्डली परिवार
रानिबु, घसिखेल, ललितपुर ।
९ फेब्रुवरी, २०२२

# पास्टर दिनेश, मेरो हितैषी मित्र...



बेथलेहेम मन्डलीले आफ्नो २५ औं वार्षिक उत्सव मनाउन गइरहेको कुरा सुन्न पाउँदा मलाई धेरै खुसी लागको छ । यो मन्डलीमा बेलाबेलामा आउँदा जाँदा अनि वचनको सेवकाइ गर्दा धेरै नै आशिषित मन्डली भएको मैले पाएको छु । यो मन्डली र यसका दूरदराजमा रहेका शाखा मन्डलीहरूसँग सेवकाइका कतिपय क्षेत्रहरूमा सहकार्य गर्न पाएकोमा हामी धेरै आशिषित बनेका छौं । यी सबै अवसर र मौकाहरूका निम्ति परमेश्वरलाई धन्यवाद होस् !

यस बेथलेहेम मन्डलीका संस्थापक पास्टर दिनेश सुनुवारज्यू मेरो किशोर अवस्था देखिकै एक हितैषी मित्र हुनुहुन्छ । प्रभुमा हामी दाजुभाइसरह भएर लामो समय रह्यौं । हाम्रो मित्रता हामी दुबै स्कुलमा अध्ययन गर्दादेखिको हो । हामीले धेरैचोटि सँगै खायौं र सँगै बस्यौं । हामी अनेकनचोटि सँगै बसेर एकअर्काका दु:खसुख बाड्यौं र एक अर्काको निम्ति घुँडा टेकेर परमेश्वरसँग प्रार्थना र अन्तरबिन्ती पनि गरेका छौं । कतिपटक उपवास बसेरसमेत एकले अर्काको निम्ति परमेश्वरसँग दुहाइ मागेका छौं । पास्टर दिनेशसँगको त्यति लामो समयको मित्रतामा रहँदाको समयमा उहाँसँगको कुनै तिता अनुभव मेरो मानसपटलमा कहिंकतै छैन । बरु, सबै कुरा मिठा अनि सुमधुर मात्र रहेका छन् ।

पास्टर दिनेशलाई मैले भेट्दा उहाँ ललितपुर जिल्लाको शान्त भवनमा अवस्थित आराधना मन्डली भवनमा बस्नुहुन्थ्यो । त्यही मन्डलीमा मैले प्रभु पाएको हुँदा हाम्रो भेट त्यही भएको थियो । त्यो ठुलो मन्डली भवनमा उहाँ एक्लै बस्ने हुनाले सयद उहाँलाई कहिलेकाहिं पट्यार लाग्थ्यो होला । मेरो कोठा सानेपामा थियो । उहाँसँग बस्न राती मलाई बोलाउनुहुथ्यो । म त्यहाँ प्राय: जान्थें र हामी दुबै सँगै बसेर पढ्ने र प्रार्थना गर्ने गर्थ्यौं । त्यो समय हाम्रो निम्ति सङ्गति र प्रार्थनाको हिसाबले अत्यन्तै आशिषको समय बन्दथ्यो । उहाँ जहिले पनि परमेश्वरलाई पहिलो स्थानमा राख्ने व्यक्ति हुनुहुन्थ्यो । यद्यपी पढाइलेखाइ भन्दा पनि प्रभुको सेवा उहाँको जीवनको पहिलो उद्देश्य बन्ने गर्दथ्यो । मन्डली भवन र त्यसको कम्पाउन्ड सफा गर्न पाएकोमा उहाँ धेरै गौरव गर्दै मलाई भन्ने गर्नुहुन्थ्यो, “आज मैले प्रभुको भवनमा सेवा गरेको छु । अब भोलि मैले कति धेरै आशिष पाउँछु होला हगी ?” उहाँ धेरै प्रार्थना गर्न, परमेश्वरको वचन अध्ययन गर्न अनि सङ्गतिमा सहभागी बन्न रुचाउने व्यक्ति हुनुहुन्थ्यो । उहाँ परमेश्वरको वचन बाँड्न पनि सधैं जोसिलो बन्ने गर्नुहुन्थ्यो । उहाँका हरेक समस्याहरूमा उहाँ मानिससँग गएर दुखेसो पोख्नेभन्दा पनि प्रभुको चरणमा गएर बिन्ती बिसाउने व्यक्ति हुनुहुन्थ्यो । उहाँले समस्याका क्षणहरूमा आफ्नो कोठाको ढोका थुनेर प्रभुको चरणमा गएर धुरुधुरु रुँदै प्रभुमा बिन्ती बिसाएको मैले धेरैचोटि सुनेको अनि देखेको छु । उहाँ एक प्रभुमा भरपर्ने सच्चा सेवक अनि विश्वासमा जिउने परमेश्वरको दास भएको मैले पाउँथें ।

सीमित आय आर्जन र साधारण जीवनयापन गर्नुपरेको त्यो अवस्थामा पनि पास्टर दिनेश सधैं अत्यन्तै उदारचित्तको व्यक्ति हुनुहुन्थ्यो । मन्डलीमा अनेकन मानिसहरू आउँदा अनि जाँदा उनीहरूका अभावमा पास्टर दिनेशको त्यो सानो भान्सामा धेरैले सित्तैंमा खाना खाएर जाने गर्थे । यसरी जसले खाए पनि उहाँ खुवाउन रमाउने व्यक्ति भएकाले कहिल्यै पनि कसैसँग झर्को मान्ने वा गनगन गर्ने गर्नुहुन्नथ्यो । हँसिलो

चेहेराको धनी सबै कुरामा परमेश्वरले पुर्याउनुहुन्छ भनेर परमेश्वरमा भर परेर जिउने जीवनशैली उहाँको थियो। उहाँसँगको त्यो लामो उठाइ र बसाइमा उहाँसँको अन्तरङ्ग अनुभवहरू मसँग अनेक छन्। अनि तीमध्येमा मेरो एउटा अनुभव यस्तो छ। इ.सं. १९९४ डिसेम्बर ४ तारिखमा मेरो विवाहको तिथिमिति तय भयो। मन्डलीहल सजावटको कार्य जोडतोडले सुरु भयो। सबै जवानहरूले सकेका सबै समय दिए र सबैको प्रयत्नमा सजावटको काम अत्यन्तै उत्कृष्ट भयो। सजावट सिकिएपछि जब मन्डलीको हल साह्रै सुन्दर देखियो, तब पास्टर दिनेशले त्यो सजावटलाई हेरेर भन्नुभयो, "ल यति राम्रो सजावट फेरि हुन्छ कि हुँदैन थाहा छैन। त्यसैले म पनि अब यही सजावटमा नै विवाह गर्छु।" त्यसपछि केही दिनको अन्तरमा एउटै साल, एउटै महिना र एउटै सजावटमा उहाँको र मेरो विवाह सम्पन्न भएको थियो।

विवाहको केही समयपछि उहाँ मन्डली स्थापनाको कार्य गर्न दर्शन लिएर आफ्नो विकट गाउँ रामेछापतर्फ लाग्नुभयो। केही वर्ष भित्रमा उहाँले त्यहाँ धेरैवटा मन्डली र शाखा मन्डलीहरू स्थापना गरेपछि काठमाडौंमा पनि मन्डली स्थापना गर्नुभयो। परमेश्वरले उहाँको जीवनमा र सेवकाइमा धेरै आशिष दिनुभयो र अझै धेरै दिंदै हुनुहुन्छ। उहाँको समर्पणता र सेवाको हृदयलाई तृप्त गराएर परमेश्वरले जुन आशिषित बेथलेहेम मन्डली आज उहाँलाई दिनुभएको छ, त्यसको निम्ति परमेश्वरलाई लाखौंलाख धन्यवाद होस्!

आज उहाँले स्थापना गरेको मन्डलीको २५ औं वार्षिक उत्सवको सँघारमा उभिएर उहाँको विगत र वर्तमानलाई हेर्दा उहाँलाई परमेश्वरले दिनुभएको आशिष देखेर मलाई धेरै आश्चर्य लागेको छ। मेरो अन्तरआत्माले भनिरहेको छ- परमेश्वर कति अचम्मको परमेश्वर हुनुहुन्छ, जसले भजनसंग्रह ८४:११ पदमा उहाँले दिनुभएको प्रतिज्ञा आफनो दासको जीवनमा पूर्ण रूपले पूरा गर्नुभएको छ। यहाँ यसरी लेखिएको छ: किनकि परमप्रभु परमेश्वर सूर्य र ढाल हुनुहुन्छ। परमप्रभुले निगाहा र इज्जत प्रदान गर्नुहुन्छ। सत्य मार्गमा हिंड्नेहरूलाई परमप्रभुले कुनै भलो थोकबाट वञ्चित राख्नुहुन्न। आमेन्।

अन्तमा, यो २५ औं वर्षगाँठको उपलक्षमा पास्टर दिनेश, बेथलेहेम मन्डलीका सम्पूर्ण अगुवा समिति र समस्त मन्डली परिवारमा म, मेरो परिवार र हाम्रो बेथसेदा मन्डली परिवारको तर्फबाट हार्दिक बधाई व्यक्त गर्दछु! साथै, आगामी भविष्यमा सेवकाइको सम्पूर्ण उन्नति, प्रगति र समृद्धिको निम्ति पनि हार्दिक शुभकामना व्यक्त गर्न चाहान्छु! धन्यवाद!

**पास्टर अशोक अधिकारी**
बेथसेदा मन्डली

## बेथलेहेम मन्डली र पास्टर दिनेश सुनुवारको सेवकाइ



बेथलेहेम मन्डलीले स्थापनाकालको समयदेखि आजको दिनसम्म परमेश्वरको महान् आज्ञालाई शिरोपर गर्दै उहाँको राज्य विस्तारको निम्ति काम गर्दै निरन्तर अगाडि बढिरहेको यो २५औं वसन्त पार गर्न सफल भएकोमा मलाई अत्यन्त गर्व लागेको छ। यसको सम्पूर्ण आदर, श्रेय र महिमा उनै जीवित परमेश्वरलाई दिन चाहन्छु । मन्डली परिवारले आज यो २५ औं वार्षिक उत्सव (रजत-महोत्सव) मनाउन लागेको खुसीको अवसरमा मन्डली परिवारलाई मेरो व्यक्तिगत तर्फबाट हार्दिक बधाई दिन चाहन्छु ।

यस मन्डलीलाई स्थापनाकालदेखि नै पास्टर दिनेश सुनुवारले चेलापन गर्दै आजको दिनसम्म निरन्तर नेतृत्व दिंदै आउनुभएको छ । उहाँले परमेश्वरको मिसन र दर्शनलाई निरन्तर बढवा दिंदै पास्टरीय सेवकाइ गर्नुभएको पनि आज २५ वर्ष पूरा भइसकेको छ। परमेश्वरको यो उच्च बोलावटलाई कदर गर्दै पास्टर दिनेश सुनुवारले परमेश्वरको मिसन र दर्शनलाई अगाडि बढाउन यहाँसम्म परमेश्वरले निरन्तर सहायता गरिरहनुभएको छ ।

उहाँले आज यो २५ वर्षको सेवकाइको जीवन पार गरिरहेको सन्दर्भमा उहाँको पारिवारिक पृष्ठभूमि र जीवनको बारेमा केही चर्चा गर्न मन लाग्यो। पास्टर दिनेश सुनुवार रामेछाप जिल्लाको भुजी ठिन्केपु बिकट गाउँको एउटा साधारण किसान परिवारमा जन्मिएर सानै उमेरदेखि सङ्घर्षको जीवन व्यतित गर्दै आउनुभएको हो। उमेरले म भन्दा केही वर्षले जेठो तर हामी समकालीन समयमा बाल्यवस्थादेखि नै सँगै बढ्दै आफ्नो गाउँमा पहिलोपटक स्थापना भएको प्राथमिक विद्यालयमा पहिलो  ब्याचको विद्यार्थी भएर सँगै प्राथमिक तहको शिक्षा पूरा गरी निरन्तर अगाडि बढाउने कार्य सुरुवात गर्यौं। साइनोको नाताले उहाँ मेरो भान्जा हुनुहुन्छ। उहाँको पारिवारिक पृष्ठभूमिबारे भन्नुपर्दा मैले थाहा पाएदेखि नै  हजुरबुबाको पालादेखि नै बुबा र उहाँको जेठा दाजु तीन पुस्तासम्म झाँक्री विद्या (Shamanism) को संस्कारलाई अवलम्बन गर्दै आएको देखिन्छ।

पास्टर दिनेश सुनुवारले आफ्नो प्राथमिक स्तरको अध्ययन पूरा गरेपछि भविष्यको निम्ति सुनौलो अवसरको खोजी गर्दै सत्र वर्षको किशोरावस्थाको उमेरमा २०४२ सालतिर राजधानी काठमाण्डौमा प्रवेश गर्नुभयो। गाउँबाट सहरमा प्रवेश गरेलगतै जीवनमा सङ्घर्षका यात्रालाई सुरु गर्नुभयो । त्यस बेलाको समयमा ललितपुरको सानेपास्थित आराधना मन्डलीमा आश्रय पाउनुभएर त्यहीबाट प्रभु येसुलाई आफ्नो मुक्तिदाता र प्रभु भनी विश्वास गरी त्यही मन्डलीमा बसेर सरसफाइ र मन्डली भवनको हेरचाह गर्ने कार्यबाट सेवकाइलाई सुरु गर्नुभएको हो। पास्टर दिनेशलाई त्यस बेला मन्डलीमा सबैले च्याङ्बा भनेर पनि बोलाउँथे।

त्यस बेला म पनि एकपटक २०४५ सालतिर सानै उमेरमा काठमाडौं आउँदा दिनेश भान्जा बसेको ठाउँमा पुगेको थिएँ। म काठमाडौं आएको डेढ महिना नबित्दै मेरो आमाको देहान्त भएको कारण म चाहिं गाउँमा नै फर्कें।  पछि म फेरि २०४६ सालतिर फेरि काठमाडौं आएँ। त्यो जुन समयमा जनआन्दोलन २०४६ को चर्काचर्की थियो। मैले पनि अर्कै ठाउँमा बसेर जीवनको सङ्घर्षको यात्रा सुरु त्यहींबाट गरेको हुँ। त्यस समय बेला-बेलामा म पनि आराधना मन्डलीमा जाने गर्थें। त्यहाँका मन्डलीका अगुवाहरूबाट सुसमाचार सुनेर मैले पनि प्रभु येसुलाई ग्रहण गर्ने मौका पाएँ। त्यस समयमा एकपटक त्यही मन्डलीका अगुवाहरूसँग सुसमाचार पत्रिकाहरू बाँड्ने क्रममा ललितपुरको लुभु गाउँसम्म गएको कुरा बेला-बेलामा मानसपटलमा आउँछ।  पछि म चाहिं २०४८ सालबाट

सानेपा स्थित सालोम एजी मन्डलीमा लगातार सङ्गति गरेर परमेश्वरमा निरन्तर बढिरहें। म पनि २०५२ सालदेखि सालोम एजी मन्डलीमा पूर्णकालीन सेवकको रूपमा मन्डलीमा सेवकाइ सुरुवात गरी २०५५ - २०६० सालसम्म मन्डलीको आर्थिक र प्रशासनिक क्षेत्रको जिम्मेवारीसहित सहायक पास्टरको रूपमा सेवकाइ गर्दै २०६१ सालदेखि आजको दिनसम्म भक्तपुर सालोम एजी मन्डलीमा पूर्णकालीन पास्टरको सेवकाइ गर्दै आएको छु। मैले सेवकाइको यात्रालाई अगाडि बढाउँदै आफ्नो पढाइलाई स्नातक तहसम्म पूरा गर्ने मौका पाएँ र हाल पनि स्नातकोत्तर तहको अध्ययनलाई निरन्तरता दिई नै रहेको छु।

पूरानो करार (यर्मिया १:५) मा यर्मियालाई परमेश्वरले बोलाउनुभएजस्तै गाउँको त्यस बेलाको एउटा साधारण गाउँले ठिटो (दिनेश सुनुवार) लाई परमेश्वरको राज्यमा सेवकाइको निम्ति उहाँको बोलावट यहींबाट सुरुवात भएको देखिन्छ। त्यही ठाउँमा बसेर विद्यालयको शिक्षालाई (SLC) सम्म सङ्घर्ष गर्दै पूरा गर्नुभयो। त्यही नै बसेर सेवकाइसम्बन्धी छोटो अवधिको बाइबलीय तालिम पनि पूरा गर्नुभएर सेवकाइको निम्ति आफैलाई तयार पार्ने काम गर्नुभयो। त्यसपश्चात् उहाँले त्यही गाउँको मेरो भान्जी पर्ने कल्पना सुनुवारसँग ख्रिस्टिय विधिअनुसार नै पवित्र विवाह गर्नुभयो। पारिवारिक जीवन सुरुवात गर्नु भएपछि उहाँको परिवारमा दोब्बर आशिषको रूपमा जुम्ल्याह छोराहरू परमेश्वरले दिनुभयो। त्यसपश्चात् अर्को एक छोरा पनि परमेश्वरले दिनुभयो र पाँच जना परिवारसहित सेवा गरिरहनुभएको छ। २०५३ सालबाट उहाँले काठमाडौंमा छुट्टै मन्डली सङ्गति सुरुवात गरेर पछिबाट बेतलेहेम मन्डली नामाकरण गरी गृह जिल्ला रामेछापको भुजी र नजिकका छिमेकी अरू गाउँटोलहरूमा सुसमाचार प्रचार र अरूलाई पनि चेला निर्माण गरी मन्डलीहरू स्थापना गर्नुभयो। परमेश्वरको राज्य र मिसनलाई बिस्तार गर्ने कार्यमा हाल पच्चिस वर्षको अवधिमा बेतलेहेम मन्डलीमार्फत् देशको पूर्वी तथा मध्येका दश जिल्लाभित्र साना-ठुला गरी हाल सम्म पैंतिसवटा मन्डली सङ्गतिहरू स्थापना भइसकेका छन्। जसमध्ये प्राय:जसो मन्डलीहरू आफ्नै गाउँमा रहेका छन्। यी सबै कार्यहरूको श्रेय जीवित परमेश्वरलाई दिनुपर्दछ र त्यसपश्चात् श्रेय उहाँहरूको मन्डली समूहलाई दिन चाहन्छु। परमेश्वरको राज्यको बिस्तारको निम्ति सर्वप्रथम स्पष्ट बोलावट र दर्शनको आवश्यकता पर्दछ। हितोपदेश २९:१८ ले भन्दछ, "जहाँ दर्शन-प्रकाश छैन, त्यहाँ मानिसहरू भाँड़िन्छन्। तर त्यो मानिस धन्य हो, जसले व्यवस्था पालन गर्छ।"

आज यसरी बेतलेहेम मन्डली परिवारले परमेश्वरको राज्यलाई बिस्तार गर्ने कार्यमा जसरी २५औं वसन्तलाई पार गरिसकेको छ। अब उहाँको राज्यमा मन्डली भर्खरै २५ वर्षे लक्का जवान भएको छ। आगामी दिनहरूमा पनि परमेश्वरको राज्य बिस्तार गर्ने कार्यमा निरन्तर बढिरहोस्। पास्टर दिनेश सुनुवारले पनि मन्डलीलाई पास्टरीय नेतृत्व गर्नुभएको पच्चिस वर्ष पूरा भएको अवसरमा पनि उहाँलाई मेरो व्यक्तिगत र परिवारको तर्फबाट साथै भक्तपुर सालोम एजी मन्डली परिवारको तर्फबाट हार्दिक बधाई व्यक्त गर्दछौं। आगामी भविष्यका दिनहरूमा पनि परमेश्वरको राज्य र मिसनलाई बिस्तार गर्ने कार्यमा मन्डली परिवारलाई परमेश्वरले सदैव सहायता गरिरहनुभएको होस् भनी शुभेच्छा प्रकट गर्दै मन्डलीको रजत महोत्सवको उपलक्ष्यमा हार्दिक शुभकामना व्यक्त गर्दै निरन्तर प्रार्थना गर्दछौं। बेथलेहेम मन्डली परिवारलाई परमेश्वरले प्रशस्त आशिष देउन्!!!

**रेभ. पास्टर मित्र सुनुवार**
**भक्तपुर सालोम एजी मन्डली**

## बधाई तथा शुभकामना !

बेथलेहेम मन्डली परिवारले परमेश्वरको राज्य र मिसनलाई आगाडि बढाउने कार्यमा २५ औं वसन्त पूरा गरी परमेश्वरको महिमाको निम्ति रजत-महोत्सव मनाउन लागेको विशेष अवसरमा सम्पूर्ण मन्डली परिवारलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं। परमेश्वरले सम्पूर्ण मन्डली परिवारलाई प्रशस्त आशिष दिनुभएको होस् !!!



**रेभ. पास्टर मित्र सुनुवार**
**भक्तपुर सालोम एजी मन्डली**

## हार्दिक शुभकामना!

रामेछाप जिल्लामा अवस्थित भुजि ठिन्केपु गाउमा केही ब्यक्तिहरूको प्रार्थना द्वारा सुरु भएर व्यापक रूप लिन पुगेको बेथलेहेम मन्डली हाल २५ बर्ष पुगेकोमा हार्दिक बधाइ छ। बेथलेहेम मन्डलीका संस्थापक पास्टर दिनेस सुनुवारको अथक परिश्रमको कारण बेथलेहेम मन्डलीले उन्नती र प्रगती गर्दै अगाडी बढेको यथार्थलाई स्मरण दिलाउदै आत्मिक शिक्षा लगायत सामाजिक काममा समेत बेथलेहेम मन्डलीले गरेको योगदानको समेत उच्च कदर गर्दै बेथलेहेम मण्डलि परिवार प्रती हार्दिक बधाइ तथा शुभकामना ब्यक्त गर्न चाहान्छु।

**पा.दुर्ग सुनुवार(डेबिड)**
रोफेका ख्रीस्टिय मण्डली
मुलपानी काठमाडौ नेपाल

# विश्व मिसन मण्डली

**WORLD MISSION CHURCH**

**Kathmandu, Nepal**

**काठमाडौं, नेपाल**

## हार्दिक शुभकामना !

बेथलेहेम मन्डली नेपालको २५औं वार्षिक उत्सवको अवसरमा बेथलेहेम मन्डली नेपालका संस्थापक पास्टर तथा अगुवाज्यूहरू लगायत सम्पूर्ण बेथलेहेम मन्डली परिवारलाई विश्व मिसन मन्डली तथा म, पास्टर कृष्ण चौलागाईको तर्फबाट हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । साथै, विगतमा झैं आउने दिनहरूमा पनि प्रभु येसु ख्रिस्टमा तपाईंहरूको विश्वासको काम, परमेश्वरको प्रेमको परिश्राम, र आशाको धर्य बढ्दै जाओस् भनी परमेश्वरसँग प्रार्थना गर्दछु ।

पास्टर कृष्ण चौलागाई
विश्व मिसन मन्डली
काठमाडौं, नेपाल

## बधाई तथा शुभकामना !

बेथलेहेम मन्डली नेपालको २५औं वार्षिक उत्सवको अवसरमा सम्पूर्ण मन्डली परिवारलाई लिभिङ वाटर कम्युनिटी चर्च, सिकागो, अमेरिकाको तर्फबाट हार्दिक बधाई व्यक्त गर्न चाहन्छौं र यसरी नै निरन्तर सेवामा अघि बढिरहेको होस् भनी प्रार्थना गरिरहने छौं ।

पास्टर डा. ओलक सुनुवार
लिभिङ वाटर कम्युनिटी चर्च,
सिकागो, अमेरिका

# बेथलेहेम मन्डलीहरू



बेथलेहेम काठमाडौं मन्डली



बेथलेहेम जोरपाटी मन्डली



बेथलेहेम माजगाउँ मन्डली



बेथलेहेम कोकर्सी मन्डली



बेथलेहेम ठिनकेपु मन्डली



बेथलेहेम लखीमा मन्डली



बेथलेहेम धनकुटा मन्डली



बेथलेहेम दिलौरी मन्डली

# बेथलेहेम मन्डलीहरू



बेथलेहेम डाँडागाउँ मन्डली



बेथलेहेम खसगाउँ मन्डली




बेथलेहेम दुदिले मन्डली



बेथलेहेम प्रिती मन्डली



बेथलेहेम डिलखर्क मन्डली



बेथलेहेम च्यास्कु मन्डली



बेथलेहेम थाँस्रा मन्डली



बेथलेहेम पोलदिम मन्डली




बेथलेहेम सत्तर मन्डली

# बेथलेहेम मन्डलीहरू



बेथलेहेम सैपु मन्डली



बेथलेहेम हैदे मन्डली



बेथलेहेम कट्टी मन्डली



बेथलेहेम कोटगाउँ मन्डली



बेथलेहेम चिलाउने मन्डली



बेथलेहेम खिजिकाती मन्डली



बेथलेहेम सिस्नेरी मन्डली



बेथलेहेम तिम्नाई मन्डली



बेथलेहेम पोखरिया मन्डली

# बेथलेहेम मन्डली वृद्धिमा तालिमको भूमिका



बेथलेहेम मन्डलीहरू वृद्धि हुने क्रममा यस मन्डलीको आफ्नै चेलापन र अगुवापन तालिम होस् भनी निरन्तर प्रार्थना चलिरहेको थियो। यसै क्रममा २०६६ सालमा बेथलेहेम काठमाडौं मन्डलीको तत्कालीन एल्डर नहकुल पेमा तामाङले ईश्वरशास्त्रमा स्नातक तहको अध्ययन पूरा गरिसकेपछि ग्लोबल डिसाइपलको निमन्त्रणमा चौध दिनको चेलापन तालिमको निर्देशक तालिममा सहभागी हुनुभयो। यस तालिम सिद्धाएर फर्केपछि उहाँले ग्लोबल डिसाइपलको दर्शन, मिसन र तालिम सञ्चालन सम्बन्धी तौरतरिकाबारे हाम्रो मन्डलीका पास्टरहरूसँग बाँडचुँड गर्नुभयो। यो तालिमको उद्देश्य बेथलेहेम मन्डलीको दर्शनसँग पनि मिल्न गयो किनकि बेथलेहेम मन्डलीको दर्शन पनि परमेश्वरको वचनअनुसार जिउने स्वस्थ मन्डली स्थापना अभियान चलिरहेको देख्नु हो। यो अभियान पूरा गर्नलाई चेलापन प्रक्रियाद्वारा जीवन रूपान्तरण गरी स्वस्थ मन्डली स्थापना गर्नुपर्दछ।

लामो समयको प्रार्थना र छलफलपछि, यो स्वचालित, स्वपालित र स्वशासित स्थानीय मन्डलीको लगानीमा सञ्चालन हुन सक्ने भएकोले हाम्रो मन्डलीको पास्टरज्यूहरूले यसलाई सुरुवात गर्ने सहमती जनाउनुभयो। यो तालिमको मुख्य चुनौति भनेको आर्थिक र भौतिक कुराहरू जुटाउने थियो। मन्डलीको विश्वासीहरूले जोसँग जे छ त्यही सहयोग गर्नुभयो। कसैले चामल, कसैले तरकारी, कसैले पैसा कसैले खाजा आदि




दिनुभयो। यसरी २०६७ असोज २४ देखि मङ्सिर ४ सम्ममा पैंतालिस दिनको चेलापन तालिम बेथलेहेम काठमाडौं मन्डली जोरपाटीमा सम्पन्न भयो। यो तालिममा एक्काइस जना सहभागीहरू हुनुहुन्थ्यो, जसमध्ये पा. जीवन बसेल, पा. पूर्ण बहादुर विसुन्खे, पा. चन्द्र बहादुर मगराती र रीता सुनुवार आदि हुनुहुन्छ। यो तालिम पन्ध्र दिनको सैद्धान्तिक र तिस दिनको व्यावहारिक सुसमाचार प्रचार तालिम भयो।

यो तालिम सम्पन्न भएपछि विद्यार्थीहरू मन्डली स्थापना र मन्डलीलाई सहयोग गर्ने कार्यमा लागिपरे। यी विद्यार्थीहरूका जीवनमा परिवर्तन देखेपछि अरू व्यक्तिहरूले पनि यो तालिम लिने इच्छा जगाए। यी विद्यार्थीहरूले अर्को तालिमको लागि आर्थिक तथा भौतिक सहायता गर्ने प्रतिबद्धता पनि जनाए। ए. नहकुल स्नातकोत्तर तहको अध्ययन गर्नको निम्ति फिलिपिन्स जाने भएकोले अर्को तालिम सञ्चालन गर्नको निम्ति पा. पूर्ण बहादुर विसुन्खेज्यूले निर्देशक तालिम सम्पन्न गरी दोस्रो तालिम २०७८ सालमा रामेछापको कोकर्सी मन्डलीमा सम्पन्न भयो। त्यसपछि यो तालिम निरन्तर अघि बढ्यो। केही वर्ष यो भुजीको विभिन्न मन्डलीहरूमा आलोपालो गर्दै पनि गरियो। यसरी पाँच वर्षसम्म पास्टर पूर्ण बहादुर विसुन्खेज्यूले नेतृत्व गर्नुभयो। त्यसपछि हालसम्म म, पास्टर आङ छिरिङ तामाङ र तालिम सञ्चालन समितिको नेतृत्वमा यो तालिम सञ्चालन भइरहेको छ।

त्यसपछि तालिमको निम्ति निश्चित ठाउँ वा तालिम केद्रको खाँचो महसुस गरी २०७२ सालको अन्ततिर यस




तालिम केन्द्रको निम्ति दश आना जग्गा खरिद गरी तालिम केन्द्रको भवन पनि निर्माण गरियो । हालसम्म दसौं ब्याच तालिम सम्पन्न भइसकेका छन् । दसौं तालिम सिद्धिंदासम्म एक सय पचास जना सदस्यहरूले यस तालिमद्वारा आफैलाई प्रभुमा सुसज्जित पार्ने मौका पाएका छन् । यही तालिमका केही विद्यार्थीहरूले रामेछाप, ओखलढुङ्गा, सिन्धुली, उदयपुर र मकवानपुरका विभिन्न ठाउँमा मन्डली स्थापना गरेका छन् । कति जना विदेशमा र कति जना आफ्नै व्यवसाय वा जागिरमा छन् । जो जहाँ भए पनि ख्रिस्ट येसुको असल साक्षी भएर जिउन सिकेका छन् । यो तालिमको उपलब्धीहरू निम्न बुँदामा समेट्न सकिन्छ:

१. धैरैजना ख्रिस्टियन परिवारमा जन्मे पनि साँचो रूपमा ख्रिस्टलाई नचिनेका र स्वीकार नगरेका व्यक्तिहरूले यस तालिम अवधिमा साँचो येसुलाई चिनी स्वीकार गर्ने मौका पाएका छन् ।
२. बाइबल अध्ययन गर्न मन नलाग्ने वा अध्ययन गरे पनि नबुझ्ने व्यक्तिहरूले बाइबल अध्ययन गर्ने सिप र जाँगर प्राप्त गरी अध्ययन गर्न सुरु गरेका छन् ।
३. कहिल्यै सङ्गति सञ्चालन र वचन प्रचार नगरेको व्यक्तिहरूले सञ्चालन र प्रचार गर्ने आँट र सिप प्राप्त गरेको कारण मन्डलीमा ठुलो सहायता मिलेको छ ।
४. धैरैले सुसमाचारको महत्व नबुझेको कारण कहिल्यै सुसमाचार प्रचार नगर्ने र प्रचार गर्न डराउने व्यक्तिहरूले पनि सुसमाचार प्रचार गरी मन्डली स्थापना गर्न सकेका छन् ।
५. यो तालिमले नयाँ ठाउँमा सुसमाचार पुर्याई मन्डली स्थापना गर्न ठुलो योगदान दिएको छ ।
६. यो तालिमले जवानहरूलाई ईश्वरशास्त्रमा उच्च शिक्षा हासिल गर्न प्रेरण दिएको छ ।
७. यो तालिमले अगुवापन निर्माणमा पनि ठुलो सहायता पुर्याएको छ ।
८. यो तालिमको कारण मन्डलीले दिन सिकेका छन् ।
९. यो तालिम पुरानो पास्टरहरूका निम्ति सिकाउन अभ्यास गर्ने स्थान बनेको छ ।
१०. यो तालिमले मन्डलीहरूमा एकता र एकरूपता ल्याएको छ । यीबाहेक धैरै उपलब्धीहरू छन्, जसले बेथलेहेम मन्डली वृद्धिमा ठुलो भुमिका खेलिराखेको छ । यसरी यस तालिमलाई अझ व्यवस्थित गर्नको निम्ति यसको भावी योजना र लक्ष्यहरू यसप्रकार छन्:

१. हरेक वर्ष कम्तिमा बाह्र जना व्यक्तिहरूलाई चेलापलन तालिम दिने ।
२. वर्षमा यो तालिमको विद्यार्थीहरूद्वारा कम्तीमा एउटा मन्डली स्थापना गर्ने ।
३. वर्षमा कम्तीमा स्थानीय मन्डलीहरूबाट आर्थिक सङ्कलन गरी कम्तिमा रु. ५०,००० वचत गर्ने ।
४. वर्षमा एक जना मन्डली संस्थापकलाई सेवकाइसँगै व्यवसाय गर्नलाई रु. २०,००० देखि २५,००० बिउ कोष रकम सहयोग गर्ने ।
५. एक महिनको चेलापन तालिमलाई भविष्यमा तीन महिने आवासीय तालिम बनाउने योजना पनि छ ।

चेलापन तालिम लिएर मन्डली स्थापना गर्ने व्यक्तिहरूलाई सेवकाइ गर्न आर्थिक चुनौति नहोस् भनी

सेवकाइसँगै स्थानीय तबरमा कसरी व्यवसाय गर्दै सेवकाइ गर्न सकिन्छ भनेर सिकाउने उद्देश्यले इ.सं. २०१९ बाट बेथलेहेम साना व्यवसाय तालिम पनि सुरुवात भएको छ । यो तालिमको निर्देशक अगुवा किशोर विसुन्खेज्यू हुनुहुन्छ । हालसम्म तेस्रो ब्याच तालिम सम्पन्न भइसकेका छ । यो तालिमले सेवकाइ गर्ने व्यक्तिहरूका सोचसँगै आर्थिक अवस्था पनि परिवर्तन गरिरहेका छन् ।

त्यसै गरी चेलापन तालिम गरेर मन्डली स्थापना गर्ने र मन्डलीमा सहायता गर्ने व्यक्तिहरूका अगुवापनमा ज्ञान,




सिप र चरित्र विकास गर्ने उद्देश्यले बेथलेहेम अगुवापन तालिम पनि सुरु भयो । यस तालिमको निर्देशन पास्टर लाछिरी शेर्पाज्यूले गरिरहनुभएको छ । यस तालिमले पनि तेस्रो ब्याच सञ्चालन गरिसकेका छन् । यस तालिम महिनाको एक वा दुई दिन गरी छ महिनामा बाइसवटा पाठहरू सिकाइन्छ । यो तालिमले मन्डलीको पास्टर तथा अगुवाहरूका अगुवाइ गर्ने तौरतरिकामा र चेला निर्माण गर्ने कार्यमा ठुलो परिवर्तन आएको छ ।

अन्त्यमा, बेथलेहेम मन्डली वृद्धि हुनुमा यी तालिमहरूले महत्वपूर्ण भूमिका खेलेको देखियो । अबको दिनमा मन्डली वृद्धिसँगै तालिमको गुणस्तर र क्षमता बढाउँदै लानुपर्ने आवश्यक्ता देखिएको छ । त्यसैले चेलापन तालिमलाई तीन महिने आवासीय तालिम बनाउन सक्यौं भने मन्डली स्थापना र नेतृत्वमा ठुलो सहायता पुग्ने छ ।

हाम्रो दर्शनअनुसार स्वस्थ मन्डली स्थापना अभियान चलाउनको निम्ति स्वस्थ चेलाहरू उत्पादन गर्नु आवश्यक हुन्छ । त्यसैले यी तालिमहरूका विकासको निम्ति सबै बेथलेहेम मन्डलीहरूले प्रार्थनासहित, आर्थिक लगानी र सहभागिता जनाइदिनुहुन अनुरोध गर्दछु । धन्यवाद !

**पास्टर आङ छिरिङ तामाङ**
**निर्देशक**
बेथलेहेम चेलापन तालिम केन्द्र
उमाकुण्ड-७, भुजी रामेछाप

# बेथलेहेम संयुक्त जवान सङ्गति



बेथलेहेम मन्डलीहरू वृद्धि हुदै जाने क्रममा रामेछाप जिल्लाको भुजीमा धैरै मन्डलीहरू भएका छन् । यसै क्रममा तत्कालीन बेथलेहेम मन्डलीको जवानहरूका सक्रियतामा भुजिमा भएका अरू सम्प्रदायहरूका मन्डलीसहितको जवानहरू मिलेर एक "जवान जागृति" नामक समूह गठन गरी जवानहरूलाई जागरुक गर्ने काम भएको रहेछ । यो समूहले विभिन्न ठाउँमा हुने विभिन्न खेलहरूमा सहभागी भई यस क्षेत्रको मन्डलीहरूलाई चिनाउने र धेरैपटक अनुशासित टिम बनी सुसमाचार प्रचार गर्ने काम पनि गरिएको रहेछ । यसै क्रममा एजीका मन्डलीहरूसँग पनि सहकार्य गरी पाँच वर्षसम्म तिहारको समयमा हुने जवान सम्मेलन संयुक्त रूपमा गर्नुभएछ । पाँच वर्षपछि यो सम्मेलनमा सहभागी जवानहरू धेरै भएको हुनाले व्यवस्थापन गर्न गाह्रो भएको कारण एजी मन्डलीहरूले छुट्टै गर्ने निर्णय गर्नुभएछ ।



यसकारण, बेथलेहेम मन्डलीले पनि २०६७ सालबाट बेथलेहम मन्डलीहरूका मात्र "बेथलेहेम संयुक्त जवान जागृत्ति सम्मेल" गर्ने निर्णय गरी श्री अभिनास सुनुवारको अध्यक्षतामा "बेथलेहेम संयुक्त जवान सङ्गति" नाम दिएर सम्मेलनसँगै औपचारिक समितिको पनि गठन गरिएको रहेछ । यो समयमा जवानहरू मिलेर रामेछापको सँगुटारसम्म सुसमाचार प्रचारको काम भएको पाइयो । त्यसपछि २०७०/११/०३ मा नयाँ समिति गठन भएको रहेछ जसको अध्यक्षता श्री आयुस सुनुवारले समहाल्नुभएको रहेछ । त्यसपछि जवानहरूले सुसमाचारसँगै सामाजिक काममा पनि हात हाले । जस्तै, विरामीहरूलाई आर्थिक सहायता गर्ने, बाटो तथा सार्वजानिक स्थलहरू सरसफाइ गर्ने आदि गरेको अभिलेख पाइयो । यसको लागि आर्थिक स्रोतको रूपमा मिसन कोष पनि खडा गरेको रहेछ । त्यसपछि तीन महिनामा एकचोटि डाँडाको प्रार्थना गर्ने, हरेक मन्डलीहरूमा गएर जवानहरूलाई उत्साह दिने र सङ्गति गर्नेजस्ता अनुगमन टोली पनि गठनभएको रहेछ जुन अहिलेसम्म पनि निरन्तर चलिरहेको छ ।

त्यसपछि २०७३ मा श्री धनराज आच्छामेको अध्यक्षतामा अर्को समिति बनेछ । यो समितिले पनि पहिलेकै समितिले गर्दै आएका कार्यहरू निरन्तर अघि बढाउनुको साथै जवानहरूलाई सङ्गीतको क्षेत्रमा अघि बढाएर मन्डलीको आराधनालाई व्यवस्थित गर्ने काममा ठुलो योगदान पुर्याएको पाइयो । यही समयमा विभिन्न व्यक्ति र मन्डलीहरूबाट सहयोग रकम सङ्कलन गरी जवानहरूका संयुक्त साउण्ड सिस्टम पनि किन्न भएको रहेछ, जसमा मिक्सचर, दुईवटा स्पिकर र माइकहरू छन् । यसै गरी २०७५ मा म, श्री लोकेन्द्र बसेलको अध्क्षतामा समिति बन्यो र यो समितिमा निकै परिपक्व जवानहरू भएकोले अझ राम्रो कामहरू गर्न सक्यौं । यो कार्यकालमा विषेश गरी सानो र नयाँ मन्डलीहरूमा गएर सङ्गतिमा सहयोग गर्नुको साथै मन्डली भवन निर्माणमा सहयोग गर्ने काम भयो । २०७८ मा फेरि श्री समुएल सुनुवारको अध्यक्षतामा नयाँ समिति गठन भएको छ र यो समितिले पनि राम्रो काम गर्ने योजन र विश्वास छ ।

२०६७ देखि २०७८सम्म एघारौं बेथलेहेम संयुक्त जवान जागृति सम्मेलन सम्पन्न गर्न सफल भएका छौं। बाह्रौं सम्मेलन सम्पन्न हुनुपर्ने तर २०७७ सालमा कोरोनाको कारण सञ्चालन गर्न असफल भयौं। २०७६ मा दसौं बेथलेहेम संयुक्त जवान जागृति सम्मेलन भव्य रूपमा मनाइयो। जसमा काठमाडौंदेखि केक लगेर



काट्नुको साथै विगतमा समितिमा बसेर काम गर्नुहुने सम्पूर्ण सदस्यहरूलाई कदर-पत्र प्रदान गरी धन्यवाद दिन पनि सफल भयौं। सुरुको समयमा पास्टरहरूले नै यो कार्यक्रमको सबै तरजुमा गरे तापनि पछिल्लो समयमा व्यवस्थापन गर्ने र कार्यतालिका र सञ्चालन गर्ने सम्पूर्ण काम जवान समितिले नै गर्दै आएका छन्।

बेथलेहेम संयुक्त जवान सङ्गति तथा सम्मेलनको थप उपलब्धीहरू निम्न छन्:

- यो सङ्गतिको कारण जवानहरूमा जिम्मेवारीसँगै नयाँ पुस्ताले नेतृत्वको सिप पनि सिक्ने मौका पाएका छन्।
- यो सङ्गतिले सम्पूर्ण बेथलेहम मन्डलीको जवानहरूका एकता, भेटघाट, चिनजान र मित्रतालाई बलियो बनाउनुको साथै कतिको विवाह पनि हुन सफल भएको छ।
- बेथलेहेम संयुक्त जवान जागृति सम्मेलनमा जवानहरूले वचनबाट सिक्नुको साथै जवानहरूका वरदानहरू पहिचान गर्ने र प्रयोग गर्ने थलो पनि बनेको छ।
- यो सम्मेलनमा नयाँ पुस्तालाई मन्डलीको दर्शन, मिसन र योजना बाँड्ने र प्रकाश पार्ने मौका पनि मिलेको छ।
- यो सङ्गतिले बेथलेहेम मन्डलीहरूलाई परिपक्व बनाउनुको साथै नयाँ मन्डली स्थापनामा ठुलो योगदान दिइरहेको छ।
- यो सङ्गतिले सुसमाचार प्रचार र सामाजिक काम गर्दै जवानहरू र समाज रूपान्तरण गर्न ठुलो सहयोग पुर्याइरहेको छ।

अन्त्यमा, यो सङ्गति सुरुवात गर्नुहुने अग्रजहरूलगायत सम्पूर्ण समितिका सदस्यहरूलाई धेरै धन्यवाद दिन चाहन्छौं। यो सङ्गति यहाँसम्म आउनलाई आर्थिक सहयोग गर्नुहुने व्यक्ति मन्डली र निरन्तर सल्लाह, सुझाव र उत्साहा दिनुहुने परिष्ठ पास्टर दिनेश सुनुवार लगायत सम्पूर्ण पास्टरज्यूहरूलाई धेरैधेरै धन्यवाद दिन चाहन्छौं। भविष्यमा, बेथलेहेम संयुक्त जवान जागृति सम्मेलन नेपालका अरू जिल्लाहरूमा पनि आयोजना भएको हेर्न र गर्न पाओस् भनी निरन्तर प्रार्थना र प्रयास गरिरहने छौं। धन्यवाद !

उहाँको सेवामा
**ए. लोकेन्द्र बसेल (पूर्वअध्यक्ष)**
**श्री समुएल सुनुवार (अध्यक्ष)**
बेथलेहेम संयुक्त जवान सङ्गति, नेपाल

# यात्रा स्पर्श: संस्मरण



सन् २००५ भक्तपुर सानो ठिमी स्थित UNCEP Nepal द्धारा सञ्चालित एक वर्षीय प्राविधिक शिक्षालयमा म मेकानिकल इन्जिनियरिङ पढ्दै थिएँ। बेलायती गोर्खा भूतपूर्व सैनिकका छोराछोरीहरूलाई त्यहाँ छात्रवृत्तिसहित केही विशेष सुविधाहरू थिए। ती सुविधा मैले मेरो पिताको कारणले पाएको थिएँ। तर दुर्भाग्य भन्नुपर्छ, मैले त्यो तालिम पूरा गर्न सकिनँ।

त्यस शिक्षालयमा जीत बहादुर सुनुवार मेरा सहपाठी हुनुहुन्थो, तर बेग्लै सङ्कायमा। यी तिनै प्रभुका दास हुन्, जसले मेरो हृदयमा सुसमाचाराको बिजारोपण गरेका थिए। जसले प्रत्येक रात मेरो जीवन परिवर्तनको लागि रुँदै घुँडा टेकेका थिए। जीत दाइ तपाईंलाई म सम्झिरहन्छु। तपाईंको प्रार्थनाले मलाई ख्रिस्टको परिचय दियो र मुक्तिको बाटोमा डोर्यायो।

अर्का अविस्मरणीय व्यक्ति दिनेश कुमार सुनुवार हुन्, जो मेरो नजिकको हितैषी दाजु, मेरो मन्डलीको पास्टर, मेरो आत्मिक शिक्षक र साइनोमा साँडदाजु हुनुहुन्छ। सायद यो साइनो जोड्नमा दाजुको उल्लेखनीय भूमिका रहेको कुरालाई मैले स्विकार गर्नै पर्छ।

जब म जीवन परिवर्तनको सँघारमा सङ्घर्ष गरिरहेको थिएँ, उहाँले दिएका उत्साहहरू म कहाँ बिर्सन सक्छु र, जसले मेरो जीवनमा गहिरो छाप छाडेको छ। हो दाजु, तपाईंलाई म सधैं सम्झिरहन्छु। तपाईंले मलाई निःस्वार्थ प्रेम गर्नुभयो र सेवकाइमा डोर्याउनुभयो। ओएम नेपालको तीन महिने आधारभूत तालिममा सिफारिस गर्नुभयो। त्यो तालिम मेरो जीवन परिवर्तनको नै एकमात्र कोसेढुङ्गो बन्यो।

ओएममा मैले बिताएका क्षणहरू र बनाएका सम्बन्धहरू न्यानो र मसँग नजिक छन्। त्यहाँ के.पी. पावल मेरा घनिष्ठ मित्र भए। अहिले उनी बाइबल शिक्षक छन्। उनले मलाई ख्रिस्टमा विश्वासबारे त्यति बेला नै गहिरा रहस्यमय र व्यावहारिक शिक्षाहरू सिकाए। उनी राम्रो कविता पनि लेख्थे। राम्रा चित्र कोर्थे र बडो जोसका साथ सुसमचार प्रचार गर्थे। सुसमाचारको दौरानमा हामीले रुकुम, रोल्पा, कालिकोटदेखि म्याग्दी, पाल्पा र डोल्पाको फेदी सिस्ने हिमालसम्म सँगसँगै यात्रा गरेका थियौं। ती यात्राहरूमा मैले परमेश्वरका अभूतपूर्व गवाही सुनेको छु र आश्चर्य चिन्हका कामहरू देखेको छु। सल्यानका एक पास्टरको शक्तिशाली गवाहीले म अझै तरङ्गित हुन्छु। कसरी द्वन्दकालमा उहाँलाई विद्रोही पक्षले कुटपिट गरेर भिरबाट बबई नदीमा फालिदिंदा स्वर्गबाट साक्षत दूतहरूले हातहातै थामेका थिए। तिनै पास्टरले सल्लेनी बजारका एक जना बौलाहालाई प्रार्थना गर्दा कसरी दुष्ट आत्मा उनीबाट निक्लियो र पछि तिनै व्यक्ति त्यहाँको स्थानीय पास्टर भए।

सुसमाचार प्रचारका क्रममा हामीले धेरै ठाउँमा खेदो, घृणा, उपहास र उपेक्षा सहनुपर्यो। कति रात बस्ने बास नपाउँदा भोकभोकै सुत्नुपर्यो। घना जङ्गलमा बाटो हराएर अलपत्र पर्दा म पागल जसरी जोरजोरले चिच्याएर कराएको छु। सुसमचारीय भारी किताबहरू बोकेर रुँदै हिडेको पनि छु। यो सब म यसकारण भनिरहेछु कि क्रुस बोक्न र ख्रिस्टको प्रचार गर्न कहाँ सजिलो हुन्छ र ? धेरै चुनौति र सतावट आउँछन्। त्यसलाई इन्कार गर्न सकिंदैन। तर त्यसबापत् पाइने स्वर्गीय आनन्द र महिमाको मुकुट अवर्णनीय र अतुलनीय छन्।

एक दिन पूर्व प्रधानमन्त्री स्व. तुलसी गिरीको गाउँमा माओवादीहरूले हामीलाई घेराबन्दी गरे। बन्दुक तेर्स्याए र पाँच घण्टा अपराधीलाई जस्तो केरकार गरी खडा गरे। अहिले सम्झँदा हर्ष र आनन्दले भरिन्छु। गर्वले छाती फुलाउँछु र परमेश्वरलाई भन्छु र भनिरहन्छु, धन्यवाद प्रभु ! तालिम सकेर फर्केपछि सुसमचारीय बोझ र दर्शनले ओतप्रोत थिएँ। मभित्र अपूर्व जोस र शक्ति थियो। तर परिवारको आर्थिक अवस्था कमजोर भएकोले म वेदेशिन बाध्ये भएँ।

इ.सं. २००६ देखि २००८ सम्म मैले साउदी अरबमा खुनपसिना बगाएको छु। मैले त्यो ठाउँ र ती यादहरूलाई मरुभूमिको बगैंचा भन्ने गरेको छु। त्यस मरुतुल्य भूमिमा कुनै बगैंचा त थिएन। तर कल्पनाका सुन्दर बगैंचा सृजना भने गरेको छु।

दैनिक दैनिकी लेख्दै बाइबल अध्ययन गर्दा अय्युबको पुस्तक मेरो कवितात्मक सृजनाको अपार प्रेरणा बन्यो र त्यहीबाट प्रारम्भ भयो मेरो साहित्य यात्रा। जहाँ ना पहुँचे रवि वहा पहुँचे कवी। तर इडन सोदेम्बा गुरुआमाको पुस्तक "प्रतिदिन प्रभुसँग" ले म साँच्चै प्रतिदिन प्रभुको नजिक पुग्थें। मेरो रब्बीसँगको उपस्थितिले थाहै नपाई कवि भएछु।

त्यस उजाड स्थानमा लड्दैपढ्दै एक्लोपनको आँधीहुरिसँग म कुदेको छु। कष्ट, कठिनाइ र किस्मतसँग जुधेको छु। तातो बालुवा धेरै खाए। तर हार कत्ति पनी खाइनँ। इस्लाम धर्मको जडसुत्रवादी प्रभावले झण्डै मन भडकिएन। तर परमेश्वरको प्रशंसा र आराधना गर्न कहिल्यै छाडिनँ। उता नेपालमा मेरा परिवारहरू सबैले प्रभुलाई अपनाउँदा मैले मेरो प्रार्थनाको उत्तर पाएँ। तर मैले त्यहाँ अन्याय र पापको भागीधार बनी दण्ड सजाय भोगें। स्वदेश फर्कंदा मैले पैतलाको धुलो टकटकाएर रित्तो हात धोएर फर्किएको छु।

नेपाल आएपछि २००८ देखि २०१२ सम्म मैले मन्डलीभित्र मिसनरी प्रचारक साथै जवान झुण्डको संयोजक भएर बेथलेहमा मन्डलीमा सेवा गर्ने अवसर पाएँ। यो अवसरले मलाई आत्मिक, भौतिक र बौद्धिक रूपमा निकै परिपक्व बनायो। एन्टिओइ स्कुल अफ मिसन मेरो सेवकाइको अर्को अब्बल तालिमको ठाउँ हो। ती क्षणहरू मेरा लागि निकै अर्थपूर्ण र महत्वपूर्ण छन्। एन्टिओखबाट म मिसनमा हेटौडा दुईपल्ट पुगेको छु। हाम्रो मिसन केन्द्र थियो हेटौडा रातमाटा गाविसको पनेस डाडाँमा।

त्यहाँ पहिलो दिनमा नै अचम्मको काम भयो। काठमाडौंबाट मिसनरी आउने खबर पाएका एकजना वयोवृद्ध जो जन्डिस र पक्षाघातले मृत्यु पर्खेर बसेका थिए। सायद झिनो बाँच्ने आसले होला उनले हामीलाई प्राथना गर्न डाके। उनले भनेका थिए, यदी ख्रिस्टियनहरूको देवताले बचाएछ भने बाचुला होइन भने यसै पनि अब त मर्दै छु, भनेर सारा गाउँका नातागोता पनि बोलाएका रहेछन्। हामीले अधिकार र शक्तिका साथ प्रार्थना गर्यौं र स्थानीय पा. दिपक भोलानज्यूको वासस्थान फर्क्यौं।

त्यस रात उनले देखेको सपना यस्तो थियो "ठुलो बाढी आएको र बाढीले उनलाई बगाएर लग्दै थियो र त्यो बाढीले गाउँका पण्डितलाई पनी बगाउँदै ल्याएको थियो। तर एक जना व्यक्तिले किनाराबाट हात दिंदा उनले हात समाएछन् र बाँचेछन्। किनारमा उभिएका व्यक्तिलाई उनले सोधेछन्, तिमी को हो ? उत्तर आयो "म येसु हुँ। " बिहान उनी ब्युँझे। उनको शरीरको कालो रगतका टाटाहरू ताजा रातो रगतमा बदलिएको थियो। अनुहार पनि एकदम उज्यालो भयो। काहाँबाट खै कस्तो शक्तिले छोयो कति महिना नचलेका हातपाउ चल्न

थाले । वास्तवमा उनलाई राती येसुले छुनुभएको थियो र उनी निको भए । यो आश्चर्यजनक चिन्ह मैले प्रथमपटक देखेको हो । सो देखेर त्यो गाउँमा ठुलो हल्लाखल्ला भयो । अनि येसु नाउँको घोषणा गर्दै हामीले अरू थुप्रै गाउँहरूमा सुसमाचार सुनायौं र त्यहाँ अरू थुप्रै मानिसहरू पनि प्रभुको विश्वासमा आए ।

एन्टिओकबाट तालिम सकेर फर्केपछि म बेथलेहम मन्डलीमै मिसनरी सेवक भएर सेवकाइमा आवद्ध भएँ । रामेछापमा बेथलेहमका थुप्रै झुन्डहरू छन् । प्रत्येक साल म गाउँमा सुसमचारीय टिम बोकेर जानेआउने गर्दथें । त्यहाँ थुप्रै जागृति सम्मेलन, क्रुसेड र चेलापन तालिममा सहभागी भएको छु । मेरा अति नै प्रिय मित्र पास्टर पूर्ण सँगसँगै सहकार्य गर्दै रामेछाप र ओखलढुङ्गाका धेरै दुर्गम गाउँसम्म मुक्तिको सुसन्देश बोकी पुगेको छु । पा. पूर्ण सुसमचारको आगो ओकल्ने खरो अगमवक्ता हुन् । उनको सुसमाचार र चेलापनको, समर्पणता, बोझ र दर्शनले गर्दा नै आज मन्डलीमा सशक्त चेलाहरू निर्माण भई स्वस्थ सङ्गतिले गति लिएको छ ।

बेथलेहम मन्डलीका अर्का एक प्रिय दाजु हुनुहुन्छ निश्चल, निर्मल र निर्दोष चरित्रका धनी व्यक्तित्व पा. नहकुल । उनी अत्यन्त भद्र, शान्त र सालीन स्वभावकका व्यक्ति हुन् । पञ्चदलीय सेवकाइ क्षेत्रमा उनी पास्टरीय र शिक्षकको भित्र पर्नुहुन्छ । मेरो जीवनको कयौं अपठ्यारा प्रश्नहरूमा दाजुले मलाई अर्थपूर्ण सल्लाह सुझाव दिनुभएको छ ।

यसरी बेथलेहम मन्डलीसँग मेरो सहयात्रा इ.सं. २०१२ सम्म रहयो ततपश्चात् मेरो विवाह यसै मन्डलीमा भयो । जवान सङ्गतिकै आफ्नै समूहबाट मैले जीवनसाथी पाएँ । अहिले म र मेरा परिवार सँगै बेलायतमा बसेका छौं । यहाँको यात्रा स्पर्श, यात्रा संस्मरण र जीवन सङ्घर्ष परमेश्वरको इच्छा रहेछ भने बेथलेहम मन्डलीको स्वर्ण जयन्तीको स्मारिकामा बताउँला । अहिलेलाई बिदा । मसिह को जय ! जय ! जय !

**सुनुवार खुपेन**
२ फरबरी २०२२
बेलायतको बार्नेट अस्पतालबाट घाम उदाउन अघि

# पास्टर दिनेशको जिवन यात्रा



































# बेथलेहेमको सेवकाइहरू



















# बेथलेहेमको सेवकाइहरू




















# हाम्रो फर्निचर



प्रोपाइटर: कुमार भुजेल
9851135235
9849890879

## हाम्रो सेवाहरु:

### १. फर्निचर सम्बन्धि सम्पूर्ण काम गरिन्छ ।

- झ्याल चौकस बनाइन्छ ।
- किचेन डेकोरेशन गरिन्छ ।
- बेड तथा दराज बनाईन्छ ।
- डाइनिङ तथा सम्पूर्ण टेबल कुर्सीहरु बनाईन्छ ।
- अफिस डेकोरेशन गरिन्छ ।
- घर तथा अफिसको सोफा बनाईन्छ ।
- अफिस टेबलहरु बनाईन्छ ।
- अर्डर तथा तपाईको डिजाईन अनुसारको काम गरिन्छ ।
- पार्केटिङ पनि गरिन्छ ।





### २. फलाम सम्बन्धि सम्पूर्ण काम गरिन्छ ।

- ट्रष्टको घर बनाईन्छ ।
- फलामको गेट बनाईन्छ ।
- ग्रील सम्बन्धि सम्पूर्ण काम गरिन्छ ।
- स्टीलको सम्पूर्ण काम गरिन्छ ।
- अल्मुनियमको झ्याल चौकस पनि बनाईन्छ ।



### ३. जिप्सम बोर्डको सम्पूर्ण काम गरिन्छ

- सबै थरिको जिप्समको काम गरिन्छ ।
- ए.सी.बी. बोर्डको काम पनि गरिन्छ ।



### ४. पुरै घर निर्माण पनि गरिन्छ ।

# 'फलानाको कारणले म चर्च जान्नँ' नभन्नुहोस्



नामै काढेर ''फलाना विश्वासी, अगुवा अथवा पास्टरको कारणले म चर्च जान्नँ'' भन्ने विश्वासीहरू सम्भवत: हरेक चर्चहरूमा हुँदछन् । यो एउटा साझा समस्या हो । म आफैंले पनि एक समय यस्तो समस्याको सामना गरेको छु । चर्चमा जान नपरे हुन्थ्यो भन्ने सोच निकै छिप्पियो भने भोलिको दिन त्यो विश्वासी बहकिने खतरा हुन्छ । यस किसिमको समस्यामा परेका विश्वासीहरूले ध्यान दिनुपर्ने कुराहरू यस्ता छन्:

पहिलो कुरो, तपाईं मानिसको लागि नभएर प्रभुको आदर गर्न लागि चर्च जाँदै हुनुहुन्छ । वचनले 'भेला हुन नछोडौं' (हिब्रु १०:२५) भनेर सिकाएको आज्ञा पालन गर्दै हुनुहुन्छ, तर मानिसको लागि चर्च जाँदै हुनुहुन्छ भने जान रोक्नुहोस् । किनकि तपाईंले मानिसबाट केही पनि पाउनुहुने छैन ।

दोस्रो कुरो, तपाईंलाई चर्चमा हैरान पार्ने ती विश्वासी, अगुवा वा पास्टर पनि तपाईंजस्तै मानिस नै हुन् । व्यवहार गर्दै जाँदा उहाँहरूसँग तपाईंलाई चित्त दुखाउने मनसाय नहुन सक्छ । तर आफूलाई चित्त दुखाइरहेको महसुस तपाईंले मात्र गर्नुभएको हुन सक्छ । तपाईंलाई उहाँहरूले नबुझ्नुभएको र तपाईंले पनि उहाँहरूलाई नबुझ्नुभएको हुन सक्छ । यस्तो असमझदारितालाई हटाउनको लागि गुनासो गर्नुभन्दा एकअर्कालाई चिन्ने र चिनाउने मौका खोज्नुपर्छ । यो मौका सङ्गतिबाट मात्र जुर्छ । तर त्यही सङ्गतिमा उपस्थित हुन इन्कार गर्नुहुन्छ भने, तपाईं टाढा पुग्नुहुने छ ।

तेस्रो कुरो, मानिसलाई कारण बनाएर तपाईं अर्को चर्च जानुहुन्छ भने, त्यहाँ गएपछि पनि तपाईंको समस्या समाधान हुन्छ भन्न सकिंदैन । धेरै चर्चहरू चहार्दै हिंड्ने विश्वासीहरू यता न उताका हुँदछन् । त्यस्तालाई कसैले पनि पत्याउँदैनन् । विशेष गरी मर्दापर्दा अलपत्र हुने खतरा छ । तपाईंलाई त्यस्तो नहोस् ।

चौथो कुरो, कुनै मानिसलाई कारण बनाएर चर्च जान रोकेर तपाईंको समस्याको समाधान हुँदैन । चर्च नगएर तपाईंको समस्या समाधान हुन्छ भने नजानुहोस् । आखिर चर्च गएर फाइदा हुँदैन भने किन जाने र? यो नबिर्सौं, समस्या नभएको चर्च दुनियाँमा कहीं पनि छैन । तर समस्यालाई समाधान गर्ने चर्च नै साँचो चर्च हो । जहाँ मानिस हुन्छ, त्यहाँ समस्या हुन्छ । अरूबाट मात्र नभएर आफूबाट पनि अरूलाई नजानीकन चोट पर्याउन सकिने सम्भावनालाई बिर्सनुहुँदैन । एकअर्काबाट भूल हुन सक्छ । ख्रिस्टमा आफ्नै परिवारका सदस्यहरू सम्झेर क्षमा लिने र दिने बाइबलीय आज्ञालाई व्यवहारमा उतार्ने भनेको यस्तै बेला हो ।

पाँचौं कुरो, चर्चमा हरेक विश्वासीहरूसँग हाम्रो सम्बन्ध दोहोरो हुनुपर्छ । अरूबाट तपाईं प्रेम र वास्ताको अपेक्षा राख्नुहुन्छ भने आफूले पनि अरूप्रति उही व्यवहार गर्नुपर्छ (मत्ती ७:१२) । चर्चमा रमाउनको लागि तपाईंको आऊजाऊले मात्र पुग्दैन । मित्रता बसाल्नको लागि समय, मन र हृदयको लगानी गर्नुपर्छ । कति यस्ता विश्वासीहरू पनि हुँदछन्, जो सङ्गतिमा ढिलो आउँछन् र अन्तिम प्रार्थनामा सबै जनाले आँखा बन्द गरेको मौका छोपेर निस्कन्छन् । विश्वासीहरूसँग घुलमिल हुनको लागि सङ्गतिमा छिटो आउनुहोस् र सङ्गतिपछि पनि विश्वासीहरूसँग समय बिताउनुहोस् ।

छैटौं कुरो, मलाई फलानाले चित्त दुखाएको छ भनेर अनचित्त भई नबस्नुहोस् । सानातिना चित्त दुखाइलाई सहिदिंदा यसले प्रेम बढाउँछ र नसहने हो भने मित्रतामा फाटो ल्याउँछ (हितोपदेश १७:९) ।

**निष्कर्ष**:
तपाईं जाने चर्च कलहले भरिएको छ, सोमत नभएका अगुवाहरू छन्, विश्वासीहरू पनि काँडाजस्तो देखिने, जयमसिह गर्दा पनि नफर्काउने, विश्वासीसँग दुर्व्यवहार गरिरहने, को आउँछ र को जान्छ भन्ने कुराको मतलबै नराख्ने रहेछ भने पनि सधैं अर्को चर्च खोज्नुभन्दा तपाईंले योगदान दिएर केही हुनेजस्तो रहेछ भने कोसिस गर्नुपर्छ । कोसिस असफल भयो भने बिकल्पस्वरूप अर्को चर्च पनि पाइएला । तर त्यहाँ जम्नको लागि तपाईंलाई लगभग दुई वर्ष लाग्छ । यसकारण, चर्च छोड्ने कुरामा विचारशील बन्नुहोस् ।
चर्चमा मलाई सबैले राम्रो गरोस् भन्ने सोच राख्नु ठिकै हो । तर त्योभन्दा पनि 'म सबैको लागि राम्रो हुने छु' भन्ने सोच लिनुहुन्छ भने यसले अरू विश्वासीहरूसँग सम्बन्ध गाँस्नको लागि धेरै मद्दत गर्ने छ । सङ्गति भनेको परमेश्वर र तपाईंबिच भएको व्यक्तिगत सम्बन्ध हो र त्यही सम्बन्धलाई हामी एकअर्कासँग व्यवहारमा उतार्दछौं । यस सम्बन्धमा युहन्ना यसो भन्छन्, ''हाम्रो सङ्गति पिता र उहाँका पुत्र येसु ख्रिस्टसँग छ । हामी यी कुरा यस हेतुले लेखिरहेका छौं, कि हाम्रो आनन्द पूर्ण होस्'' (१युहन्ना १:४–५) । परमेश्वरसँग तपाईंको सङ्गतिमा खोट छ भने यहाँ उल्लेखित आनन्द तपाईंको जीवनमा पूर्ण हुन पाउँदैन । यसकारण, अरूलाई नभएर आफैलाई जाँचेको खण्डमा हामी चर्चमा अझ बढी रमाउन सक्ने छौं । सेन क्लेबोर्न यसो भन्छन्, ''चर्च नोआको जहाजजस्तो हो । भित्र गन्हाउँछ, तर त्यहाँबाट बाहिर निस्कनुभयो भने तपाईं डुब्नुहुन्छ !

**पा. गणेश तामाङ**


# शुभकामना !

बेथलेहेम मण्डली नेपालसँग भौगोलिक हिसाबले मात्र नभएर आत्मिक हिसाबले पनि आशा मण्डलीसँग एउटा असल छिमेकीको नाता छ । विगत २५ वर्षदेखि यस मण्डलीको सेवाबाट नरकको ढोका बन्द र स्वर्गको ढोका निश्चित गर्दै, यस महिमित अवसरमा हामी बेथलेहेम मण्डली नेपाललाई हार्दिक बधाइ ज्ञापन गर्दछौं।

**रेभ डा. भोजराज भट्ट**
आशा मण्डली परिषद
काठमाडौं ६, कपन, भृकुटीचोक

# मन्डली वृद्धिको रणनीति



## मन्डलीको अर्थ र परिभाषा

नेपालीमा "मन्डली" भनेर अनुवाद गरिएको शब्द ग्रिक भाषाको "एक्लेसिया" भन्ने शब्दबाट आएको हो र यसको अर्थ "एक ठाउँबाट अर्को ठाउँमा बोलाइएको" भन्ने हुन्छ । ग्रिक भाषाको "एक्लेसिया" दुईवटा शब्दहरू मिलेर बनेको छ, "एक" र "कलेओ" । "एक"को अर्थ एक ठाउँबाट अर्को ठाउँ भन्ने हुन्छ भने, "कलेओ"को अर्थ बोलाउनु भन्ने हुन्छ । जब यी दुबैलाई एक ठाउँमा राखेर "एक्लेसिया" हुन्छ यसको अर्थ "संसारबाट परमेश्वरमा बोलाइएका मानिसहरू" भन्ने हुन्छ । यसैले मन्डली भनेको कुनै भवन, भौतिक संरचना नभई, हामी मानिसहरू हौं, जो ख्रिस्ट येसुद्वारा परमेश्वरको राज्यमा बोलाइएका छौं । ग्रिक भाषाको "एक" भन्ने उपसर्गले दुईवटा क्षेत्रको बारेमा बताउँछ । यसको अर्थ एक ठाउँबाट अर्को ठाउँ वा गन्तव्यमा बोलाइएको भन्ने हो । पावलले कलस्सी १:१३-१४मा यसरी भन्दछन् "उहाँले हामीलाई अन्धकारको राज्यदेखि छुटाउनुभयो र आफ्ना प्रिय पुत्रको राज्यभित्र हामीलाई सार्नुभएको छ । उहाँमा हाम्रो उद्धार, अर्थात पापको क्षमा छ ।" हामी अन्धकारको राज्यदेखि बोलाइएर उहाँको पुत्रको राज्यमा वा ज्योतिको राज्यमा ल्याइएका मानिसहरू नै मन्डली हौं ।

नयाँ करारमा पहिलोपटक र अन्तिम पटक "एक्लेसिया" अर्थात "मन्डली"को उल्लेख येसु प्रभुको मुखबाट भएको छ (मत्ती १६:१८, प्रकाश २२:१६) । ख्रिस्ट येसुले भन्नुभयो, ". . .म मेरो मन्डली यस चट्टानमाथि स्थापित गर्ने छु र नरकका ढोकाहरू त्यसमाथि विजय हुने छैनन् (मत्ती १६:१८ख) ।"

मन्डलीको भूमिका र महत्वलाई अझ स्पष्ट पार्न येसु ख्रिस्टले यो कुरा कहिले र कहाँ भन्नुभयो भन्ने कुराको अध्ययनले थप सहायता गर्न सक्छ । येसु ख्रिस्टले प्राय: आफ्नो सबै सेवकाइ गालील र त्यसको आसपास गर्नुभयो । अब उहाँको काम सकिंदै गएपछि उहाँ दक्षिणतिर यरुसलेम जाने तयारी गर्दै हुनुहुन्थ्यो, जहाँ उहाँलाई धोकाद्वारा क्रुसमा चढाइन्थ्यो । तर अचम्मको कुरा उहाँ उत्तरतिर अवस्थित सहर कैसरिया फिलिप्पी जानुभयो, जो एक अन्यजाति सहर, अनैतिकता, व्यभिचार, मूर्तिपूजा र अन्धकारका कार्यहरूले भरिएको थियो । यो अन्यजाति सहर एक ठुलो पहाडको फेदमा थियो, जुन पहाडको बिचमा एउटा ओढार थियो, जसलाई त्यहाँका मानिसहरू अक्षरस नरकका ढोका भनेर विश्वास गर्दथे । उहाँले "म मेरो एक्लेसिया यस चट्टानमाथि स्थापित गर्ने छु" भन्ने कुरा घोषणा गालीलमै पनि गर्न सक्नुहुन्थ्यो । तर अनैतिकता, भ्रष्टता, व्यभिचार, पाप, मूर्तिपूजाले भरिएको ठाउँमा पुगेर भन्नुभयो । यस कुराबाट मन्डलीको बारेमा यी कुराहरू सिक्न सक्छौं ।

## मन्डलीको संस्थापक: ख्रिस्ट आफैं हुनुहुन्छ ।

ख्रिस्टले भन्नुभयो, "म मेरो मन्डली" स्थापित गर्ने छु । उहाँ मन्डलीको शिर हुनुहुन्छ (कलस्सी १:१८) । किनकि येसुले भन्नुभयो, "म मेरो... ।" मन्डलीको स्थापना गर्ने, निर्माण गर्ने, अगुवाइ गर्ने, सुरक्षा गर्ने र वृद्धि गर्ने ख्रिस्ट नै हुनुहुन्छ (१ कोरिन्थी ३:६; एफिसी ४:१६) । एफिसी ४:१६मा पावल प्रेरित भन्छन्, "उहाँबाट नै सारा शरीर प्रत्येक जोर्नीद्वारा जोडिएको र बाँधिएको भई प्रत्येक भागले ठिक-ठिक कम गरी सुगठित हुने छ र

प्रेममा वृद्धि हुँदै जाने छ ।" हामी सबै जना उहाँका खेतका सहकर्मी हौं । तर उहाँचाहिं हाम्रो मालिक हुनुहुन्छ । उहाँले हामीलाई यो अभियानमा सहभागी हुन अवसर दिनुहुन्छ र हामीबाट उहाँले विश्वासयोग्यताको अपेक्षा गर्नुहुन्छ ।

**मन्डलीले अन्धकारका कार्यहरू नष्ट गर्दछ ।**

ख्रिस्ट येसुले आफ्ना चेलाहरूलाई "म मेरो मन्डली...स्थापित गर्ने छु" भनेर त्यस मूर्तिपूजा, अनैतिकता, भ्रष्टता, व्यभिचार र फोहोरी गतिविधि हुने ठाउँमा गएर भन्नुभयो । जब रब्बीहरू र व्यवस्थाका गुरुहरूले वचन सिकाउँदथे, उनीहरूका हिंडाइ, बोलाइ, छुवाइ आदि सबै क्रियाकलापमार्फत् उनीहरूका चेलाहरूलाई परमेश्वरको वचन (व्यवस्था)तिर केन्द्रित गराउने हुन्थ्यो । यसको अर्थ ख्रिस्टले त्यस अन्धकारपूर्ण गतिविधिले भरिएको ठाउँमा लगेर चेलाहरूलाई मेरो मन्डली...स्थापना गर्ने छु र नरकका ढोकाहरू त्यसमाथि विजय हुने छैनन् भन्ने उहाँको घोषणाबाट चेलाहरूलाई थाहा हुँदथ्यो कि उहाँको मन्डली जति नै अन्धकारपूर्ण ठाउँमा पनि बढ्दै जाने छ । हामी यी दिनहरूमा आफैं अड्कल लगाउँछौं कि यस ठाउँमा त मन्डली हुँदैन होला किनकि यहाँ अति खराब, अनैतिक र दुष्ट मानिसहरू बस्छन् । तर प्रभु येसुको उद्घोषबाट यो जान्न सकिन्छ कि यस्तो कुनै पनि घोर अन्धकार छैन, जहाँ उहाँको मन्डलीको ज्योति चम्कन सक्दैन । यस्तो कुनै पनि दुष्ट हृदय छैन, जहाँ उहाँको सुसमाचारले काम गर्न सक्दैन । संसारमा यस्तो कुनै पनि ठाउँ छैन, जहाँ ख्रिस्टको मन्डलीले हार्ने छ । किनकि यो राज्य बचाउ गर्ने होइन तर आक्रमण गर्ने प्रकृतिको हो ।

**मन्डली आक्रमक छ ।**

ख्रिस्ट येसुले भन्नुभयो "म मेरो मन्डली यस चट्टानमाथि स्थापित गर्ने छु र नरकका ढोकाहरू त्यसमाथि विजय हुने छैन ।" यहाँ ख्रिस्टले उहाँको मन्डलीमाथि नरकका ढोकाहरू विजय हुने छैनन् भन्नुहुँदा हामीले प्राचीन संसारमा ढोका केका लागि प्रयोग गरिन्थ्यो भन्ने कुरा जान्नु आवश्यक छ । आधुनिक समयमा ढोका विभिन्न प्रयोजनका लागि राखिन्छ । जस्तै सुरक्षाको लागि, सजावटको लागि, हावा छेक्न वा आउनका लागि, आदि । तर प्राचीन समाजमा सुरक्षाको लागि मात्रै प्रयोग गरिन्थ्यो । तर प्रभुले भन्नुभयो कि नरकका ढोकाहरू उहाँको मन्डलीमाथि विजय हुने छैनन् । त्यसो भए के त ढोकाहरू मन्डलीका विरुद्धमा लडाइँ गर्न आउँछन् भन्न खोज्नुभएको हो त ? कदापि होइन । बरु, उहाँको आशय यो हो कि जब मन्डली अग्रसर भएर अगाडि बढ्छ, तब नरकका सुरक्षा गर्ने ढोकाहरूले थाम्न सक्दैनन् । मन्डली आक्रमक भएर बढ्ने जीवित संस्था हो, जसलाई नरकका ढोकाहरूले जति बल गरे पनि रोक्न सक्ने छैनन् । ख्रिस्ट येसु आफैंचाहिं यस आक्रामक समुदायको कप्तान हुनुहुन्छ, जसले निरन्तर रूपमा यस युद्धमा शक्ति प्रदान गर्नुहुन्छ । तर यो आक्रमण आत्मिक क्षेत्रमा हुने कुरा हो । भौतिक संसामा हुने युद्ध होइन । मानिसहरूलाई अनेक तरिकाले सैतानले बन्धनमा राख्ने कोसिस गर्ने छ । तर त्यसका रक्षाको लागि राखिएका ढोकाहरू निरिह हुने छन् र मन्डलीद्वारा तिनका राज्यको नाश गरिने छ । अन्धकारका राज्यको कुनै पनि त्यस्तो ढोका छैन, जसलाई ख्रिस्टको सुसमाचारद्वारा भत्काउन र नाश गर्न सकिंदैन । त्यसैले अन्धकारमा मरेकाहरू र नरकतिरको यात्रामा हिंडिरहेकाहरूलाई जब हामी

ख्रिस्ट येसुको जीवन दिने सुसमाचार फैलाउँछौं, हामी ख्रिस्टद्वारा नरकका ढोकाहरूका नाश गर्ने अभियानमा सहभागी हुन्छौं ।

**मन्डली वृद्धिका लागि ख्रिस्टको रणनीति: चेला निर्माण**

येसुले आफूकहाँ बोलाउनुभएका मानिसहरू कुनै एक समुदाय मात्रै नभई यस संसारमा ख्रिस्टको कार्यलाई निरन्तरता दिनको लागि आफैले कल्वरी क्रुसमा पूरा गर्नुभएको काम (बलिदान)द्वारा बचाइएका मानिसहरू हुन् । यस्तो मानिसहरूका समुदाय जसको काँधमा जीवनको सुसमाचार जगतको अन्त्यसम्म फैलाई येसु ख्रिस्टको दोस्रो आगमन नहुन्जेल अरूलाई चेला बनाउने र चेलाहरू निर्माण गर्ने जिम्मेवारी दिइएको छ । त्यो जिम्मेवारी र रणनीति के हो त ?

प्रारम्भिक अर्थात पहिलो शताब्दीको मन्डलीहरूका वृद्धि र येसुलाई चिनाउने प्रक्रिया खास एउटा शब्दको आसपासमा घुमिरहन्थ्यो । त्यो हो "म्याथेटेस" जसको अर्थ "चेला" भन्ने हुन्छ । कसरी यो हुन सक्छ त भन्ने प्रश्न हुन पनि सक्छ । किनकि बाइबलको नयाँ करारका प्रारम्भिक पाँच पुस्तकहरूमा मात्र म्याथेटेस वा चेला भन्ने शब्द दुई सय उनान्सत्तरीपटक प्रयोग भएको छ । योचाहिं ख्रिस्टियन विश्वासको मुटु हो । चेला बनाउने हो जसले अरू चेला बनाउँछ ताकि सुसमाचार सारा संसारमा फैलियोस् । बाइबलमा "ख्रिस्टियन" भन्ने शब्द त जम्मा तीनपटक मात्र प्रयोग भएको छ । त्यो पनि ख्रिस्ट विरोधीहरूले व्यङ्ग्य गरेर भनेका थिए । तर मन्डली भवन वा पर्खालभित्र जहिले पनि उनीहरूलाई चेलाहरू भनेर चिनिन्थ्यो । यो म्याथेटेस भन्ने शब्दबाट अहिले हामीसँग अङ्ग्रेजी भाषामा के शब्द छ ? म्याथम्याटिक्स वा गणित होइन र ? म्याथम्यटिक्स वा गणित । परमेश्वरले गुणनात्मक वृद्धि देख्दै हुनुहुन्थ्यो ।

माथि उल्लेख गरेझैं सुरुका सबै मन्डली यो शब्दमा केन्द्रित थियो । प्रेरित २ अध्यायमा भन्छ, जस-जसले उनको कुरा सुने तिनीहरूले बप्तिस्मा लिए र सो दिन लगभग तीन हजार जना सङ्ख्यामा थपिए (प्रेरित २:४१) । सुरुको दिनमा नै तीन हजार जना थपिनु बढो चाखलाग्दो कुरो हो । यो निकै ठुलो जमात हो । सुसमाचारको सुरुवात थप्ने कामद्वारा भएको देखिन्छ । अब प्रेरितहरूका लक्ष्यचाहिं ठुलो भिडलाई ग्रहण गराउने, बप्तिस्मा दिने, परमेश्वरको परिवारमा स्वागत छ भन्ने थिएन । प्रेरित २:४२ अनुसार तिनीहरूले अर्थात भर्खर ग्रहण गरेकाहरूले आफूलाई प्रेरितहरूका शिक्षामा आआफूलाई समर्पण गरे । ग्रहण गर्नेबित्तिकै तिनीहरूले आफूलाई, प्रार्थना, सङ्गति, रोटी भाँच्ने र वचनको शिक्षामा समर्पण गरे । त्यति धेरै मानिसहरूले विश्वास गरे भनेर चेलाहरू अर्थात प्रेरितहरू खुसी मानेर, मख्ख परेर र निर्धक्क बसेनन् । बरु, लगत्तै चेला बनाउनतर्फ लागे । उनीहरूले सोचे कि यिनीहरूलाई यहाँबाट हामीले केही नसिकेर जान दिनुहुँदैन । बरु, हामीले सिकाएर पठाउनुपर्छ । अचम्मको कुरा ४४ र ४५ पद र तलतिर, विश्वासीहरूका सम्पत्ति साझा थिए । आफ्नो सम्पत्ति बेचेर खाँचोमा परेकालाई बाँडिदिन्थे । यसको अर्थ हामी पनि चेला हुनुपर्छ भन्ने कुरा हो । सुरुका मन्डली वा प्रेरितहरू चेला बनाउने काममा छिटो गर्दथे । हामी त उल्टो पो छौं । अनि भन्छौं, चेला पनि एकै दिनमा, छिटो-छिटो बन्ने कुरा हो र ? समय लाग्छ नि । तर त्यतिखेर जब परमेश्वरले आत्माहरू बचाउनुहुन्थ्यो, तब प्रेरितहरू चेला बनाउनतिर लागिहाल्थे । तल आएर ४७ पदमा के छ त विश्वास गर्नेहरूका

सङ्ख्यामा थपिदिनुभयो र उहाँले थप्दै जानुभयो। प्रेरित ५:१४ मा उल्लेख गरिएको छ, कि प्रेरितहरूले त्यहाँ सोलोमनको दलानमा चङ्गाई गर्ने काम भएको छ। त्यसपछि विश्वास गर्नेहरूका सङ्ख्यामा परमेश्वरले थपिदिनुभयो।

तर प्रेरित ६:१ पदमा, ठुलो परिवर्तन भएको छ। अब अर्को शब्दको प्रयोग भएको छ। विश्वासीहरू बढ्दै छन्। तर अब प्रयोग भएको शब्दचाहिं "प्लथुनो" अर्थात वृद्धि वा गुणात्मक वृद्धि हो। गुणात्मक वृद्धि भनेको एउटा मान्छे थपेर हुने कुरा होइन। बरु, एउटै मात्र तरिकाबाट यो सम्भव हुन्छ: यस्तो मान्छे बनाउनुपर्यो, जसले अरू बनाउँछन् र अरू बनाउँछन्। यो काम अगाडि बोलाएर ग्रहण गराएर मात्रै हुने कुरा होइन। अहिले ६:१ मा आइसकेपछि विश्वासीहरूले गुणामत्क रूपमा वृद्धि भएको कुरा हामी पाउँदछौं। यसपछि प्रेरितको पुस्तकमा हामीले कहिल्यै पनि थपेको कुरा पाउँदैनौं। प्रेरित ६:७ पदमा, परेश्वरको वचन फैलिंदै गयो र यरुसलेममा विश्वासीहरूका सङ्ख्यामा वृद्धि (प्लेथुनो) भयो र धेरै पुजारीहरू विश्वासको आज्ञाकारी भए। यसरी विश्वासीहरूका वृद्धि भई प्रेरित ९:३१ मा आइपुग्दा मन्डली यरुसलेमबाट एन्टिओकमा सरिसकेको छ र त्यो ठाउँचाहिं मन्डली स्थापनाको केन्द्रबिन्दुजस्तो भैसकेको छ। अब त्यहाँ जे लेखिएको कुराले मन्डली वृद्धिको रणनीतिलाई प्रकट गर्छ, "अनि यहुदिया, गालिल र सामरियाभरि मन्डलीमा शान्ति भयो र मन्डली सुदृढ भयो। प्रभुको भयमा हिंड्दै र पवित्र आत्माको सान्त्वना पाएर मन्डलीमा वृद्धि (प्लेथुनो) हुँदै गयो।" प्रेरित ९ अध्यायसम्म आइपुग्दा पूरै मन्डली नै वृद्धि भएको हामी पाउँदछौं।

## निष्कर्ष

अन्त्यमा, हामीले मन्डलीको साँचो अर्थ र परिभाषालाई बुझेर मन्डलीको संस्थापक येसुलाई मानेर उहाँको रणनीतिलाई पाच्छयायौं भने मन्डली निश्चित रूपमा वृद्धि हुने कुरा पक्का छ। सुरुका मन्डलीको रणनीति यो म्याथेटेस वा चेला भन्ने शब्दमा केन्द्रित थियो। अनि साठी वर्षभित्रै एसिया माइनरका प्रमुख सहरहरूमा येसुको ज्योति चम्किसकेको थियो। यसले हामीलाई आशा पनि दिन्छ कि यदि हामीले येसुको रणनीतिलाई अवलम्बन गर्यौं भने, हाम्रै पुस्तामा हामी फल देख्न पाउँदछौं। यसो गर्नाले हामीले आफ्ना मानिसहरू मात्रै प्रभुमा आएको देख्ने छैनौं। तर ख्रिस्टको मन्डलीको विश्वव्यापी प्रभाव र विजय समेत देख्न पाउने छौं।

**पास्टर डा. आनन्द तामाङ**
हिमालयन इसाई मन्डली
सातदोबाटो, ललितपुर

# नेपालमा धर्म निरपेक्षता र धार्मिक अधिकार



नेपालमा धर्म निरपेक्षता निकै प्रचलित शब्द हो। यसको इतिहास खोज्दै जाने हो भने तत्कालीन नेपाल कम्युनिस्ट पार्टी माओवादीको दश वर्षीय जनयुद्धको एउटा माग थियो । यसैअनुरूप तत्कालीन माओवादी र सात दलबिच भएको विस्तृत शान्ति सम्झौतापश्चात् नेपालको अन्तरिम संविधान २००७ मा नेपाल धर्म निरपेक्षता राष्ट्र घोषण गरियो। नेपाल अघोषित रूपमा प्राचीनकालदेखि हिन्दु राष्ट्र हो। इ.सं. १९६२ देखि नेपालको संविधानमा संसारकै एकमात्र हिन्दु राष्ट्र घोषण गरियो।

नेपालमा पछिल्लो दिनमा उठेको धर्म निरपेक्षताको मुद्दा र यसको अर्थ जान्नु अति नै आवश्यक पर्छ। आजको दिनमा धर्म निरपेक्षताको एजेन्डा भनेकै क्रिस्चियनहरूको एजेन्डा भनेर बुझ्ने गरिन्छ। तर नेपाली समाजमा यो सतप्रतिशत गलत धारण बिजारोपण गरिंदै छ। नेपालमा निकट भविष्यमा क्रिस्चियन धर्मावलम्बी विरुद्ध हिन्दु धर्मावलम्बीलाई प्रयोग गरेर राजनीति गरिंदै छ, जुन कुरा प्रजातान्त्रिक समाजका लागि घातक हुन्छ। तर धर्म निरपेक्षता भनेको धर्म र राज्य फरक हुनुपर्छ भन्ने पश्चिमेली सैद्धान्तिक चेतनाबाट निर्मित विचार हो। पश्चिमपट्टि विगतलाई फर्केर हेर्दा चर्चले राज्यमा गरेको हस्तक्षेपले राज्य र धर्म फरक कुरा हो भन्ने सिद्धान्त विकास भएको थियो। साधारण भाषामा बुझ्ने हो भने राज्यको कुनै धर्म हुँदैन भन्ने हो। यसले राज्यमा बहुधार्मिक मानिसहरू बसोबास गरेका हुन्छन् र सबै धर्मका मानिसहरूलाई समान रूपले हेरिनुपर्छ भन्ने मूल्यमान्यता बोकेका हुनछ। तर धर्म निरपेक्षताको अनर्थ लगाएर क्रिस्चियन समुदायमाथि सतावट गरिंदै आएको छ। त्यसैले आजकाल केही क्रिस्चियन अगुवाहरूले हिन्दु राज्यसहितको धार्मिक स्वतन्त्रता र धर्म सापेक्ष कुरा उठाएका छन्। कुरा सुन्दा तार्किकजस्तो लाग्छ। किनभने यो धर्म निरपेक्षता नेपाली इसाई समाजले चाहेर आएको होइन। यो एजेनडा कसले बोके र यसले नेपालको संविधानमा प्रवेश पायो सो हामी जान्दैनौं। साथै, हामीले युरोपिएन युनियनलाई पनि चिन्दैनौं।

नेपालको संविधान २०१५ को प्रस्तावनामा नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक मुलुकको संकल्प गरिएको छ। नेपालको संविधान २०१५ (२०७२) को धारा २६ मा धार्मिक स्वतन्त्रताको हक समावेश गरिएको छ।

(१) धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्थाअनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुने छ।

(२) प्रत्येक धार्मिक सम्प्रदायलाई धार्मिक स्थल तथा धार्मिक गुठी सञ्चालन र संरक्षण गर्ने हक हुने छ। तर धार्मिक स्थल तथा धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्न तथा गुठीको सम्पत्ति तथा जग्गाको व्यवस्थापनका लागि कानुन बनाई नियमित गर्न बाधा पुगेको मानिने छैन।

(३) यस धाराद्वारा प्रदत्त हकको प्रयोग गर्दा कसैले पनि सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा सार्वजनिक शान्ति भङ्ग गर्ने क्रियाकलाप गर्न, गराउन वा कसैको धर्म परिवर्तन गराउने वा अर्काको धर्ममा खलल पर्ने काम वा व्यवहार गर्न वा गराउन हुँदैन र त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुने छ।

यसै गरी **मुलुकी अपराध संहिता २०७४ परिच्छेद ९ दफा १५५, १५६,१५७,१५८ र १५९** थप व्याख्य गरिएको छ।

**दफा १५५. धार्मिक स्थल वा पवित्र मानिएको स्थानलाई क्षति पर्याउन नहुने:**

१) कसैले कुनै जात, जाति, सम्प्रदाय वा वर्गको धार्मिक आस्था वा धर्मको घृणा गर्ने वा अपमान गर्ने नियतले वा सो हुन सक्छ भन्ने जानीजानी कुनै धार्मिक पूजा, प्रार्थना वा कर्म गर्ने स्थान वा पवित्र मानिएको कुनै स्थान, वस्तु, मसानघाट वा चिहानलाई हानिनोक्सानी वा क्षति पर्याउन वा कुनै किसिमले दूषित गर्न, बिगार्न, फोहरमैला गर्न वा यस्तै अन्य कार्य गर्नुहुँदैन।

२) उपदफा (१) बमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तिस हजार रुपैयाँसम्म जरिवाना हुने छ।

३) विदेशीले उपदफा (१) बमोजिमको कसुर गरे वा गराएको रहेछ भने उपदफा (२) बमोजिमको कैद भुक्तान भएको सात दिनभित्र निजलाई नेपालबाट बाहिर पठाउनु पर्ने छ।

**दफा १५६. धार्मिक भावनामा आघात पर्याउन नहुने:**

१) कसैले लेखेर, वचनले वा आकार वा चिह्नद्वारा वा अरू कुनै किसिमबाट कुनै जात, जाति सम्प्रदाय वा वर्गको धार्मिक भावनामा आघात पर्याउनुहुँदैन।

२) उपदफा (१) बमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षसम्म कैद र बिस हजार रुपैयाँसम्म जरिवाना हुने छ।

**दफा १५७. धार्मिक रीतिथितिमा बाधा पर्याउन नहुने:**

१) कसैले सनातनदेखि अपनाउँदै वा चलिआएको अरूको धार्मिक रीतिथितिमा जानीजानी बाधा पर्याउनुहुँदैन।

(२) उपदफा (१) बमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने छ।

**दफा १५८. धर्म परिवर्तन गराउन नहुने:**

१) कसैले कसैको धर्म परिवर्तन गराउन वा सो कुराको उद्योग गर्न वा दुरुत्साहन दिनुहुँदैन।

२) कसैले कुनै जात, जाति वा सम्प्रदायमा सनातनदेखि चलिआएको धर्म, मत वा आस्थामा खलल पार्ने कुनै काम वा व्यवहार गर्न वा खलल हुने गरी कुनै प्रलोभन देखाई वा नदेखाई अन्य कुनै धर्ममा परिवर्तन गराउन वा धर्म परिवर्तन गराउने नियतले त्यस्तो धर्म वा मत प्रचार गर्नुहँदैन।

३) उपदफा (१) वा (२) बमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुने छ।

४) उपदफा (१) वा (२) बमोजिमको कसुर गर्ने वा गराउने व्यक्ति विदेशी रहेछ भने त्यस्तो व्यक्तिलाई यस दफाबमोजिम भएको कैद भुक्तान गरेको सात दिनभित्र नेपाल बाहिर पठाउनु पर्ने छ।

**मुलुकी अपराध संहिता २०७४ को दफा १५७ र १५८** ले सिधै नेपाली क्रिस्चियनहरूका सुसमाचारीय

कार्यकलाप र अभिव्यक्ति स्वतन्त्रालाई बन्देज गरेको छ । यी दफाले नेपालको इतिहासमा धार्मिकसम्बन्धी कठोर कानुन निमार्ण गरेको देखिन्छ । मलाई लाग्छ, यो धर्म निरपेक्षताकै कारण हो । नेपालमा पछिल्लो दिनमा पास्टरमाथि चलाइएको मुद्दा वा मिसनरीमाथि लगाइएको प्रतिबन्धले नेपाली इसाई जगतलाई झस्काएको छ । नेपाल पक्ष राष्ट्र भएको मानव अधिकारसम्बन्धी घोषणापत्र १९४८ (UDHR )को धारा १८ र १९ साथै नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञपत्र १९६६ (ICCPR) को धारा १८ र १९ को विरुद्धमा छ । धारा १८ ले प्रत्येक व्यक्तिलाई विचार, अन्तस्करण तथा धर्मको स्वतन्त्रताको अधिकार र धारा १९ ले प्रत्येक व्यक्तिलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुने छ । यस अधिकारमा बिनाहस्तक्षेप आफ्ना विचारहरू राख्न पाउने स्वतन्त्रता, सीमानाको बन्देजबिना कुनै पनि माध्यममार्फत् सूचना र विचारहरू प्राप्त गर्ने, खोज्ने तथा प्रसार गर्ने स्वतन्त्रता बारेमा चर्चा गरेको छ ।

आजको एकाइसौं शताब्दीमा धार्मिक अधिकार अपरिहार्य छ र यो अधिकार मानिसहरूको नैसर्गिक अधिकार हो । त्यसैले आफ्नो धर्म, विचारहरू राख्न पाउने स्वतन्त्रता, धर्म प्रचारप्रसार गर्न पाउने स्वतन्त्रता पनि हाम्रो अधिकार हो । तर कुनै प्रलोभन देखाई वा नदेखाई अन्य कुनै धर्ममा परिवर्तन गराउन वा धर्म परिवर्तन गराउने नियतले त्यस्तो धर्म वा मत प्रचार गर्नुहुँदैन ।


**अधिवक्ता महादेव बानिया**
**बेथलेहेम काठमाडौं चर्च**

## हार्दिक शुभकामना !

यस बेथलेहेम मन्डली नेपालले आफ्नो सेवाको २५औं वर्ष पूरा गरी रजत महोत्सव मनाउन लागेको पावन अवसरमा मन्डली परिवारलाई हार्दिक बधाई दिंदै परमेश्वरको राज्य विस्तार गर्ने कार्यमा यो मन्डली कोसेढुङ्गा साबित हुन सफल भइरहोस् भनी शुभकामना व्यक्त गर्दछौं !

**कुनेढुङ्गो चर्च नेपाल परिवार**
कोटेश्वर, काठमाडौं

## बधाई तथा शुभकामना



प्यारो अनि पुराना परिचित बाबु दिनेशमा एकचोटि छेउछाउ छिमेकी बनी बसेको, भेटेको र सेवकाइमा जुटेको समयको झलझली याद आइरहेछ । एक जना ख्रिस्ट विश्वासीले अर्को विश्वासीलाई आफन्त र नातागोतालाई जस्तो माया, सद्भाव र स्नेह दर्साउने युगको कुरो हो । प्रहरी, सुराकी, पञ्चायत, एक दलीय अँधेरो निर्लज्ज चर्चविरोधी राक्षस युगमा हाम्रो समाजभित्रको न्याना सम्बन्धहरू अहिलेको अनौठा बेलामा पनि भुल्न सकेका छैनौं । "उहिले बाजेको पालामा" भनेको जस्तो, तर सत्य, स्वादिष्ट अर्कै काल र युगको एउटा बाक्लो किताबको भित्र कता चेप्टेको, नेप्टेको र चिर विश्राममा हराइसकेको त्यो बेलाको एक पाना । गुड मर्निङ, नमस्ते, नमस्कारकै सम्बोधन मात्र काम चलायौं...। आजको 'जयमसिह' डाँडामाथि उदाइनसकेको बेला थियो । आज फेरि अफिसकै कति कामहरूका सिलसिलमा भाइ दिनेशसँग भेटेघाट याद आउँछ ।

धेरै डेरा खोज्ने, पस्ने, छान्ने, बस्ने, सर्ने क्रममा मैले सानेपाको त्यो डाँडाको डेरा गुमाएँ । अनि त्यही बेलादेखि आराधना चर्चका प्रियहरू साथै दिनेश बाबुसँगको भेटघाट पनि समयको खोलाभित्र ओझेल बनी बग्यो । यो देशमा त्यति बेलादेखि नै पाप र अपराध प्रचार गर्न र पालन गर्न पाइन्थ्यो, तर धर्म प्रचार गर्न मनाही थियो । पहिले नि र अहिले नि । ख्रिस्टको शिक्षा र प्रचारलाई अपराध ठहराएको यो देशमा प्रहरी, माओवादीहरूका पिटाइकुटाइमा पर्ने पास्टर सुनुवारलाई ती सब कार्वाहीहरूले महान् येसुवा प्रभुमा झनै बलियो र स्पष्ट बनाएका छन् ।

आज म सुन्दैछु र खुब खुसी लागेको छ, हाम्रा पुराना चिनजान न नजिकका हितैसी पास्टर दिनेश सुनुवारले सुरु गर्नुभएको बेथलेहेम मन्डली रजत जयन्तीमा प्रवेश गर्दै छ । बेथलेहेम मन्डलीका हरेक अगुवा अनि विश्वासीहरू, छोरी मन्डलीहरू र प्रमुख अगुवा पास्टर दिनेशप्रति हामी सबै विश्वासीहरू यो गौरव र आनन्दको घडीमा हार्दिक बधाई पठाउँदै हृदयभित्रको हर्ष प्रकट गर्दछौं ।

ठुलो हौसलामा अघि बढ्नुहोस् र कृपाका प्रभु, महान् येसुवा राजाको जीवित शक्तिमा आगामी दिनको निम्ति अझ झरिलोभरिलो र ताजा अभिषेकमा नेपालको रूपरङ फेर्ने मिसनमा सफलता प्राप्त गर्दै जानुहोस् । आमेन !

**लोकनाथ मनेन**
**साहित्यकार/सङ्गीतकार**
भूपू कार्यकारी प्रमुख
नेपाल बाइबल सोसाइटी

# बेथलेहेम मन्डलीमा सङ्गतिको अनुभव

प्रभुका जनहरूमा ख्रिस्टिय अभिवादन जयमसिह !



सर्वप्रथम हृदयदेखि सधन्यवाद ज्ञापन गर्न चाहन्छु । मेरो मन्डली परिवार बेथलेहेम चर्च काठमाडौंलाई जसले ज्यादै स्नेहका साथ आफ्ना मनका केही भावनाहरू र केही अनुभवहरू व्यक्त गर्न सुभअवसर प्रदान गर्नुभयो । यस मन्डलीको विषयमा भन्नुपर्दा अनि लेख्दै जाँदा धेरै कुराहरू छन् । सायद धेरै शब्दहरू मैले भेट्टाउन पनि नसकुँला र व्यक्त गर्न पनि । तर जति मैले लेख्दै छु, ती मेरा हृदय भित्रका अनुभवहरू हुन् ।

मैले विगतलाई सम्झने हो भने यस मन्डलीमा आउनु अगाडिका केही तितामिठा अनुभवहरू थिए, जसको कारणले प्रभुसँगको सम्बन्ध निकट भए तापनि मन्डली जान लगभग छ महिना जति बन्द नै भएको थियो । जब जब शनिबारको दिन आउँथ्यो र हाम्रा नानीहरूले "पापा आज हामी चर्च नजाने" भन्दा मन साह्रै बिचलित हुने गर्थ्यो र एक प्रकारको अशान्ति छाउँथ्यो । सम्झन्छु, ती दिनहरू जब यस्तो समय जति बेला कम्पनीमा आठ घण्टा काम गरेर पनि सङ्गति नछुटाई, राती बाह्र बजेसम्म पनि अलिकति पनि निराश नभई नयाँ मानिसहरूलाई सुसमाचार सुनाउँदै र आइतबारको दिन तीनदेखि चारवटा सङ्गति जोस र उमङ्गका साथ गर्ने व्यक्ति, अब शनिबार आउँदा कहाँ जाने, कुन मन्डली जाने भनी अलमल्ल परेको थिएँ । त्यही समयमा हाम्रो परिवारिक मित्र साथै दिदी रविता तन्डुकारद्वारा यसै मन्डलीका डिकन मेरा मित्र कुमार भुजेलसँग भेट हुने अवसर मिल्यो । त्यसपश्चात् निरन्तर यस मन्डलीको साप्ताहिक सङ्गतिमा सहभागी हुन थालें । यस मन्डलीका आदरणीय पास्टर बुबा दिनेश सुनुवारज्यूको त्यो वास्ता, सद्भाव र प्रेमपूर्ण वचनका साथै, अगुवा जनहरूको र विश्वासी परिवारहरूको प्रार्थना र मायाले गर्दा मैले फेरि असल परिवार पाएको अनुभव गरेको छु । यति धेरै समय सँगसँगै सङ्गति गर्दै जाँदा पनि सबै जनाको सरल र अपरिवर्तनीय व्यवहार, नम्र र मिठो बोली साथै मन्डली परिवारको मायाले मलाई टाढाबाट भए पनि मन्डली आउन ज्यादै प्रोत्साहन मिलेको छ । जस्तोसुकै काम होस्, कार्यक्रम होस् सबै एकसमान रूपले आदरसाथ सहभागी भई सहयोग गर्ने, अरूको आशा नगर्ने, आफ्नै मन्डली परिवारबाट नै जोडजम्मा गर्ने, जस्तोसुकै समस्यामा जोकसैलाई पनि सहयोग गर्न तत्पर रहने यस्ता धेरै कुराहरू छन् जसले मलाई सधैं एक प्रकारको उर्जा मिल्दछ ।

यी सबै कुराको बाबजुद म परमेश्वरलाई हृदयदेखि नै धन्यवाद दिंदछु । यसरी मन्डली परिवारले मलाई सङ्गतिका आफ्ना अनुभवहरू बाँडने मौका दिनुभयो र हामीलाई यसरी सङ्गतिमा निरन्तर सहभागी हुन पाउँदा सम्पूर्ण मन्डली परिवारप्रति मेरो परिवार आभार व्यक्त गर्दछौं ।

धन्यवाद !

**दानिएल गिरी**

# “प्रभुको मन्डलीमा एक अर्काको सहकार्यको एक उत्कृष्ट नमुना”



रोमी १२: ९-११: प्रेम निष्कपट होस् । जुन कुरा खराब छ, त्यसलाई घृणा गर । जुन कुरा असल छ, त्यसमा लागिरहो । भ्रातृप्रेमसँग एक अर्कालाई प्रेम गर । आफूलाई भन्दा बढी अरूलाई आदर गर । जोसमा पछि नहट । पवित्र आत्मामा प्रज्वलित होओ, प्रभुको सेवा गर्दैरहो ।

विगत पच्चिस वर्षमा बेथलेहेम चर्च नेपालले एक उत्कृष्ट नमुना प्रकट गरेको छ । २५ औं वर्षगाँठ मनाउँदै गरेको सुन्न पाउँदा नेइम मन्डली समूह अत्यन्तै हर्षित भएको छ भन्ने कुरा जानकारी गराउँदा गौरवान्दित महसुस गर्दछु । सायद पाँचौ वर्ष गाँठको अवसरमा यस मन्डलीमा मुख्य वक्ताको रूपमा मौका पाएको याद झलझली आउँदै छ । यस मन्डलीको इतिहास पनि अरू मन्डलीजस्तै उतारचढावको दिनमा पच्चिस वषन्त पार गर्न सफल भएको छ । अब यो मन्डली समूह पच्चिस वर्षको लक्का जवान भएको र परमेश्वरले देखाउनुभएको बाटोमा हिंडन तमतयार भएर बसेको देखिन्छ । सबै महिमा प्रभुलाई होस् । यदि पच्चिस वर्ष पुगेर पनि सही बाटो हिंडन सकिएन भने, उसको पालनपोषण केही गडबडी छ भन्ने सहजै अनुमान गर्न सकिन्छ । एक प्रकारले भन्दा यो मन्डलीको नेतृत्व पङ्ति र विश्वासी झुण्डमा रहेको परिपक्वता र आत्मिक उन्नतिलाई देख्दा, हाम्रो पनि त्यस्तै भए हुन्थ्यो भन्ने लाग्दछ ।

प्रेरित ११:२२-२४: यो समाचार यरुसलेममा भएको मन्डलीको कानमा पुग्यो र तिनीहरूले बारनाबासलाई एन्टिओकमा पठाए । तिनी त्यहाँ आएर परमेश्वरको अनुग्रह देखिकन खुसी भए र तिनीहरू सबैलाई सम्पूर्ण हृदयले प्रभुप्रति विश्वासी रहिरहन प्रोत्साहन दिए । किनभने तिनी असल, पवित्र आत्मा र विश्वासले भरिपूर्ण भएका मानिस थिए । मानिसहरूका ठुलो समूह प्रभुमा थपियो ।

एन्टिओकमा भएको सङ्गति, प्रभुको महिमा र अनुग्रह देखेर पावल र बारनाबास अत्यन्तै खुसी भए । आजको परिपेक्षमा मेरो र तेरो भनेर आफूलाई ठालु ठान्ने समयमा यस बेथलेहेम मन्डलीले जुन सुजबुझका साथमा आफूलाई खडा गरेको छ, यो अत्यन्तै पृथक र नवीन छ । आगामी दिनमा पनि यस्तै रहिरहोस् । जस्तो पावलले रोमी १२: ९-११ मा भन्दछन्: तिमीहरूका:

- प्रेम निष्कपट होस्
- खराबीलाई घृणा गर
- असल कुरामा लागिरहो
- भातृ प्रेममा लागिरहो
- अरूलाई आदर गर
- जोसमा लागिरहो
- पवित्र आत्मामा प्रज्वलित हाओ
- प्रभुको सेवामा निरन्तर लागिरहो ।

यहाँ उल्लेख गरिएका यी आठवटा विशेष आदेशात्मक वाक्यलाई अर्थात हाम्रा सेवकाइका आधारलाई याद गर्दै यो मन्डली भविष्यमा पनि अघि बढ्ने छ भन्ने विश्वास लिएको छु । कतिपटक मन्डली कसरी अघि बढ्ने हो हामी एकदम दुविधामा पर्दछौं । तर पवित्र आत्माको भरमा हिंड्ने व्यक्ति दुविधामा हिंड्नुपर्दैन । आज पवित्र आत्माले नै हाम्रो मार्ग सोझो तुल्याइदिनुहुन्छ । हामीले हाम्रा अग्रजहरूबाट र बाइबलका हिरोहरूबाट उक्त कुरा सिकेका छौं कि मन्डली सञ्चालन गर्न कुनै संघसंस्था वा कुनै व्यवसाय चलाउनु जस्तो सहज छैन । तर याद गरौं, परमेश्वरले पुरानो करारमा इस्राएली जातिलाई ज्योति बनाउन चाहनुभयो । तर उनीहरूले करिब चार हजार वर्षसम्म यो कुरा बुझ्न सकेनन् । आज त्यो काम अर्थात नुन र ज्योति बनेर परमेश्वरको राज्य विस्तार गर्ने काम पेन्तिकोसको घटनापछि हामी मन्डलीको जिम्मामा आएको छ । हामी त्यही काम गरिरहेका छौं, गरी रहन्छौं पनि र यो परमेश्वरको महान अभियानमा बेथलेहेम मन्डली समूहलाई परमेश्वरले एकअर्कासँग सहकार्य गर्दै अघि बढ्न अनुग्रह गरुन् र सबै अगुवावर्ग, मन्डली परिवारमा परमेश्वरले त्यो जागरुकता देउन र अरूको लागि एउटा नमुना प्रकट गरुन् । धन्यवाद !

**पा. प्रेम श्रेष्ठ**
नेपाली इसाई मन्डली परिवार

## हार्दिक शुभकामना!

बेथलेहेम मन्डली नेपालको २५औं वार्षिक उत्सवको अवसरमा बेथलेहेम मन्डली नेपालका संस्थापक पास्टर तथा अगुवाज्यूहरू लगायत सम्पूर्ण बेथलेहेम मन्डली परिवारलाई चरिकोट ख्रिस्टियन मन्डली तथा म, पास्टर शक्ति पाख्रिनको तर्फबाट हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । साथै, विगतमा झैं आउने दिनहरूमा पनि प्रभु येसु ख्रिस्टमा तपाईंहरूको विश्वासको काम, परमेश्वरको प्रेमको परिश्राम र आशाको धर्य बढ्दै जाओस् भनी परमेश्वरसँग प्रार्थना गर्दछु ।

**पास्टर शक्ति प्रख्रिन**
चरिकोट ख्रिस्टियन मन्डली
भिमेश्वर नगरपालिका-६, चरिकोट दोलखा

# बेथलेहेम मन्डलीको भविष्य




## परिचय

चाहे व्यक्ति होस् या मन्डली उसको वर्तमानले उसको भविष्य निरधारण गर्दछ। वर्तमानको मेहनत, कार्यशैली र योजनाले भविष्य सफल हुन पनि सक्छ र असफल हुन पनि सक्छ। कसैले भनेका छन्, "प्रभावकारी अगुवा त्यो हो, जसले उसको मन्डली वा सङ्गठनको भविष्य स्पष्ट रूपमा देख्न र कोर्न सक्दछ।" जोसँग स्पष्ट दर्शन र कार्य योजना छ, त्यो व्यक्ति वा मन्डली भविष्यमा सही गन्तव्यमा पुगेरै छाड्छ। हरेक बेथलेहेम मन्डलीले भविष्य देख्ने र कोर्ने समय आएको छ। बेथलेहेम मन्डलीले विगतमा थुप्रै उतारचढावहरू पार गरी पच्चिसौं वर्ष पूरा गरेको छ। यो मन्डली २५औं वर्ष पूरा गरेकोले अब यो एक परिपक्व र निर्णय गर्न सक्ने मन्डली बनेको छ। कुनै व्यक्ति २५ वर्ष पूरा भएपछि उसको पेसा वा मार्गको निम्ति निर्णय गर्न सक्षम हुन्छ। त्यस्तै अब बेथलेहेम मन्डली पनि आफ्नो खुट्टामा उभिन सक्ने उमेर पुगेको छ। बेथलेहेम मन्डलीले अब मार्ग तयार गर्ने समय भएको छ। यो मन्डलीले कस्तो जग बसालेको छ, कस्तो मार्ग तयारी गरिरहेको छ र कस्तो मार्ग तयार गर्नुपर्दछ भनी यस लेखले मूल्याङ्कन गर्ने छ। त्यसै गरी यस लेखले मन्डलीले सामना गर्नुपर्ने चुनौतिहरू र समाधानको उपायहरू पनि प्रस्ताव गर्ने छ।

## मन्डलीको वर्तमान अवस्था

बेथलेहेम मन्डली नेपालले २५औं वर्ष पूरा गर्दासम्म यस मन्डलीको नेतृत्वमा तिसवटा मन्डलीहरू र पाँचवटा झुण्ड सङ्गतिहरू जन्माइसकेको छ। एक वर्षमा एकभन्दा बढी मन्डली स्थापना भएको देखिन्छ। यो मन्डली वृद्धिमा हरेक शाखा मन्डली र विभिन्न संघसंस्थाको ठुलो भूमिका रहेको छ। एक हिसाबले यो गौरवको विषय हो भने अर्को हिसाबले यो चुनौतिको विषय पनि हो। स्थापना गर्नु वा जन्माउनु एक सफलता हो भने यसलाई हुर्काउनु र टिकाउनुचाहिं धेरै ठुलो सफलता हो। विगतमा हामीले यस मन्डलीहरू स्थापना गर्न विभिन्न संघसंस्था र तालिम केन्द्रहरूका ठुलो योगदान पाएका छौं। कसैले मन्डली स्थापनासम्बन्धी तालिम दिए भने कसैले मन्डली स्थापनाको निम्ति मिसनरीहरू पठाउन सहायता गरे। यी दिनहरूमा एकातिर यी संघसंस्था आफै सङ्घर्ष गरिरहेका छन् भने अर्कोतिर हाम्रा मन्डलीहरू आत्मा निर्भर हुन सकेको छैन। हाम्रा मन्डलीहरूका इतिहास लेख्दै र पढ्दै गर्दा कति मन्डलीहरूले शाखा मन्डली बढाउँदै गरेको तर मन्डलीमा विश्वासी सङ्ख्या भने घटिरहेको पाइन्छ। विश्वासी घट्नुको कारणहरूमा सहरतिर बसाइँ सर्ने, अर्को मन्डलीमा बसाइँ सर्ने र संसारमै फर्कने देखियो। हामीले यसको समाधान खोज्नुपर्ने हुन्छ। अर्को समस्या भनेको मन्डलीहरू पन्ध्रदेखि पच्चिस वर्षसम्म पुग्दा कति मन्डलीमा तीन जनाभन्दा बढी नेतृत्व फेरिएको पनि पाइयो। कति मन्डलीहरू भौतिक रूपमा सम्पन्न तर आत्मिक रूपमा कमजोर भएको पनि पाइयो। कति मन्डलीमा विश्वासीहरू वृद्धि भइरहेका छन् तर नेतृत्व गर्ने सक्षम अगुवाहरू छैनन्। कति मन्डलीहरू न तातो न चिसो छन्। वृद्धि पनि छैन घटेको पनि छैनजस्तै देखियो। यसकारण, अबको दिनमा बेथलेहेम मन्डली नेपालको केन्द्रीय समिति र हरेक मन्डलीले सामना गर्नुपर्ने चुनौतिहरू यसप्रकार छन्:

## मन्डलीले सामना गर्नुपर्ने चुनौतिहरू

### १. सक्षम र स्थायी अगुवापनको अभाव

हाम्रो कति मन्डलीमा पहिलो पुस्ताले नेतृत्व गरिरहेका छन् भने कतिमा नेतृत्व परिवर्तन भई सकेका छन्। हाम्रो मन्डलीहरूलाई नियाल्दा पहिलो पुस्ताले नेतृत्व छोड्नुको कारणहरू प्राय: विदेश जाने र बसाइँ सर्ने देखिन्छ। यो हुनुमा कि मन्डलीले अगुवाको अवाश्यक्तालाई बुझेर सहायता गर्न सकेनन् कि अगुवाको चाहना फराकिलो भएको हुनुपर्दछ। कति मन्डलीमा अगुवा त छन् तर स्वेच्छा वा परमेश्वरको बोलावट र अगुवाइमा भन्दा पनि पुरानो पास्टरहरूले गरिदिनुस् र बनिदिनुस् भनेको कारणले सेवा गरिरहेका छन्। यसरी अगुवापनमा सङ्कट आउनुको मुख्य कारण भनेको विगतमा हाम्रो मन्डलीहरू आत्मनिर्भर हुनुको सट्टा संघसंस्थामा बढी निर्भर भएकोले पनि हो। पहिलो पुस्ताको सङ्घर्षशील जीवन देखेको कारण पनि नयाँ पुस्ताले अब मन्डलीमा अगुवा वा पास्टर बन्ने आँट गर्दैनन्। यसकारण, भोलिको दिनमा मन्डली अगुवाविहीन हुने सम्भावना धेरै छ। यसको समाधान हामी अगुवाहरूले खोज्नै पर्छ।

### २. आर्थिक व्यवस्थापनमा सङ्कट

हाम्रो मन्डलीहरूले विगतमा आर्थिक रूपमा मन्डलीलाई स्वपालित बनाउनुपर्दछ भन्ने कुरा सिकाउन असफल भएको कारण यी दिनहरूमा मन्डलीका पास्टरहरू भौंतारिनु परेको अवस्था आएको हो। मन्डली सुरु भएदेखि नै पास्टर तथा अगुवालाई मन्डलीले नै पाल्नुपर्दछ भन्ने कुरा हाम्रो मन्डलीका विश्वासीहरूले सिकेका छैनन्। मन्डलीमा उठेका दशांस भेटीहरू जग्गा किन्न, मन्डली भवन बनाउन र विभिन्न कार्यक्रम गर्नमा मात्र खर्च गर्ने गरेको कारण यी दिनमा पास्टर अगुवालाई तलब या भत्ताको कुरा गर्न एकातिर पास्टरहरू नै डराउँछन् भने अर्कोतिर विश्वासीले यो कुरालाई पचाउनै नसक्ने अवस्था पनि छ। विगतमा नेपाली मन्डलीहरू असक्षम भएको कारण विभिन्न संघसंस्था र मन्डलीहरूले सहायता गरेकै हुन्। अब नेपाली मन्डलीहरू सक्षम भइसकेको कारण विभिन्न मन्डली र संघसंस्थाले मन्डलीको अगुवाहरूलाई सहायता गर्ने कुरा बन्द गर्दै आएका छन्। यो परिस्थितिमा बेथलेहेम मन्डलीहरू सङ्ख्यामा धेरै तर आर्थिक कुरामा कमजोर देखिन्छ। कति मन्डलीहरू ऋणमा पनि छन्। यो अवस्था आउनु भनेको एक विवाहित जोडीले आफ्नो आर्थिक अवस्थालाई विचार नगरी धेरै छोराछोरी जन्माएजस्तै हो। यसको पनि हामीले समाधान खोज्नैपर्ने हुन्छ।

### ३. मन्डलीहरूलाई एकतामा राख्न सक्नु

मन्डलीहरूलाई एकतामा राख्नु पनि अर्को एउटा मुख्य चुनौति नै हो। एउटा परिवारमा छोराहरू हुर्केपछि विवाह गर्छन् र छुटेर आफ्नै परिवार निर्माण गर्न सुरु गरेजस्तै मन्डलीहरू पनि हुर्केर जब सक्षम बन्छन् तब अरूलाई सहायता गर्नुको सट्टा आफ्नै राज्य र नेतृत्वमा रमाउन चाहन्छन्। कतिचोटि हामी मानिसहरूमा यस्तो स्वार्थ हुन्छ हाम्रो अभिवावकले जति नै लगानी गरे पनि हाम्रो चाहना र खाँचो पूर्ति हुँदैन। भोलिको दिनमा यी मन्डलीहरूलाई समेटेर नेतृत्व गर्न र समान अधिकार दिने कुरामा पनि समस्या नआउला भन्न सकिन्न। त्यसैले भोलिको दिनमा हामीले लगानी गरेका मन्डलीहरूलाई कसरी एकतामा राख्ने भन्ने प्रश्नको उत्तर र रणनीति

बेथलेहेम मन्डलीहरूले बनाउनै पर्दछ । हाम्रो अर्को समस्या भनेको कति मन्डलीहरू स्वतन्त्र रूपमा हुर्केर हामीसँग आवद्ध भएका छन् । यी मन्डलीहरूका सानो होस् या ठुलो केही न केही अपेक्षा पक्कै पनि छ । उहाँहरूका ती अपेक्षाहरू पूरा नभए हामी स्वतत्र हुन्छौं भन्ने दिन पनि नआउला भन्ने छैन । त्यसको निम्ति हामीले असल नीति र नेतृत्व निर्माण गर्नुपर्ने हुन्छ ।

### ४. झुटा शिक्षाहरूका सामना गर्नु

पछिल्लो समय झुटा शिक्षा र शिक्षकहरू मन्डली भाँड्नको निम्ति विभिन्न किसिमको योजना र प्रलोभनहरू लिएर गाउँगाउँ छिरिसकेका छन् । कतिले मन्डली भवन बनाइदिने, कतिले पास्टरलाई आर्थिक सहायता गर्ने र कतिले विश्वासीहरूलाई व्यवसाय गर्न लगानी गरिदिने त कतिले छोराछोरीको अध्ययनको निम्ति आर्थिक सहायता गर्नेजस्ता प्रलोभन देखाउँदै हिंडेका छन् । पहिलोचोटि सुन्दा यी झुटा शिक्षाहरू साँचो शिक्षाजस्तै लाग्दछ । यिनीहरू भेडाको भेषमा ब्वाँसाहरू हुन् । हाम्रो मन्डलीको अगुवा र विश्वासीहरू बाइबलीय शिक्षा र सैद्धान्तिक कुराहरूमा धेरै कमजोर छन् । उनीहरूलाई यी झुटा शिक्षाहरूले सजिलै प्रलोभनमा पार्न सक्छन् । यसको निम्ति पनि हामीले कसरी मन्डलीहरूलाई बौद्धिक र आत्मिक रूपमा सक्षम बनाउने भनेर रणनीति अपनाउनुपर्ने हुन्छ ।

### ५. नयाँ पुस्ता वा जवानहरूलाई मन्डलीमा टिकाउनु

पछिल्लो समय हाम्रा जवानहरू अध्ययन तथा रोजगारीको निम्ति युरोप, अमेरिका, अस्ट्रेलिया र एसियाका कोरिया, जापान, हङकङ, सिङ्गापुर लगायत विभिन्न देशमा जाने गरेका छन् । उनीहरूले त्यहाँका मन्डली, सङ्गति, विश्वासी, पास्टर र पास्टरको प्रचार सुनेका छन् । अर्कोतिर जवानहरू नेपालमै बसरे पनि सञ्चारका माध्यमहरूबाट संसारभरिका देशहरूका सङ्गति र संस्कृतिलाई नियाल्ने गरेका छन् । यी दुबै खालका युवाहरूलाई बाहिरका मन्डलीले सजिलै प्रभाव पारेका छन् । यी युवाहरूलाई मन्डलीमा टिकाउनको निम्ति त्यस्तै युवाहरूका नेतृत्व, प्रभावकारी प्रवचन, सङ्गतिको शैली र मन्डलीको कार्यक्रमहरू आवश्यक छ । यो हाम्रो मन्डलीका तत्कालीन अगुवाहरूका निम्ति ठुलो चुनौति हुने छ ।

## मन्डलीका चुनौतिहरूका समाधान

यी माथि उल्लेखित पाँच चुनौतिहरूका सामना वा समाधान गर्नको निम्ति हामीले पावलको सेवकाइको नमुनालाई पच्छयाउन सकिन्छ । पावलको सेवकाइको नमुना हामीले प्रेरितको पुस्तक र उनको तेह्रवटा पत्रहरूमा पाउँदछौं । नयाँ करारमा सबैभन्दा छोटो समयमा धेरै मन्डलीहरू स्थापना गर्ने व्यक्ति पावल नै हुन् । उनको मन्डली स्थापनाको यात्रालाई चारवटा यात्रामा विभाजन गर्न सकिन्छ । पहिलो यात्रामा उनले धेरै मन्डली स्थापना गरेका छन् । दोस्रो यात्रामा पहिलो यात्रामा स्थापना गरेका मन्डलीहरूका अवलोकन र थप शिक्षा दिएर केही नयाँ ठाउँमा मन्डली स्थापना गरे । तेस्रो यात्रामा फेरि पहिलो र दोस्रो यात्रामा स्थापना गरेका मन्डलीहरूलाई थप शिक्षा र उत्साह दिंदै अगुवाहरू नियुक्ति गर्दै थप मन्डलीहरू स्थापना गरे । तेस्रो यात्रामा

मन्डली स्थापना थोरै गरेर धेरै समय स्थापना भएको पुराना मन्डलीहरूलाई पत्रद्वारा शिक्षा दिने र मन्डलीमा उत्पन्न भएका समस्याहरूका समाधान गरेका छन्। चौथो यात्रामा मन्डली स्थापना गर्न नपाइकन जेलमा बस्नुपरेको छ। यही समयमा मन्डलीलाई पत्रद्वारा सैद्धान्तिक, व्यावहारिक र आत्मिक शिक्षा दिने काम गरे। उनको सेवकाइको नमुनाको विषेशताहरूलाई निम्न बुँदामा समेट्न सकिन्छ।

## १. पावलले स्वचालित र स्वपालित मन्डलीहरू स्थापना गरे

पावलको मन्डलीहरू हेर्दा छोटो समयमा सुसमाचार प्रचार गरी मन्डली स्थापना भए र स्थनीय अगुवालाई जिम्मा लगाए। पावलको दिमागमा मन्डली भन्नेबित्तिकै परमेश्वरबाट बोलावट पाएका वा संसारबाट अलग भएका मानिसहरूका समूह भन्ने हुन्थ्यो। पावलका मन्डलीहरू ससाना झुण्डमा वा घरेलु सङ्गतिको रूपमा थिए। मन्डली सञ्चालन गर्नको निम्ति भवन, पुल्पिट, संगितका सामग्रीहरू र कुर्सीहरू चाहिन्छन् भनेर कहिल्यै सिकाएनन्। पावलले स्थापना गरेका मन्डलीहरू पनि प्रेरित २:४२-४७ को जस्तै थिए। पावलको पत्रहरू पढ्दा थाहा हुन्छ कि कुनै पनि मन्डलीले हामीलाई सङ्गति गर्ने भवन, मादल, ड्रम, गितार, गलैंचा, कुर्सी आदि चाहिएको छ भनेर पत्र लेखेको पाइँदैन। बरु, पावलको मन्डलीले नयाँ ठाउँमा मन्डली स्थापना गर्ने मिसनरीहरू र गरिबहरूलाई आर्थिक सहायता गर्नको निम्ति केन्द्रीय मन्डली यरुसलेममा भेटी पठाएको पाइन्छ (१ कोर. १४:१-४)।

यसकारण, मन्डली स्थापना गर्ने व्यक्ति र मन्डलीले सङ्गति गर्ने भवन र सामग्रीहरू अरूबाट आशा गर्ने हैन। स्थानीय तबरमा नै व्यवस्था गर्न सक्यो भने मन्डली स्थापना गर्न कठिनाइ छैन। मन्डली वृद्धि हुँदै गएपछि अगुवाले मन्डलीको काममा धेरै समय दिनुपर्ने भएकोले अगुवाको आर्थिक खाँचो पहिचान गरी मन्डलीले आर्थिक सहयोग वा तलब दिन सक्यौं भने मन्डलीहरू निरन्तर अगि बडिरहन्छन्। पुरानो मन्डलीहरूले मन्डली स्थापना गर्ने व्यक्ति र नयाँ मन्डलीहरूलाई आर्थिक र आत्मिक सहायता गर्नुपर्दछ।

## २. पावलले चेलापन प्रक्रियाबाट अगुवा निर्माण र नियुक्ति गरे

पावलले मन्डली स्थापनासँगै अगुवा निर्माणमा ठुलो लगानी गरे। सुसमाचार सुनाएर मन्डली स्थापनासँगै पावलले अगुवा हुने लायकका व्यक्तिहरूलाई आफूसँगै हिंडाएर तालिम दिने काम गरे। पावलले अगुवा निर्माण गर्न तालिम केन्द्रमा पठाएनन्। तर उनले जे गरे सो देखाए र पछि उनीहरूलाई गर्न लगाए। यो येसुको नमुना पनि हो। हामीलाई थाहा छ। पावलका चेलाहरू सिलास, तिमोथी, तितस, फिलेमोन, फिबी र कति सहकर्मीहरू भनेर पनि सम्बोधन गरेका छन्। पावलले यिनीहरूलाई आफैसँग राखेर तालिम दिए, विभिन्न मन्डलीको समस्याहरू समाधान गर्न पठाएर तालिम दिए र पत्र लेखेर वा शिक्षा दिएर तालिम दिए। हामीले मन्डलीको अगुवा निर्माण गर्न विभिन्न तालिम केन्द्र र बाइबल कलेजहरूमा पठाउँछौं। जहाँ हाम्रो मन्डलीको भन्दा फरक शिक्षाहरू र तौरतरिकाहरू सिक्छन् त्यसपछि त्यो कुराहरू मन्डलीमा आएर प्रयोग गर्न खोज्छन्। तर सम्भव हुँदैन। त्यसपछि उनीहरूमा निराशा आउँछ। अनि अगुवाको विरोध गर्छन् वा आफै पछि हट्छन्। अर्को कुरो हामीले कति अगुवाहरूलाई परिपक्व नबनाईकन अगुवाको जिम्मेवारी दिन्छौं र उसमा घमण्डले

वास गरेपछि समस्या उत्पन्न हुन्छ । यसकारण अबको दिनमा अरूबाट उत्पादित अगुवाहरू खोज्ने हैन पहिचान गरेर चेलापन प्रक्रियाद्वारा निर्माण गरेर मात्र नियुक्ति गर्नुपर्दछ ।

## ३. पावलले मन्डलीलाई झुटो शिक्षा र विभाजनबाट जोगाउन शिक्षामा जोड दिए

पावलको समयमा पनि मन्डलीहरू भाँड्ने थुप्रै झुटा शिक्षाहरू थिए । तर पावलले खुल्ला रूपमा हरेक झुटा शिक्षाको खण्डन गरे । मन्डलीमा विभाजन आउँद पनि उनले शिक्षालाई नै जोड दिएको कुरा पाउँदछौं । कोरिन्थीको मन्डलीमा, कसैले म अपोलसको, कसैले म पावलको र कसैले म पत्रुसको, भनेर मन्डली भाँडेको बेला पावलले नम्रतासाथ भने, "मैले रोपें, अपोल्लसले पानी हाले, तर परमेश्वरले नै बढाउनुभयो । यसकारण रोप्ने केही होइन, न पानी हाल्ने केही हो, ...हामी परमेश्वरको सहकर्मी हौं, तिमीहरूचाहिं परमेश्वरका खेत हौ, परमेश्वरका भवन हौ" (१ कोर. ३:६-९) । यहाँ पावलले आफू मन्डलीको मालिक नभएर परमेश्वरको सेवकको रूपमा प्रस्तुत गरेका छन् ।

मन्डलीमा विभाजन आउने मुख्य कारण भनेकै हाम्रो घमण्ड र, मन्डली मेरो हो र मैले बनाएको हुँ, भन्ने कुराले गर्दा आउँदछ । मन्डली हामी अगुवाहरूका होइन । यो त परमेश्वरको हो । त्यसैले हामीले यसको निम्ति खिचातानी गर्नु एकले अर्काको खुट्टा तान्नु कुनै अवाश्यक छैन ।

अबको दिनमा हामीले शिक्षामा एकरूपता ल्याउनको निम्ति हामीले मन्डलीको विश्वास र विधिका कुराहरू निर्देशिकामा प्रकाशन गरेका छौं । सबै मन्डलीले यसको अध्ययन र प्रयोग गर्ने गरौं । अबको दिनमा केन्द्रीय मन्डलीले शनिबारको सङ्गतिमा नयाँ-नयाँ वक्ता खोज्ने होइन । तर मन्डलीका पास्टरहरूले वचन प्रचारमा मेहनत गरेर बाइबलीय सैद्धान्तिक र शिक्षामूलक प्रवचनहरू तयार गरी प्रचार गर्नु आवश्यक देखिन्छ । यो वचनलाई रेकर्ड गरेर अनलाइनको माध्यम र प्रकाशन गरेर हुलाकमार्फत् हरेक मन्डलीमा पुर्याउने प्रयास गर्नुपर्दछ । पावलको सम्पूर्ण पत्रहरू उनले स्थापना गरेका शाखा मन्डलीहरूलाई पठाएका प्रवचन नै हुन् । यसमा पावलले धर्मशास्त्र र येसुको शिक्षालाई व्याख्या गरेका छन् । नेपालमा पनि पाटन मन्डली र ज्ञानेश्वर मन्डलीले शाखा मन्डलीका अगुवाहरूलाई यसरी नै निर्माण गरिरहेका छन् ।

## ४. पावलले समय र मानिसअनुसार वचनको सन्दर्भीकरण गरे

पावल यहुदीहरूलाई जित्नको निम्ति यहुदीजस्तै बने, गैरहुदीहरूलाई जित्नको निम्ति गैरहुदीहरूजस्तै बने र दुर्बलहरूलाई जित्नको निम्ति दुर्बलहरूजस्तै बने (१ कोर. ९:२०-२३) । यसको अर्थ पावलले परमेश्वरको सत्य वचनलाई बङ्ग्याए भन्न खोजेको होइन । उनले मानिसहरूले बुझ्ने भाषा र संस्कृतिमा व्याख्या गरे । सबै मन्डलीलाई एउटै खालको संस्कृति होइन, तर एउटै शिक्षा दिए । त्यसैले अबको दिनमा मन्डलीमा गरिने विभिन्न सङ्गतिहरू, विधिहरू र कार्यक्रमहरू एउटै प्रकारको नभई मानिसहरूका समूहलाई मध्यनजर गरी सन्दर्भीकरण गर्नु आवश्यक हुन्छ । मन्डलीमा हुने विधिविधानहरू यस्तै हुनुपर्दछ भन्दा पनि वचनको सत्यतासँग सम्झौता नगरी अवस्था हेरेर गर्नुपर्ने हुन्छ । यो समयमा मानिसको निम्ति समय एकदमै महत्वपूर्ण भएको छ । हरेक कुरा घरघरमा डेलिभरी हुन्छन् । लामो यात्रा गर्ने समयमा उनीहरू अरू केही काम गर्न

सक्छन् । त्यसैले हामीले दिने सङ्गति पनि जतिसक्दो उनीहरूका समयमा स्थानमा डेलिभरी गर्नु अवाश्यक छ। यदि मन्डलीले धेरै दशांसको अपेक्षा राख्छ भने, उनीहरूलाई कमाउने समय पनि धेरै दिनुपर्दछ। विश्वासीले अगुवाको धेरै समय चाहन्छ भने विश्वासीले मन्डलीलाई धेरै आर्थिक सहायता गरी धेरै अगुवाहरू पनि थप्नुपर्ने हुन्छ।

## निष्कर्ष

बेथलेहेम मन्डली सुरु भएको पच्चिस वर्ष हुँदा तिसभन्दा बढी मन्डली स्थापना भएका छन्। अब ५० औं वर्ष पूरा गर्दा साठीभन्दा बढी मन्डली देख्नको निम्ति माथि उल्लेखित चुनौंतिहरूलाई सामना गर्न पावलको नमुनालाई पच्छयाउनुपर्ने देखियो। हामीले मन्डली सङ्ख्यात्मक हिसाबले मात्र स्थापना गर्ने हो भने, अबको पच्चिस वर्ष पछाडि यी भएका मन्डलीहरू पनि नहुन सक्छन्। अबको पच्चिस वर्षपछि हाल नेतृत्व गर्दै गरेका पास्टर अगुवाहरू उमेरको हिसाबले पनि नेतृत्व गर्न छाडिसकेका हुन्छन् । यी नेतृत्व गरिरहेका पास्टरहरूले आफूपछिको नेतृत्वकर्ताहरू वा चेलाहरू निर्माण गर्ने समय आएको छ । जवानहरूलाई मन्डली र नेतृत्वमा टिकाउन उनीहरूलाई नेपालमा कसरी राख्ने वा कसरी मन्डलीले लगानी गर्न सकिन्छ भनी सोच्ने बेला आएको छ। हामीले धेरैलाई बाइबल कलेज त पठायौं तर तिनीहरूलाई मन्डलीले कसरी टिकाउने भन्ने सोच्ने बेला आएको छ । उनीहरूले पनि विवाह गर्नुपर्ने र परिवार चलाउनुपर्ने हुन्छ । उनीहरूले सित्तैंमा सेवा दिन सक्दैनन् जसले गर्दा विदेश वा जागिर नखाई उपाय छैन । यसैले अबको दिनमा स्वस्थ मन्डली स्थापना अभियानमा लाग्नुपर्ने हुन्छ। सङ्ख्यात्मक र गुणात्मक दुबैलाई सँगै लानुपर्ने हुन्छ। हामीले मानिसको निम्ति विश्वासी थुपार्ने होइन, तर स्वर्गको निम्ति विश्वासी थुपार्नुपर्दछ।

**पा. नहकुल तामाङ (M.A./B.Th./B.A.)**
**मिशस पास्टर**
बेथलेहेम मन्डली नेपाल
nakultmg@gmail.com

हिमालयन बाइबल अध्ययन प्रतिष्ठान
Himalayan Bible Study Academy
GPO Box 13587,
Kathmandu, Nepal.
S.W.C. Affiliation No. 22747
Govt.Reg.No. 1331


# हार्दिक बधाई तथा शुभकामना !

नेपाली मन्डली इतिहासमा एउटा आयामको रूपमा बेथलेहेम मन्डली नेपाल, रामेछापको ठिन्केपु हुँदै, काठमाडौंलगायत विभिन्न जिल्लामा छरिंदै गर्दा यस मन्डली सुरु भएको २५ औं वर्ष पुगेको छ। यस रजत महोत्सवको उपलक्ष्यमा संस्थापक पा. दिनेश सुनुवार र सम्पूर्ण अगुवा, मुख्य मन्डली र शाखा मन्डलीहरूलाई अझ तीव्र वृद्धि र सफलताको हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छौं !

**हिमालयन बाइबल अध्ययन प्रतिष्ठान नेपाल परिवार**

पुतलीसडक, काठमाडौं।

# येसु जीवन दाता



**राजकुमार विसुन्खे**
बेथलेहेम कट्टि मण्डली

येसु मात्र हाम्रो मुक्तिदाता येसुमा सधैं लाग्नुपर्छ
संसारको थोकले तान्छ हामीलाई त्यसबाट टाढा भाग्नुपर्छ ।
येसुमा असम्भव केही छैन शुद्ध भई उहाँसँग मग्नुपर्छ,
परमेश्वरको असल सेना भै हामी आत्मामा सधैं जाग्नुपर्छ ।

हाम्रो हरेक अवस्थामा येसु मात्र हुन्छ साथमा,
हामीलाई राख्नुहुन्छ परमेश्वरले दाहिने हातमा ।
पर्न दिनु हुन्न उहाँले कहिल्यै पक्षाघातमा,
उहाँकै वचन निस्किनुपर्छ हामीले बोल्ने हरेक बातमा ।

संसारमा हेरौं आज अशान्तिले छाएको छ,
परमेश्वरको वचन अब पूरा हुने दिन आएको छ ।
हामी सबैले ख्रिस्टसँग माया प्रेम लगाएको छ,
चिन्त गर्नुपर्दैन हामीले अनन्त जीवन पाएको छ ।

हाम्रो लागि स्वर्ग छोडी येसु संसारमा आउनुभो,
मानिसबाट केवल उहाँले चोट मात्र पाउनुभो ।
हाम्रै निम्ति उहाँले शिरमा काँडे मुकुट लाउनुभो,
उहाँको प्रेम निश्वार्थ थियो हाम्रै गीत गाउनुभो ।

यस संसारमा पापी छौं हामी पश्चात्तापी भई जिउनुपर्छ,
संसारमा फाटेको हृदयलाई येसुमा आई सिउनुपर्छ ।
संसारको वचन हैन प्रिय ख्रिस्टको वचन पिउनुपर्छ,
संसारलाई हेर्ने हैन प्रिय येसुलाई हेरेर जिउनुपर्छ ।
आमेन!



**संगिता सुनुवार**
बेथलेहेम दिलौरी मण्डली

# कविता

ख्रीष्टिय जवान, जवानी हो, यात्र तिम्रो बाँकी नै छ,
विश्वासको पाइला चाल्दै जाऊ, सफलता तिम्रो निश्चय छ ।

आउछन् कति जीवनमा हार, तर हार भित्रै छ तिम्रो जित,
ढाडस तिमी बाँड्दै जाऊ, जयवन्त येशू साथमा छन् ।

आउँछन् धेरै उदास खिन्नता, निभाउनलाई तिम्रो आशा,
आशामा तिमी बढ्दै जाऊ, अनुग्रह प्रभुको प्रसस्त छ ।

जीवन दिने येशूलाई नभुल, संसारको ढाँचामा तिमी नचल,
ख्रीष्टको योद्ध तिमीनै हौ, ख्रीष्टकै निम्ति अघि बढ ।

संसारलाई नियाली हेर, आफै  बुझ्नेछौ यसको गति,
तिम्रो मेरो निम्ति केही छैन, येशू बाहेक मन मिल्दो साथी ।

हे युवा संसारलाई नरोज, पछुताउदै एक दिन रुनुपर्ला,
संसारको मायामा नभुल, ख्रीष्टको माया गुमाउनु पर्ला ।

# समर्पणको गीत



**शब्द/सङ्गीत/स्वर**
**पा. नोएल राई**
बेथलेहेम हैदे मन्डली, खोटाङ

हामी ख्रिस्टमा सधैं जिउने छौं
ऐकेबद्ध भई अघि बढ्ने छौं ।
यो देशमा
हाम्रो लक्ष्य हो । (२)

कहिले उकाली कहिले ओराली गर्दै
हामी यहाँ आइपुग्यौं ।
कहिले घाम कहिले झरी
कहिले बादल नभनी
हामीहरू आइपुग्यौं ।
हाम्रो लक्ष्यलाई
विजय विजय विजय भनौं
हामी सबैले (२)

आज म यो कुरा पूरा गर्ने छु
स्वस्थ चेला निर्माणमा अघि बढ्ने छु ।
हाम्रो विचार हाम्रो प्रार्थना सधैं भइरहोस्
निर्माणको अभियान सधैं रहिरहोस् ।
यो हाम्रो लक्ष्यलाई
विजय विजय विजय भनौं
हामी सबैले (२)


EDUCATION
is the passport to the future, for tomorrow belongs to those who prepare for it today
. Malcolm X
"For Mental, Physical, Spiritual & Social Development"
ZENITH ACADEMY SCHOOL / COLLEGE
+2
Management
Law & Humanities
HURRY UP!
+ 2 Management
Law
Salient Features
Highly qualified teachers
Small classes
Extensive sports programs
virtual classes
Reasonable fees
Individualized Attention
A relentless focus on teaching and learning.
OPEN ADMISSION
From Nursery to Grade 9
ZENITH ACADEMY
Estd. 1998
Education is the Eye of the Society
Madhyapur-3, Gatthaghar
Contact Us:
9849804237,
9862427759, 9851032791,
9851182405

# हार्दिक शुभकामना !

बेथलेहेम मन्डली नेपालले आफ्नो २५औं वर्ष पूरा गरेको अवसरमा आफ्नो मन्डलीको इतिहास र हालसम्म भए गरेको गतिविधी सम्बन्धी ऐतिहासिक स्मारिका २०७८ प्रकाशन गर्न लागेको हुँदा म, राष्ट्रिय प्रजातन्त्र पार्टीको केन्द्रीय सदस्य श्री आङ ङिमा शेर्पाको तर्फबाट बेथलेहेम मन्डली नेपालको उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछु ।



**श्री आङ ङिमा शेर्पा**
केन्द्रीय सदस्य
राष्ट्रिय प्रजातन्त्र पार्टी




# बधाई तथा शुभकामना !

बेथलेहेम मन्डली नेपालले आफ्नो २५औं वर्ष पूरा गरेको अवसरमा आफ्नो मन्डलीको इतिहास र हालसम्म भए गरेको गतिविध सम्बन्धी ऐतिहासिक स्मारिका २०७८ प्रकाशन गर्न लागेको हुँदा म, नेपाली काँग्रेस, रामेछाप जिल्लाको सभापति श्री पूर्ण बहादुर तामाङ (कान्छाराम)को तर्फबाट बेथलेहेम मन्डली नेपालको उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछु ।



**श्री पूर्ण बहादुर तामाङ (कान्छाराम)**
जिल्ला सभापति, नेपाली काँग्रेस
रामेछाप, नेपाल

# बधाई तथा शुभकामना !

बेथलेहेम मन्डलीका आदरणीय पास्टर गुरुबा दिनेश सुनुवार, अगुवा जनहरू र सम्पूर्ण विश्वासी जनहरूले प्रभुमा राखेको आशा, विश्वास, समर्पणता र अथक परिश्रमको फल आज मन्डली हुर्केर २५औं वर्ष पुगेको अवसरमा सर्वप्रथम त हार्दिक बधाई व्यक्त गर्न चाहन्छु। "साँच्चै, म तिमीहरूलाई भन्दछु, गहुँको दाना माटोमा परेर मरेन भने त्यो एउटै रहन्छ। तर त्यो मर्‍यो भने त्यसले धेरै फल फलाउँछ " यूहन्ना १२:२४ । आज बेथलेहेम मन्डली आत्मिक, भौतिक सबै प्रकारले बृद्धि भएर रजत महोत्सव (Silver Jubilee) मनाउने उमेर सम्मको हुँदा यस मन्डलीका अगुवा र विश्वासीहरूले कति धेरै रगत, पसिना र आफ्नो जीवनका अमूल्य समय बलिदान गरे, त्यो प्रभुलाई थाहा छ र त्यसको इनाम उहाँको समयमा दिनुहुनेछ । अन्तमा, बेथलेहेम मन्डलीलाई आगामी वर्षहरूका लागि प्रभुले दिनुभएको दर्शन पूरा गर्न प्रशस्त आशिष दिनुभएको होस् भनि हृदयदेखिको प्रार्थना र शुभकामना छ !!



**पास्टर ध्रुबकुमार परियार**

**समर्पित नेपाली मन्डली**

# जीवनको नदी अगुवापन तालिम
# जिरी, दोलखा, नेपाल



## River of Life Leadership Training
## Jiri, Dolakha, Nepal

**हाम्रो बारेमा :**
जीवनको नदी अगुवापन तालिम हिमालयन संयुक्त ख्रीष्टियन संगति नेपालद्वारा परमेश्वरको सेवा गर्ने बोझ र दर्शन भएको स्थानीय मण्डलीका पाष्टर, अगुवा एवं व्यक्तीहरुलाई तालिम दिन स्थापना गरिएको हो । यस तालिमको सुरुवाती दिनहरुमा सेवाकाई, परिवार साथै विभिन्न कारणले लामो समय धर्मशास्त्रीय तालिमको लागि शहर वा अन्य ठाउँ जान असमर्थ भएका पाष्टर, अगुवा एवं व्यक्तीहरुलाई आफ्नै ठाउँमा ग्रामिण सन्दर्भमानै अगुवापन तालिम प्रदान गर्नको लागी स्थापना भएको थियो । अहिले आएर यस तालिम केन्द्रमा नेपालका विभिन्न जिल्लाबाट तालिमको लागी सहभागी आउने गरेका छन् । दोलखाको जिरीमा अवस्थित जीवनको नदी अगुवापन तालिम नेपालको हिमाली क्षेत्रमा रहेको पहिलो आवशीय तालिम केन्द्र हो र यसले सन् २००७ देखी स्थानीय मण्डलीहरुलाई सेवा दिइरहेको छ । जीवनको नदी अगुवापन तालिम केन्द्रले परमेश्वरको वचनमा आधारित पाँच देखि दश महिनाको आवाशीय धर्मशास्त्रीय नेतृत्व विकास सम्बन्धि कार्यक्रम संचालन गर्दछ । स्थानीय मण्डलीहरुको अवस्था अनुकुल, स्थानिय सन्दर्भमा, राम्रो प्रशिक्षित, अनुभवी शिक्षक र पास्टरहरुद्वारा, अभिभावकीय हेरचाह, घरेलु र आत्मिक वातावरणमा प्रशिक्षण दिईन्छ । कुनै सम्प्रदायको प्र्वाह नगरी, सबै ईच्छुक व्यक्तीहरु, तालिमको अवसर नपाएकाहरु र सेवाको बोलावट भएका सहभागीहरु यस तालिमको प्राथमिकतामा पर्दछन् ।

**मिशन :** जीवनको नदी अगुवापन तालिमको मिशन भनेको हिमालयमा बढ्दो मण्डलीको लागि स्थानिय अगुवाहरुलाई सुसज्जित, सशक्त र शक्तिशाली बनाउनु हो ताकि उनिहरुले ख्रीष्टको जीवन परिवर्तन गर्ने सुसमाचार साथ संसारलाई प्रभाव पार्न परमेश्वरको वचनलाई साहसकासाथ घोषणा गर्न सकुन् ।

**दर्शन :** जीवनको नदी अगुवापन तालिमको दर्शन भनेको परमेश्वरको वचनको गहिरो बुझाईद्वारा हरेक परमेश्वरको सृष्टि जीवित परमेश्वरसँग साँचो सम्बन्धमा पुनर्स्थापित भएको देख्नु हो ।













**उद्देश्यहरु :**
- हरेक अगुवा परमेश्वरको वचनमा गहिरो जरा गाडेको र परमेश्वरको वचनलाई ठीकसँग प्रयोग तथा प्रचार गरको देख्ने ।
- परमेश्वरको वचनप्रति उनीहरुको प्रेम र प्रतिबद्धता, येशू ख्रीष्टप्रतिको सर्मपणता, र महान आज्ञाप्रति उत्तरदायित्वको भावनालाई गहिरो बनाउने ।
- हिमाली भेगका मण्डलीहरुमा योग्य अगुवाहरु निर्माण गरि विश्वासीलाई आत्मिक परिपक्वतामा डोऱ्याई नयाँ ठाउँमा मण्डली स्थापन भएको देख्ने ।
- परमेश्वरको महान आज्ञा र सेवाकाई प्रतिको मनोस्थिति विकास गर्ने ।

**मुल्य र मान्यताहरु :**
- परमेश्वरको वचन र व्यावहरिक शिक्षामा जोड् दिनु ।
- कुनै पनि सम्प्रादायलाई खलल नपुऱ्याई स्थानीय मण्डलीहरुसँग गहिरो सम्बन्ध निर्माण र सहकार्य गर्नु ।
- स्थानिय स्रोत, साधन, र जनशक्तिको उच्चतम प्रयोग गरि सर्मपित, सक्षम सेवक अगुवा निर्माण गर्नु ।
- सामुहिक नेतृत्वमा जोड दिनु ।
- नेतृत्व विकासको साथसाथै सिपमुलक तालिम प्रदान गर्नु ।

## पाठ्यक्रम सामाग्रीहरु

व्यक्तिगत आत्मिक विकास
शान्त समय, प्रार्थना र आराधना
बाईबल अध्ययन विधि
ख्रीष्टियन विश्वासको आधरभूत सिद्धान्तहरु
पवित्रआत्मा र वरदानहरु
आत्मिक लडन्त
सुसमाचार प्रचार
चेलापन

नयाँ करारको सर्वेक्षण
पुरानो करारको सर्वेक्षण
ख्रीष्टको जीवनी र सेवाकाई
पावलका पत्रहरु
वचन प्रचार विधि
ख्रीष्टियन मण्डली ईतिहास
ख्रीष्टियन सेवाकाईको सिद्धान्त
संसारका प्रमुख धर्महरु

बाईबलिय/सेवामुखी अगुवापन
पाष्टरीय वास्ता र परामर्श
मण्डली प्रशासन
ख्रीष्टयन नैतिकता

ख्रीष्टियन परिवार
द्वन्द व्यवस्थापन
मण्डली स्थापना
मिसन

## कसले आवेदन दिन सक्छ त ?

- परमेश्वरको वचन अध्ययन गर्न इच्छुक र सेवाको लागी स्पष्ट बोलावट पाएका मण्डलीको व्यक्ति एवं अगुवाहरु ।
- स्थानीय मण्डलीको सर्मथन र सिफारिस गरेको साथै आफ्नो मण्डलीप्रति उत्तरदायी भएको व्यक्ति एवं अगुवाहरु ।
- नेपाली अक्षर रामोसँग पढ्न, लेख्न र बुझ्न सक्ने क्षमता भएका ।
- २० वर्ष उमेर वा सो भन्दा माथिका पुरुष र महिला दुबै जसले भविष्यमा अरुलाई तालिम दिन सक्षम हुनेछ ।


**सम्पर्कको लागि :**

*जीवनको नदी अगुवापन तालिम*
*जिरी न.पा. ६, दोलखा, नेपाल*
*ईमेल : **hucfn.nepal@gmail.com***
*फोन नं. : ०४९४१४०७८, ९८४४४०७०७३*

Big Congratulations and Best wishes to Founder Pastor Dinesh Sunuwar, Elder Board Members, and entire congregation of Bethlehem Church Nepal on its 25th Anniversary Celebration. Bethlehem Church Nepal may have started from humble beginnings, it is amazing to see how it has brought together such a large faith community over the years in diverse cities and mountainous villages of Nepal.

On this blessed anniversary occasion of the church's founding, I'd like to congratulate you on bringing so many souls into His Kingdom through rigorous evangelism, discipleship, and church planting ministries. While the church buildings may be only bricks and stone, the members in the community it houses makes it shine like a house of gold. As you enter new phase of years as a bride of Christ, I thank God and continually pray for various ministries of Bethlehem Church Nepal, so that you can grow from one level of glory to another gluing together believers by the love of God.
God bless all!

**Pastor Norbu Tamang**
Christian Community Friends Church
Columbus, Ohio - USA



## हाम्रो दर्शन

परमेश्वरको वचन अनुसार जिउने स्वस्थ मन्डली स्थापना अभियान चलिरहेको देख्नु हो । –प्रकाश ३:८

## हाम्रो मिशन

नेपालको विभिन्न ठाउँमा चेला निर्माण प्रक्रियाद्वारा, जीवन रूपान्तरण र स्वस्थ मन्डली स्थापना गर्नु हो । –मत्ती २८:१९–२०




प्रकाशक:

**बेथलेहेम मन्डली नेपाल**

केन्द्रीय मन्डली: कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ६,

मूलपानी, काठमाडौं, नेपाल

Email: bethlehemchurch18@gmail.com

Web: www.bethlehemchurchnp.org